सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१८ माघ २०८२, आइतबार (1 Jan 2026, Sunday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २८३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

ललितपुरका तीनवटै क्षेत्र आफ्नो पक्षमा पार्न चार दलबिच रस्साकस्सी

चुनावी कमान्डर तोकेर कांग्रेस, एमाले, नेकपा र रास्वपा चुनावी मैदानमा

● **के भन्छन् चार दलका नेता ?**



तीन निर्वाचन क्षेत्र रहेको ललितपुरमा दुई लाख ६९ हजार २५६ मतदाता छन् । जसमध्ये एक लाख ३१ हजार ५४९ महिला र एक लाख ३७ हजार ७०७ पुरुष छन् । तीन क्षेत्रमा १३१ मतदानस्थल र ३१८ मतदान केन्द्र तोकिएका छन् ।

(विस्तृत पृष्ठ ३)

चक्रपथ दोस्रो खण्डको निर्माणमा लाग्ने सबै करमा चीनलाई छुट



सरकारले पहिलो खण्ड कोटेश्वर-एकान्तकुना-कलंकीमा जस्तै दोस्रो खण्डको विस्तारमा पनि सबै प्रकृतिको कर छुट दिने भएको हो

(विस्तृत पृष्ठ ७)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

दलहरूले कस्तो ल्याउँदै छन् घोषणापत्र ?

विगतमा घोषणापत्रलाई 'कर्मकाण्डी' र 'सपना बेच्ने दस्ताबेज'का रूपमा पस्कँदै आएका दलहरूको दाबी छ- यसपटक जेन-जीका मुद्दा समेटिएको, छोटो, बुलेटयुक्त र यथार्थपरक घोषणापत्र ल्याउँछौं

कांग्रेस

बुलेट घोषणापत्र र कार्यान्वयनमा जोड

कांग्रेस सभापति गगन थापाको संयोजकत्वमा घोषणापत्र लेखन हुँदै, माघ अन्तिम साताभित्र सार्वजनिक गर्ने तयारी । आर्थिक उन्नति, विकास-निर्माण, सामाजिक न्याय र जेन-जीका रूपान्तरणकारी मागलाई प्राथमिकतामा राख्ने ।



● **पुष्पा भुसाल**, उपसभापति

नयाँ पुस्ताले खोजेका रूपान्तरणको विषय घोषणापत्रमा समेटिनेछ । आर्थिक समृद्धिसहित भौगोलिक विविधताअनुसार अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना पनि ल्याउँछौं । प्रतिफल देखिने कार्यक्रममै हाम्रो ध्यान छ ।

एमाले

छोटो र कार्यान्वयनयोग्य घोषणापत्र बनाउँदै

अध्यक्ष केपी ओलीको नेतृत्वमा घोषणापत्र बनाउँदै, फागुन पहिलो साताभित्र सार्वजनिक गर्ने तयारी । समृद्धि, सुशासन र दिगो विकासमार्फत जनताको समृद्धि र सुखको चाहनालाई पूरा गर्ने कार्यक्रम ल्याउने, जेन-जी आन्दोलनपछिको सन्देश पनि समेटेने ।



● **नीरज आचार्य**, नेता

बुद्धिजीवी, प्राध्यापक र विज्ञहरूसँग सुझाव मागिएको छ । ०७९ को घोषणापत्रका के-के विषय समेट्ने भन्ने छलफल भएको छ । मूलतः जनताको समृद्धि र सुखको चाहनालाई पूरा गर्ने गरी घोषणापत्रलाई विगतभन्दा छोटो, वस्तुवादी बनाउने तयारी छ ।

नेकपा

सामाजिक न्याय, शुसासन र समृद्धिमा केन्द्रित

वरिष्ठ नेता नारायणकाजी श्रेष्ठको संयोजकत्वमा लेखिँदै, माघभित्रै सार्वजनिक गर्ने तयारी । सामाजिक न्याय, सुशासन र समृद्धिको विषय मुख्य गरी समेट्ने, राष्ट्रियता लोकतन्त्र र संविधानको रक्षाको विषय पनि प्रधान, जनजीविकाको विषयमा ध्यान ।



● **अग्नि सापकोटा**, नेता

सामाजिक न्याय, सुशासन र समृद्धिको विषय मुख्य गरी समेट्नेछौं । राष्ट्रियता, लोकतन्त्र र संविधानको रक्षाको विषय पनि अहिले प्रधान भएको छ । जनजीविकाको विषयमा विशेष ध्यान दिनेछौं । रोजगारी, शिक्षा र स्वास्थ्यको विषय प्राथमिकतामा रहनेछन् ।

रास्वपा

पाँचखम्बे 'बाचापत्र' र लागतसहितको प्रतिबद्धता

उपसभापति डा. स्वर्णिम वाग्लेको संयोजकत्वमा घोषणापत्र लेखिँदै, फागुन पहिलो सातासम्म ल्याउने तयारी । न्याय, अर्थ, निर्माण, लोककल्याण र अस्तित्व गरी पाँचखम्बे अवधारणा । तत्कालीन कार्ययोजनासहित १८ वर्षे दीर्घकालीन भिजन पनि ।



● **डा. स्वर्णिम वाग्ले**, उपसभापति

रास्वपालाई अब किन छान्ने भन्ने पाँचवटा तर्क प्रस्तुत हुन्छन् । न्याय, अर्थ, निर्माण, लोककल्याण र अस्तित्वका खम्बामार्फत नेपाल कहाँ छ, दुई-चार वर्षमा कहाँ पुग्याउँछौं र विसं २१०० सम्म कहाँ पुग्याउने हो भन्ने १८ वर्षे दीर्घकालीन भिजन पनि दिनेछौं ।

राप्रपा

राजसंस्था पुनर्स्थापनाको मुद्दा प्राथमिकतामा

अध्यक्ष राजेन्द्र लिङ्देनको नेतृत्वमा घोषणापत्र बनाउँदै । माघभित्रै सार्वजनिक गर्ने तयारी । राजसंस्थाको पुनर्स्थापना, हिन्दु राज्य स्थापना र प्रदेश खारेजीलाई प्राथमिकताका साथ समेट्ने । जनजीविकासहित आर्थिक रूपान्तरणको कार्यक्रम पनि समावेश ।



● **मोहन श्रेष्ठ**, प्रचार विभाग प्रमुख

राजसंस्थालाई अभिभावकका रूपमा राख्ने, हिन्दु राज्य कायम गर्ने, प्रदेश खारेज गर्नेजस्ता दीर्घकालीन प्रकृतिका राजनीतिक मुद्दालाई घोषणापत्रमा समावेश गर्दै छौं । जनजीविकाको सवाल र आर्थिक रूपान्तरणको कार्यक्रम समावेश गरेर ल्याउँदै छौं ।

प्रेम गौतम, शुरोजंग पाण्डे, कमलराज भट्ट/नयाँ पत्रिका

प्रतिनिधिसभा निर्वाचनका लागि उम्मेदवारी मनोनयन टुंग्याएर चुनावी अभियानमा होमिएका दलहरू घोषणापत्रलाई अन्तिम रूप दिने तयारीमा छन् । घरदैलो र मतदाता भेटघाटसँगै यसपटक उनीहरूले जेन-जीका मुद्दा समेटिएको, छोटो, बुलेटयुक्त र यथार्थपरक घोषणापत्र सार्वजनिक गर्ने गृहकार्य तीव्र पारेका छन् । विगतमा दलहरूको घोषणापत्र 'कर्मकाण्डी' र 'सपना बेच्ने दस्ताबेज' मात्रै आएको भन्दै आलोचना हुने गरेको थियो ।

विगतका महत्त्वाकांक्षी तर व्यवहारमा लागू हुन नसकेका घोषणापत्रबाट पाठ सिक्दै दलहरूले यसपटक राजनीतिक स्थिरता, सुशासन, रोजगारी, शिक्षा-स्वास्थ्य र जेन-जीको बढ्दो असन्तुष्टि सम्बोधन गर्ने कार्यक्रम समेट्ने प्रयास गरेको दाबी गरेका छन् ।

» पृष्ठ २ मा क्रमशः



■ अरू दलको तयारी के छ ?



जसपा नेपालले २४ बुँदे अवधारणापत्र सार्वजनिक गरेको छ । घोषणा पत्रमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था मजबुत र थप संस्थागत गर्ने, पहिचान र सामर्थ्यका आधारमा १० प्लस १ को अवधारणामा राज्य पुनर्संरचना गर्ने, संविधान संशोधनमार्फत पूर्ण समानुपातिक निर्वाचन प्रणाली र प्रत्यक्ष निर्वाचित कार्यकारी व्यवस्थालगायत एजेन्डा समेटिनेछ । यस्तै, उज्यालो नेपाल पार्टीले मुख्य एजेन्डा आर्थिक समृद्धि बनाएर घोषणापत्र लेख्दै छ । शासकीय स्वरूपमा परिवर्तन, प्रदेशमा प्रत्यक्ष निर्वाचित कार्यकारी मुख्यमन्त्री, पाँच वर्ष स्थायी सरकार, संघमा पनि पाँच वर्ष टिक्ने सरकार, दलविहीन स्थानीय तहजस्ता विषय समेटेर घोषणापत्र ल्याउन थालिएको सो पार्टीको भनाइ छ । श्रम संस्कृति पार्टीकी सचिव सुम्निमा पारुहाङका अनुसार पार्टीको घोषणापत्र सार्वजनिक भइसकेको छ । जहाँ लोकतन्त्र, संघीयता, प्रत्यक्ष कार्यकारी राष्ट्रपतीय शासन प्रणाली भनिएको छ । समानुपातिक, समावेशी, धर्मनिरपेक्ष राज्य भनिएको छ । हर्कवाद (प्रकृति, संस्कृति र प्रविधि) सिद्धान्त अँगालिएको छ ।

www.laminartiles.com

#LAMINAR
is
VITRIFIED
now
N.S. CERTIFIED
#LiveBetter



Laminar Tiles | Laminar Tiles | Laminar Tiles | laminartiles | laminartiles | laminartiles | laminar.tiles

नेपाल गुणस्तर प्रमाण चिह्न
N.S. 617

Factory & Exhibition Center
Gulariya Nagarpalika-8, Bardiya
Google Map Code: 59Q3+9V Gulariya

Experience Center
1st Floor, Uttar Dhoka Road, Kathmandu
Google Map Code: P89F+2MQ Kathmandu

Customer Care No.
+977 9802364639
info@laminartiles.com

FOR MORE INFO

प्रश्न गर्नेहरू जवाफ दिने यात्रामा

जो पत्रकारिताबाट सांसदको उम्मेदवार बनेर राजनीतिमा होमिए



भक्तपुर २
कबिर राणा



रौतहट ४
ऋषि धमला



ललितपुर २
जगदीश खरेल



भक्तपुर २
जन्मदेव जैसी



भक्तपुर २
राजीव खत्री



धनुषा ३
दिवाकर शाह



काठमाडौं ९
रोशन दानी

यीबाहेक सक्रिय पत्रकारितालाई बिराम दिएर निर्वाचनमा होमिएका पत्रकार बाराकी प्रियंका दास, सिन्धुपाल्चोकका प्रमोद न्यौपाने, जुम्लाका मनऋषि धिताल, हुम्लाका दीपेन्द्र रोकाय र कञ्चनपुरका ज्ञानेन्द्र महता पनि हुन् । त्यसमध्ये दास कांग्रेसबाट, न्यौपाने र महता रास्वपाबाट समानुपातिक उम्मेदवार हुन् । धिताल प्रगतिशील लोकतान्त्रिक पार्टीको तर्फबाट जुम्ला १ बाट उम्मेदवार छन् । त्यस्तै, रोकाय नेपाली कम्युनिस्ट पार्टीका तर्फबाट हुम्लामा उम्मेदवार छन् ।

टेकराज थामी/नयाँ पत्रिका

भक्तपुर- २ मा कांग्रेसको तर्फबाट प्रतिनिधिसभा सदस्यको उम्मेदवार छन् कविर राणा । ३७ वर्ष सक्रिय पत्रकारिता गरेका उनले सांसदको टिकट पाएपछि यात्रा बदले । ०४६ देखि पत्रकारितामा आबद्ध राणा अनवरत प्रश्न बोकेर हिँडिरहे । सरकारको खबरदारी गरे, अख्तियारको दुरुपयोग गर्नेहरूविरुद्ध प्रश्न उठाए । राजनीतिक दल र नेतालाई जवाफदेही बनाउन घच्चचाए । तर, प्रश्नको चित्तबुझ्दो जवाफ नपाएको बताउने उनी अन्ततः आफैं जवाफ दिने ठाउँमा पुग्न खोज्दै छन् ।

'मैले ३७ वर्षसम्म निरन्तर पत्रकारिता गरैं । रिपोर्टरदेखि पत्रिकाको प्रधानसम्पादकसम्म भएँ । सरकार र नेताहरूलाई जनताप्रति उत्तरदायी हुन प्रश्न गरिरहैं । तर, चित्तबुझ्दो जवाफ आएन । जनताले चाहेको काम भएन । राजनीतिमा मेरो प्रवेश यही समस्या चिर्न हो,' राणा भन्छन् ।

परिवर्तनको दृष्टिकोणबाट ०४६ नयाँ पानीढलो बन्यो । ३० वर्षे पञ्चायती शासन व्यवस्था सधैंका लागि अन्त्य भयो । सबैले सोचेका थिए, अब मुलुकमा विकासको मूल फुट्नेछ । उद्योगधन्दा फस्टाउनेछन्, रोजगारी बढ्नेछ । त्यति वेला युवावस्थाका राणालाई पनि यो सपनाले तानेको थियो । तर, ३७ वर्षसम्म मुलुकले आशातीत फड्को मार्न सकेन । नयाँ पुस्ताको काँधमा आएको कांग्रेसले अब यो जिम्मेवारी पूरा गर्ने राणाको 'राजनीतिक स्टेटमेन्ट' छ ।

'मैले पत्रकारिता सुरु गरेकै समयमा मुलुकमा राजनीतिक परिवर्तन भयो । तर, नागरिकले आशा गरेअनुसार विकासको मूल फुटेन । यो अभिभारा अब बदलिएको कांग्रेसले पूरा गर्न सक्ने भनेर म कांग्रेसमा जोडिएको हुँ ।'

हरदिन प्रश्न गरेर ३७ वर्ष गुजारेका अर्का पत्रकार ऋषि धमलाले पनि ६ माघमा एकाएक यात्रा बदले । रौतहट- ४ मा आम जनता पार्टीबाट प्रतिनिधिसभा सदस्य उम्मेदवार बनेका उनले एकचरण प्रचारप्रसार पनि भ्याइसकेका छन् । ऋषिको पत्रकारिता यात्रा हकरदेखि सुरु भएर टेलिभिजनको मालिकसम्म पुग्यो । टेलिभिजन सञ्चालक भए पनि उनी अन्तिम दिनसम्म पनि निरन्तर रिपोर्टरकै रूपमा सक्रिय रहे । पत्रिका, रेडियो र टेलिभिजनको पर्दाबाट नेतासँग जवाफ मागे । तर, अब उनी आफैं जवाफ दिने सदनमा पुग्न चाहन्छन् ।

'जीवनमा जति हासिल गरैं, ३७ वर्षदेखि गरेको पत्रकारिताबाटै गरैं । यो अवधिमा धेरैसँग प्रश्न गरैं । तर, अब म जवाफ दिने ठाउँमा पुग्न चाहन्छु । राजनीतिलाई नै निरन्तरता दिन्छु,' उनले भने ।

ललितपुर- २ बाट उम्मेदवार रहेका जगदीश खरेललाई सक्रिय पत्रकारिता गर्दागर्दै मन्त्री बन्ने अवसर मिल्यो । चार महिना चुनावी सरकारको मन्त्री खाएका खरेल रास्वपाबाट टिकट लिएर मैदानमा उत्रिएका छन् ।

खरेलले २५ वर्षसम्म इमेज टेलिभिजनको स्टुडियोमा उभिएर धेरै नेतालाई प्रश्न गरे । जनताप्रति उत्तरदायी बन्न निरन्तर घचघच्याए । तर, देश र जनताको परिस्थिति नबदलिएको भन्दै उनी आफैं बदल्ने भूमिकामा होमिएका छन् ।

'मैले देशका धेरै जिम्मेवार नेतासँग टेलिभिजन सेटमा प्रश्न गरैं । उनीहरूसँग जवाफ मागैं । अब म भूमिका बदलेर प्रश्न गर्ने ठाउँबाट जवाफ दिने यात्रामा हिँडेको छु । जनतालाई चित्तबुझ्दो जवाफ दिने मेरो लक्ष्य हो ।'

जन्मदेव जैसी, सधैं बागी छवि । २२ वर्षदेखि सक्रिय पत्रिकारितामा रहेका उनी पनि राजनीतिमा होमिएका छन्, भक्तपुर- २ बाट उम्मेदवारी दिएर । श्रमजीवी पत्रकारका मुद्दामा सधैं अग्रमोर्चामा उभिएर विद्रोह गरेका उनी अब संसद् पुग्न चाहन्छन् । प्रगतिशील लोकतान्त्रिक पार्टीबाट टिकट पाएका उनले अब संसद् गएर आममजदुरका आवाज बोल्ने बताए ।

'२२ वर्षसम्म पत्रकारिता गरैं । यो अवधिमा श्रमजीवी पत्रकारको पक्षमा आवाज उठाएँ । मालिकको नजरमा म सधैं बागी बनैं,' उनले भने, 'अहिले म भक्तपुरमै बस्छु, भक्तपुरबाटै टिकट पाएको छु । यो मजदुरहरूको जिल्ला हो । मजदुरको समस्या बुझ्ने मबाहेक उपयुक्त उम्मेदवार छैनन् । यसैका लागि मेरो उम्मेदवारी हो ।'

पत्रकारिता छाडेर राजनीतिमा होमिएका राजीव खत्री पनि भक्तपुर- २ मै चुनावी प्रतिस्पर्धामा छन् । रास्वपाबाट टिकट पाएका उनले २० वर्ष सक्रिय पत्रकारिता गरे । पछिल्लो समय न्युज २४ टेलिभिजनमा काम गर्दै थिए । भूमिका बदल्दै रास्वपा प्रवेश गरेका उनले टिकट पनि पाइहाले ।

'प्रश्न धेरै गरियो, तर जवाफ कार्यान्वयन भएको पाइनँ,' उनले भने, 'अब आफैं जवाफ दिने ठाउँमा गएर कार्यान्वयन पनि गर्ने उद्देश्य लिएर राजनीतिमा होमिएको छु ।'

धनुषा- ३ मा स्वतन्त्र उम्मेदवारी दिएका दिवाकर शाह पनि ५ माघसम्म पत्रकारितामै सक्रिय थिए । रिपोर्टिङका क्रममा भुइँमान्छेका समस्या नजिकबाट बुझेको भन्दै उनले ती समस्याको समाधान खोज्न राजनीति रोजेको बताए । 'पटक-पटक जनताको मत लिएर गएका सांसद मन्त्री बने, तर जनताको समस्या जस्ताको तस्तै छ,' उनले भने, 'म सदनमा पुगेँ भने उनीहरूको आवाज उठाउनेछु, समस्या सम्बोधन गर्न पहल गर्नेछु ।'

काठमाडौं- ९ मा जनमोर्चाबाट उम्मेदवार रहेका रोशन दानी पनि पत्रकार हुन् । '२० वर्षदेखि पत्रकारितामा होमिएर विभिन्न साप्ताहिक, मासिक र टेलिभिजनमा काम गरैं । पत्रकारको प्रश्नले खबरदारी त गर्छ, तर नागरिकलाई डेलिभरी दिन राजनीति नै गर्नुपर्दोरहेछ । जनताको सेवामा समर्पित हुन राजनीति रोजेको हुँ,' उनले भने ।

यीबाहेक सक्रिय पत्रकारितालाई बिराम दिएर निर्वाचनमा होमिएका पत्रकार बाराकी प्रियंका दास, सिन्धुपाल्चोकका प्रमोद न्यौपाने, जुम्लाका मनऋषि धिताल, हुम्लाका दीपेन्द्र रोकाय र कञ्चनपुरका ज्ञानेन्द्र महता पनि हुन् । त्यसमध्ये दास कांग्रेसबाट, न्यौपाने र महता रास्वपाबाट समानुपातिक उम्मेदवार हुन् । धिताल प्रगतिशील लोकतान्त्रिक पार्टीको तर्फबाट जुम्ला- १ बाट उम्मेदवार छन् । त्यस्तै, रोकाय नेपाली कम्युनिस्ट पार्टीका तर्फबाट हुम्लामा उम्मेदवार छन् ।

प्रतिनिधिसभामा मुलुकभर उम्मेदवार बनेका पत्रकारहरूको यकिन संख्या नेपाल पत्रकार महासंघसँग पनि छैन । महासंघ महासचिव रामप्रसाद दाहाल पत्रकारले पत्रकारिताबाट अलग भएर मात्रै राजनीतिमा प्रवेश गर्नु ठिक भएको बताए । 'यो निर्वाचनमा धेरै पत्रकार उम्मेदवार बनेका छन् । कति उम्मेदवार बने त्यसको तथ्यांक छैन । पत्रकार राजनीतिमा लाग्नु बेठिक होइन । तर, उनीहरू पत्रकारिताबाट भने अब अलग हुनुपर्छ । किनकि पत्रकारिता र राजनीति सँगै जान सक्दैन,' उनले भने ।

■ पूर्वपत्रकार पनि राजनीतिमा

हाल राजनीतिमा सक्रिय पूर्वपत्रकारको संख्या अझ धेरै छ । रास्वपा सभापति रवि लामिछाने पत्रकारिताबाटै राजनीतिमा छिरेका हुन् । उनी चितवन- २ का उम्मेदवार हुन् । नेकपाबाट काठमाडौं- १० मा उम्मदेवार बनेकी रूपा महर्जन पनि पूर्वपत्रकार हुन् । अजबाबु सिवाकोटी दोलखामा उम्मेदवार छन् । उनी पनि पूर्वपत्रकार हुन् । राप्रपाबाट काठमाडौं-६ का उद्धवराज भेटवाल पनि पूर्वपत्रकार हुन् । राप्रपाबाटै झापा-२ मा उम्मेदवार बनेका स्वागत नेपाल पनि पूर्वपत्रकार हुन् । त्यस्तै, प्युठानबाट एमाले उम्मेदवार सूर्य थापा तथा रास्वपाबाट उम्मेदवार बनेका कञ्चनपुर-२ का दीपक बोहरा, चितवन-३ की सोबिता गौतम र झापा-२ की निशा डाँगी पनि पूर्वपत्रकार नै हुन् ।



● रामप्रसाद दाहाल
महासचिव, नेपाल पत्रकार महासंघ

यो निर्वाचनमा धेरै पत्रकार उम्मेदवार बनेका छन् । कति उम्मेदवार बने त्यसको तथ्यांक छैन । पत्रकार राजनीतिमा लाग्नु बेठिक होइन । तर, उनीहरू पत्रकारिताबाट भने अब अलग हुनुपर्छ । किनकि पत्रकारिता र राजनीति सँगै जान सक्दैन ।

निर्वाचन प्रहरीको नियुक्तिपत्र बुझ्न लाइनमा



बर्दिया/ निर्वाचन प्रहरीका लागि छनोट भएपछि नियुक्ति पत्र लिन बर्दिया जिल्ला प्रहरी कार्यालय गुलरियामा शनिबार भिड लागेको छ । शारीरिक परीक्षण तथा लिखित र मौखिक परीक्षामा उत्तीर्ण भएकाहरूलाई जिल्ला प्रहरी कार्यालयले आवश्यक कागजातसहित बोलाएपछि नियुक्ति लिन बोलाएको थियो ।

२१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि निर्वाचन प्रहरी हुन बर्दियामा चार हजार चार सयजनाले आवेदन दिएका थिए । जसमध्ये दुई हजार २५ जनाको नाम निस्किएको छ । सबै परीक्षामा पास भएर नाम निस्किएका सम्पूर्ण परीक्षार्थीलाई निर्वाचन प्रहरीको प्रवेशपत्र, नागरिकताको सक्कल, स्थायी लेखा नम्बर, राष्ट्रिय परिचयपत्र, दुईवटा फोटोसहित उपस्थिति हुन भनिएको जिल्ला प्रहरी कार्यालय बर्दियाका प्रहरी नायब उपरीक्षक देवेन्द्रकुमार मल्लले बताए ।

छनोट भएका दुई हजार २५ मध्ये एक हजार ८२६ जना नेपाल प्रहरीको मातहतमा रहने भएका छन् भने १९९ जना सशस्त्र प्रहरी बलको मातहतमा रहनेछन् ।

निष्पक्ष निर्वाचनका लागि सहकार्य र समन्वय गर्न प्रमुख जिल्ला अधिकारीलाई गृहमन्त्रीको निर्देशन

काठमाडौं/ गृहमन्त्री ओमप्रकाश अर्याललले प्रतिनिधिसभा निर्वाचनपूर्व र निर्वाचनको अवधिमा स्थानीय जनप्रतिनिधिसँग सहकार्य र समन्वय गर्दै अघि बढ्न प्रमुख जिल्ला अधिकारी तथा जिल्ला सुरक्षा समितिका पदाधिकारीहरूलाई निर्देशन दिएका छन् ।

आसन्न प्रतिनिधिसभा निर्वाचनको तयारी तथा जिल्लाको समग्र वस्तुस्थितिबारे जानकारी लिन गृहसचिव तथा मन्त्रालयका उच्च अधिकारीसहित काभ्रेपलाञ्चोकको धुलिखेल पुगेका मन्त्री अर्याललले स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन गराउन निर्देशन दिएका हुन् ।

गृहले हालै मात्र सार्वजनिक गरेको 'सुव्यवस्थित निर्वाचन व्यवस्थापनका लागि वडा तहसम्म समन्वय र सहकार्य अभिवृद्धि गर्नेसम्बन्धी अवधारणा, २०८२ 'लाई कार्यान्वयन गर्ने सम्बन्धमा प्रजिअ र जिल्ला सुरक्षा समितिका पदाधिकारीहरूलाई उनले निर्देशन दिएका हुन् ।

एभरेष्ट बैंक लिमिटेडको सातदोबाटो शाखाको
कार्यालय स्थानान्तरण सम्बन्धी सूचना

यस बैंकको बागमति प्रदेश, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, वडा नं. १५, सातदोबाटो स्थित शाखाको **लकर सेवा सहित सम्पूर्ण बैंकिङ्ग सेवा तथा कारोबारहरू २०८२/११/०४ (तद अनुसार सन् १६ फेब्रुअरी २०२६) सोमबार** देखि ललितपुर नगरपालिका, वडा नं. १४, ताल्चिखेल स्थित नयाँ भवनमा (हालको स्थानबाट करिब ४०० मिटर पश्चिम तर्फ), स्थानान्तरण भई सञ्चालन हुने व्यहोरा सम्पूर्ण ग्राहक महानुभावहरू तथा सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

उक्त शाखा कार्यालयबाट लकर सुविधा उपभोग गरिरहनु भएका सम्पूर्ण ग्राहक महानुभावहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफ्नो सामान सुरक्षाको लागि आवश्यक पूर्व सावधानी अपनाउनु हुन अनुरोध छ । तोकिएको म्याद पश्चात सम्पूर्ण लकरहरू जहाँ जे जस्तो अवस्थामा छन् सोही अवस्थामा यथाशक्य सुरक्षित तरिकाले नयाँ भवनमा स्थानान्तरण गरिने व्यहोरा सुचित गराउदछौं । उक्त म्याद भित्र लकर सुविधा उपभोग गरिरहनु भएका सम्पूर्ण ग्राहकहरू उपस्थित नभएकै कारण लकर स्थानान्तरण कार्य स्थगित गरिने छैन ।

उक्त शाखा स्थानान्तरण कार्यले ग्राहक महानुभावहरूलाई पर्न गएको असुविधाका लागि क्षमाप्रार्थी छौं ।

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED

प्रधान कार्यालय, लाजिम्पाट, काठमाडौं
पो.ब.नं. १३३८४, फोन नं. ०१-४५४३३७७
फ्याक्स नं. ०१-४५४३१६०, SWIFT: EVBLNPKA

दिगो, दरिलो र विश्वासिलो

दलहरूले कस्तो...

पृष्ठ १ बाट क्रमशः

२१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै अधिकांश दलले एकदेखि डेढ हप्ताभित्र घोषणापत्र सार्वजनिक गर्ने बताएका छन् ।

बुलेट घोषणापत्र र कार्यान्वयनमा जोड : कांग्रेस

विघटित संसद्को ठुलो दल कांग्रेसले घोषणापत्रलाई जनताले छिटो बुझ्ने गरी बुलेट शैलीमा ल्याउने तयारी गरेको छ । सभापति गगन थापाको नेतृत्वमा घोषणापत्र निर्माण भइरहेको छ । कांग्रेस नेताहरूका अनुसार माघ अन्तिमसम्म घोषणापत्र ल्याउने गरी काम भइरहेको छ । घोषणापत्र लेखनमा संलग्न उपसभापति पुष्पा भुसालका अनुसार कांग्रेसले आर्थिक उन्नति, विकास-निर्माण, सामाजिक न्याय र जेन-जीका रूपान्तरणकारी मागलाई प्राथमिकतामा राख्नेछ । चुनावी घोषणापत्रमा भिजन १० उल्लेख गर्ने कांग्रेस प्रवक्ता देवराज चालिसेले बताए । उनका अनुसार सबै नेपालीले स्वामित्व लिने गरी व्यावहारिक दृष्टि समेटेर घोषणापत्र ल्याउने गृहकार्य छ ।

देशको आर्थिक उन्नति, विकास, निर्माण र समृद्धिका साथै जेन-जी पुस्ताका माग सम्बोधन गर्ने गरी घोषणापत्र तयार पार्ने जनाएको छ । 'यथार्थपरक घोषणापत्र ल्याउँछौं । चुनावपछि लागू हुने, प्रतिफल देखिने कार्यक्रममै हाम्रो ध्यान छ,' भुसालले भनिन्, 'जनतालाई बुझ्न सजिलो होस् भनेर बुलेटमा आउँछ । प्रधानमन्त्रीका उम्मेदवार घोषणा गरेर अगाडि बढेका छौं ।'

अधिल्लो निर्वाचनमा 'कोखदेखि शोकसम्म'जस्ता लोकप्रिय तर कार्यान्वयन हुन नसकेका नाराबाट पाठ सिक्दै कांग्रेसले यसपटक महत्त्वाकांक्षा घटाएर कार्यान्वयन बढाउने आन्तरिक निष्कर्ष निकालेको छ । भुसालका अनुसार परिवर्तनको मुद्दा, विकास निर्माण, समृद्धिको प्रतिबद्धता, कार्यान्वयन गर्ने रणनीतिका विषय घोषणापत्रमा समेट्ने तयारी छ ।

'नयाँ पुस्ताले खोजेका रूपान्तरणको विषय घोषणापत्रमा समेटिनेछ । त्यसका साथै महिला, दलित, पिछडिएको क्षेत्र र वर्गका विषय, आर्थिक समृद्धिसहित भौगोलिक विविधताअनुसार अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना पनि समेट्नेछौं । सामाजिक न्यायका विषय पनि समेट्नेछौं,' उनले भनिन् ।

कांग्रेस मिडिया सेन्टरमा शनिबार आयोजित पत्रकार सम्मेलनमा पार्टी प्रवक्ता देवराज चालिसेले माघ अन्तिम साताभित्र घोषणापत्र सार्वजनिक हुनेसमेत बताए । 'हाम्रो चुनावी घोषणापत्रले मुलुकको यथार्थ अवस्थालाई प्रतिबिम्बित गर्दै सुशासन, विकास र व्यावहारिक कार्ययोजनालाई केन्द्रमा राख्नेछ,' चालिसेले भने, 'हाम्रो घोषणापत्र केवल आकांक्षा र प्रतिबद्धतामा सीमित रहनेछैन । त्यसको कार्यान्वयनका लागि आवश्यक स्रोत, साधन र उपायसमेत स्पष्ट रूपमा उल्लेख गरिनेछ ।' उनका अनुसार जिल्लाबाट सुझावसमेत मागिएको छ ।

जेन-जी आन्दोलनपछिको सन्देश घोषणापत्रमा : एमाले

एमालेले ०७४ र ०७९ को तुलनामा झन्ने छोटो र कार्यान्वयनयोग्य घोषणापत्र ल्याउने भएको छ । जेन-जी आन्दोलनपछि उठेका सुशासन र जवाफदेहिताका मुद्दा घोषणापत्रमा समेटिने एमालेले जनाएको छ । केन्द्रीय कार्यालयमा बुद्धिजीवी, प्राध्यापक र विज्ञहरूसँग बिहीबार सुझाव संकलन गर्दै एमालेले घोषणापत्र मस्यौदा तयार गरिरहेको छ ।

कार्यक्रममा सहभागीलाई तीन दिनभित्र ०७९ को घोषणापत्रसमेत अध्ययन गरी अनलाइनमार्फत सुझाव पठाउन भनिएको छ । कार्यक्रममा सहभागी केन्द्रीय सदस्य नीरज आचार्यले चौथो दिनबाट घोषणापत्र लेख्ने काम सुरु गर्ने गरी बुद्धिजीवी र प्राध्यापकहरूसँग सुझाव मागिएको बताए । कार्यक्रममा अध्यक्ष केपी ओली, उपाध्यक्ष रामबहादुर थापा, महासचिव शंकर पोखरेलसहित राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष र सदस्यहरू, अर्थशास्त्र, कानुन, श्रम, कृषि, सहकारी क्षेत्रका बुद्धिजीवी प्राध्यापकसहितका व्यक्तित्व सहभागी थिए ।

कार्यक्रममा महासचिव पोखरेलले ०७० को घोषणापत्रको हाइलाइट्स प्रस्तुत गरेका थिए । 'महासचिवले ०७९ को घोषणापत्रको सारसंक्षेप राख्नुभयो, त्यहाँ भएका कति हटाउने, के राख्ने कुराहरू भए । मूलतः त्यतिवेला भनिएको २० ग्यारेन्टी र ३० प्राथमिकता प्रस्तुति राखिएकोमा अब के गर्न सकिन्छ भनेर सुझाव मागिएको छ,' आच(र्यले भने । त्यस्तै, पूर्वमन्त्री तथा नेता गणेश पहाडीले यसपटकको घोषणापत्रलाई विगतभन्दा छोटो, वस्तुवादी बनाउने गरी तयारी अघि बढेको बताए ।

अध्यक्ष ओलीले राष्ट्रियता, सार्वभौमिकता र स्वाभिमानमा सम्झौता नहुने स्पष्ट गर्दै सुशासन र दिगो विकासलाई प्राथमिकता दिने बताएका छन् । ओलीले चुनाव नलडेका उपाध्यक्षहरूलाई पनि मस्यौदा निर्माणमा सहयोग पुऱ्याउन निर्देशन दिएका छन् । अहिले मस्यौदा निर्माणको कामको भित्री अगुवाइ विष्णु रिमालले गरिरहेका छन् । उनलाई पार्टी पदाधिकारी सोसरहको नीति अनुसन्धान प्रतिष्ठान संयोजकको जिम्मेवारी दिइएको छ । प्रचार संयोजक मीनबहादुर शाहीले मुलुकको समृद्धि, सुशासन, दिगो विकासमार्फत नेपाली जनताको समृद्धि र सुखको चाहनालाई पूरा गर्ने गरी घोषणापत्रको तयारी गरिरहेको बताए ।

सामाजिक न्याय र जनजीविकामा केन्द्रित कार्यक्रमलाई घोषणापत्र बनाउने नेकपाको तयारी

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले सामाजिक न्याय, सुशासन, रोजगारी, शिक्षा र स्वास्थ्यकेन्द्रित घोषणापत्र ल्याउने तयारी गरेको छ । अधिल्लो निर्वाचनमा ल्याइएका महत्त्वाकांक्षी कार्यक्रम कार्यान्वयन नहुनुबाट पाठ सिक्दै संकुचित, तर व्यावहारिक घोषणापत्र बनाउने नेकपाको तयारी छ । नारायणकाजी श्रेष्ठको नेतृत्वमा मस्यौदा समितिले काम गरिरहेको छ । रोजगारी, शिक्षा र स्वास्थ्यमा जोड दिएर घोषणापत्र बनाउने नेताहरूले जनाएका छन् । जनजीविकाको सवाल, जेन-जी आन्दोलनको मर्म र भावनाका साथै कार्यान्वयन गर्न सकिने घोषणापत्र जारी गर्ने नेकपाले जनाएको छ । 'सामाजिक न्याय, सुशासन र समृद्धिको विषय मुख्य गरी समेट्नेछौं । राष्ट्रियता लोकतन्त्र र संविधानको रक्षाको विषय पनि अहिले प्रधान भएको छ,' नेता अग्नि सापकोटाले भने, 'जनजीविकाको विषयमा विशेष ध्यान दिनेछौं । रोजगारी, शिक्षा र स्वास्थ्यको विषय प्राथमिकतामा रहनेछन् ।'

पाँचखम्बे 'बाचापत्र' र लागतसहितको प्रतिबद्धता : रास्वपा

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले यसपटक चुनावी घोषणापत्रलाई 'बाचापत्र'का रूपमा सार्वजनिक गर्ने तयारी गरेको छ । घोषणापत्र निर्माण समितिको नेतृत्व गरेका उपसभापति स्वर्णिम वाग्लेले न्याय, अर्थ, निर्माण, लोककल्याण र अस्तित्व गरी पाँचखम्बे अवधारणामा आधारित बाचापत्र ल्याइने बताए ।

बाचापत्रमा योजना मात्र होइन, लागत, स्रोत व्यवस्थापन र कार्यतालिकासमेत स्पष्ट रूपमा समेटिने वाग्लेले बताए । 'रास्वपालाई अब किन छान्ने भन्ने पाँचवटा तर्क प्रस्तुत हुन्छन् । त्यसपछि बाचापत्रको मूल खण्ड आउँछ । २२ वटा मन्त्रालयलाई १५ वटामा क्लस्टरिङ गरी पाँच खम्बामा आधारित कार्यक्रम ल्याइन्छ,' उनले भने, 'न्याय, अर्थ, निर्माण, लोककल्याण र अस्तित्वका खम्बामार्फत अहिले नेपाल कहाँ छ, दुई-चार वर्षमा कहाँ पुऱ्याउँछौं र विसं २१०० सम्म कहाँ पुऱ्याउने हो भन्ने १८ वर्षे दीर्घकालीन भिजन पनि दिनेछौं ।'

उनका अनुसार बाचापत्रमा अपिल, नक्सा, तथ्यांकीय तालिका समावेश हुनेछन् । साथै, रास्वपा सरकारमा पुगेको पाँच दिनभित्र गर्ने ५० निर्णयसमेत स्पष्ट रूपमा उल्लेख गरिनेछ । बाचापत्र प्रदेश, पालिका र वडा तहसम्मका छलफल तथा विज्ञहरूको सुझावका आधारमा तयार पार्दिने छ । यसलाई फागुन पहिलो साता सार्वजनिक गर्ने तयारी रहेको वाग्लेले बताए । रास्वपाले सुशासन र सेवा प्रवाहलाई मुख्य प्राथमिकता बनाएको उनले स्पष्ट पारे ।

घोषणापत्र निर्माण समितिमा अर्निको पाण्डे, क्रान्तिशिखा धिताल, नन्दन यादवलगायत सदस्य छन् । यादवका अनुसार बाचापत्रमा अर्थतन्त्र, यातायात, शिक्षा, स्वास्थ्य र कृषिका विषय अन्य दलभन्दा फरक ढंगले प्रस्तुत गरिनेछ । आर्थिक समृद्धि, जेन-जीका माग, पुराना पार्टी संरचनाभित्र नयाँ पुस्ताको हस्तक्षेपलगायत विषय समेटिने बाचापत्रमा ०७९ देखि ०८२ सम्मको यात्राको समीक्षा र कमजोरीमा आत्मालोचनासमेत गरिनेछ ।

जसपा संविधान संशोधनको पुरानै एजेन्डासहित घोषणापत्र ल्याउँदै

जसपा नेपालले २४ बुँदे अवधारणापत्र सार्वजनिक गरिसकेको छ । घोषणापत्र समितिमा डा. उमाशंकर साह, प्रकाश अधिकारी, सुरेन्द्र झालगायत छन् । झाले घोषणापत्र माघ मसान्तसम्म सार्वजनिक हुने बताए । उनका अनुसार संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई मजबुत र थप संस्थागत गर्ने, पहिचान र सामर्थ्यका आधारमा १० प्लस १ को अवधारणामा राज्य पुनर्संरचना, संविधान संशोधनमार्फत पूर्ण समानुपातिक निर्वाचन प्रणाली, प्रत्यक्ष निर्वाचित कार्यकारी व्यवस्थालगायत एजेन्डा छन् । 'संघर्षबाट समृद्धितिर जाने हो । युवा पुस्तालाई आकर्षित गर्न खोजेका छौं,' उनले भने, 'गुणस्तरीय शिक्षा, स्वरोजगार उद्यमशीलता, प्रविधि, कम ब्याजदरमा ऋण, विशेषज्ञ सेवासहित अस्पताललगायत विषय आउँछन् ।'

झाले आफ्नै सत्ता बनाउन नसक्दा संघमा घोषणापत्र लागू गर्न नसकिएको बताउँदै साझेदारीमा सम्हालेका मन्त्रालयमा लागू गर्ने कोसिस गरिएको दाबी गरे । मधेश प्रदेशमा सरकार बनाएको जसपा नेपालले घोषणापत्रको कार्यान्वयन ६० देखि ६५ प्रतिशतसम्म गरेको दाबी गरेको छ ।

राजसंस्था पुनर्स्थापनाको मुद्दा राप्रपाको प्राथमिकतामा

राप्रपाले अर्को हप्ता सार्वजनिक गर्ने गरी घोषणापत्रको काम धमाधम गरिरहेको छ । राप्रपाले अध्यक्ष राजेन्द्र लिङ्देनको नेतृत्वमा घोषणापत्र बनाइरहेको छ । विगतको समीक्षासहित अभिभावकका रूपमा राजसंस्थाको पुनर्स्थापना, हिन्दु राज्य स्थापना र प्रदेश खारेजीलाई उसले अपूरो राजनीतिक मुद्दाका रूपमा घोषणापत्रमा फेरि पनि प्रथामिकताका साथ समेट्ने तयारी गरिरहेको छ । 'राजसंस्थालाई अभिभावकका रूपमा राख्ने, हिन्दु राज्य कायम गर्ने, प्रदेश खारेज गर्नेजस्ता दीर्घकालीन प्रकृतिका राजनीतिक मुद्दालाई सदन र सडकमा निरन्तर उठायौं । यसमा इमानदार प्रयास गरेर जनमत निर्माण गर्यौं । तर, त्यो राजनीतिक कार्यभार पूरा गर्न बाँकी नै रहेकाले अबको घोषणापत्रमा पनि समावेश गर्दै छौं,' तयारीबारे प्रचार विभाग प्रमुख मोहन श्रेष्ठले नयाँ पत्रिकासँग भने, 'जनताको जनजीविकाको सवाल र सामाजिक, आर्थिक रूपान्तरणको कार्यक्रम समावेश गरेर अर्को हप्ता सार्वजनिक गर्छौं ।'

समृद्धि र सुशासनमा उज्यालो नेपालको घोषणापत्र केन्द्रित

उज्यालो नेपाल पार्टीको घोषणापत्र समिति सदस्य एवं भक्तपुर २ का उम्मेदवार जितराम लामाका अनुसार घोषणापत्रको तयारी भइरहेको छ । उज्यालो नेपालले केदार खड्का, डा. राजु थापालगायतको समिति बनाएको छ । 'तयारी गर्दै छौं । यो हप्ताभित्र आउँछ,' लामाले भने, 'मुख्य एजेन्डा आर्थिक समृद्धि नै हो ।' शासकीय स्वरूपमा परिवर्तन, प्रदेशमा प्रत्यक्ष निर्वाचित कार्यकारी मुख्यमन्त्री, पाँच वर्ष स्थायी सरकार, संघमा पनि पाँच वर्ष टिक्ने सरकार, दलविहीन स्थानीय तहजस्ता विषय समेटेर घोषणापत्र ल्याउन थालिएको सो पार्टीको भनाइ छ ।

श्रम संस्कृतिले हर्कवादमा आधारित घोषणापत्र ल्यायो

श्रम संस्कृति पार्टीकी सचिव सुम्निमा पारुहाङ्का अनुसार पार्टीको घोषणापत्र सार्वजनिक भइसकेको छ । जहाँ लोकतन्त्र, संघीयता, प्रत्यक्ष कार्यकारी राष्ट्रपतीय शासन प्रणाली भनिएको छ । समानुपातिक, समावेशी, धर्मनिरपेक्ष राज्य भनिएको छ । हर्कवाद (प्रकृति, संस्कृति र प्रविधि) सिद्धान्त अँगालिएको छ । श्रम संस्कृति महाभियान, श्रम संस्कृति नै सम्पूर्ण परिवतनको सर्वोपरी माध्यम भनेर सञ्चालन गर्ने भनिएको छ । एक गाउँ एक उद्योग, एक व्यक्ति एक उद्यमी, कला साहित्य र खेलकुदको औद्योगिकीकरण, किसान मजदुर र कलकारखानाको सरकार, कानुनी सामाजिक र सांस्कृतिक न्याय, विदेशी हस्तक्षेपमुक्त सुशासन र विकास, राष्ट्रिय एकता र राष्ट्रिय स्वाभिमान तथा स्वाधीनतासहितको समृद्धि रहेको छ ।

ललितपुरका तीनवटै क्षेत्र आफ्नो पक्षमा पार्न चार दलबिच रस्साकस्सी

चुनावी कमान्डर तोकेर कांग्रेस, एमाले, नेकपा र रास्वपा चुनावी मैदानमा

प्रेम गौतम/नयाँ पत्रिका

तीनवटा संघीय निर्वाचन क्षेत्र रहेको ललितपुरमा चुनावी माहोल बढ्दै गएको छ। तीनवटै क्षेत्रमा निवर्तमान सांसद चुनावी मैदानमा उत्रिएका छन्। गत निर्वाचनमा कांग्रेस, एमाले र रास्वपाले एक-एक क्षेत्र जितेका थिए। ललितपुरमा कांग्रेस, एमाले, नेकपा र रास्वपाले तीनवटै क्षेत्र जित्ने दाबी गरेका छन्। सोहीअनुसारको रणनीति बनाएर पार्टीपंक्ति परिचालन गरिएको नेताहरूको भनाइ छ। आन्तरिक तयारी र व्यक्तिगत रूपमा घरदैलो अभियानमा दल र उम्मेदवारहरू जुटेका छन्।


प्रमुख दलहरूले निर्वाचन कमान्डरसमेत तोकेका छन्। कांग्रेसले क्षेत्रीय सभापतिहरूलाई कमान्डर तोकेको छ। १ मा सुन्दरमान थिङ, २ मा महेश खड्का र ३ मा महेश्वर थापा चुनावी कमान्डर बनेका छन्। एमालेले १ मा पूर्वसांसद सुशीला नेपाल, २ मा ललितपुर महानगरपालिकाका मेयरका उम्मेदवार हरिकृष्ण व्यञ्जनकार र ३ मा केन्द्रीय सदस्य टीका ढकालको संयोजकत्वमा निर्वाचन परिचालन कमिटी गठन गरेको छ। जिल्ला अध्यक्ष पुरुषोत्तम आचार्यको संयोजकत्वमा तीनवटै क्षेत्रको निर्वाचन परिचालन मूल कमिटी गठन गरिएको छ।

नेकपाले १ मा केन्द्रीय सदस्य हरि दाहाल, २ मा केन्द्रीय सदस्य माधव पौडेल र ३ मा केन्द्रीय सदस्य दीपेश महर्जनको संयोजकत्वमा निर्वाचन परिचालन कमिटी गठन भएको छ। रास्वपाले पनि क्षेत्रीय संयोजकलाई निर्वाचन परिचालन कमान्डर तोकेको छ। १ मा अरुण केसी, २ मा श्रीकण्ड नेम्कुल र ३ मा विदुर थापालाई चुनावी कमान्डर तोकेको छ।

अघिल्लो निर्वाचनमा ललितपुर १ बाट कांग्रेसका उदयशमशेर राणा निर्वाचित भएका थिए। कांग्रेसले यसपटक पनि उनै राणालाई उम्मेदवार बनाएको छ। उनी अर्थ राज्यमन्त्रीसमेत भए। अघिल्लो निर्वाचनमा राणालाई पाँचदलीय गठबन्धनको साथ थियो। अहिले राणा एक्लै चुनावी मैदानमा छन्। तत्कालीन निवर्तमान सांसद एमालेका नवराज सिलवाललाई पराजित गर्दै राणा निर्वाचित भएका थिए। त्यसअघि ०७४ को निर्वाचनमा भने राणालाई नै पराजित गर्दै तत्कालीन एमाले र माओवादी गठबन्धनबाट सिलवाल निर्वाचित भएका थिए। यसपटक यो क्षेत्रबाट १६ दल र १२ स्वतन्त्र उम्मेदवार चुनावी मैदानमा छन्।

कांग्रेसले निवर्तमान सांसद राणालाई अगाडि सार्दा एमालेले यसपटक सिलवाललाई उठाएको छैन। एमालेबाट चेतनाथ सञ्जेल, नेकपाबाट सुनील महर्जन, रास्वपाबाट बुद्धरत्न महर्जन उम्मेदवार छन्। राप्रपाबाट सजिना कार्की, नेकपा (संयुक्त)बाट अमृतनाथ बजगाईं, नेमकिपाबाट सरिता गोसाईं देसार, मंगोल नेसनल अर्गनाइजेसनबाट सुरेश मार्पा, जसपा नेपालबाट महावीर स्याङ्तान तामाङ, आजपाबाट किरण महर्जन, नेसनल रिपब्लिक नेपालबाट सञ्जय घिसिङ तामाङ, प्रलोपाबाट रोहितकुमार बास्तोला, श्रम संस्कृति पार्टीबाट गौतम थापा, नेकपा (माओवादी)बाट भीमसेन घिमिरे, उज्यालो नेपालबाट पदमकुमार लामा, पिपुल फर्स्ट पार्टीबाट सनोज महत चुनावी मैदानमा छन्। यस्तै, स्वतन्त्रबाट धर्मराज बोहरा, विशाल तामाङ, राधाकृष्ण बस्नेत, सरोजकुमार विष्ट, शर्मिला बुढाथोकी, देवेन्द्र सिंह, अशोक थापा, भरत दुलाल, राम खड्का, तिलकबहादुर भ्लोन, डोलनाथ तिमल्सिना, गणेशबहादुर बल तामाङ उम्मेदवार छन्।

०६४ को पहिलो संविधानसभा निर्वाचनमा यो क्षेत्रबाट नेकपा (तत्कालीन माओवादी)का वर्षमान पुन निर्वाचित भएका थिए। ०७० को दोस्रो संविधानसभा निर्वाचनमा कांग्रेसका राणा निर्वाचित भएका थिए। ०७४ मा एमालेका सिलवाल र ०७९ मा कांग्रेसका राणा नै निर्वाचित भएका थिए। ललितपुर १ मा गोदावरी नगरपालिकाको १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११ र १३ वडा पर्छन्।



नेपालबाट खेमप्रसाद श्रेष्ठ, प्रलोपाबाट कृष्ण महर्जन, श्रम संस्कृति पार्टीबाट सरोज राई, नेकपा (माओवादी)बाट अष्टराज बज्राचार्य, उज्यालो नेपालबाट राजाराम तण्डुकार र राष्ट्रिय मुक्ति पार्टीबाट डोलेन्द्रराज भट्टराई उम्मेदवार छन्। सात स्वतन्त्र उम्मेदवारमा उमंग केसी, रविराज पौडेल, रवीन्द्र अमात्य, कृष्ण खड्का, बाबुराज बज्राचार्य, ओमराज बज्राचार्य र मंगलकृष्ण श्रेष्ठ छन्।

ललितपुर २ मा महालक्ष्मी नगरपालिका र ललितपुर महानगरपालिकाको ६, ७, ८, ९, ११, १२, १६, १७ र १९ वडा पर्छन्।

ललितपुर ३ मा गत निर्वाचनमा रास्वपाकी तोसिमा कार्की निर्वाचित भएकी थिइन्। रास्वपाले यसपटक पनि कार्कीलाई नै उम्मेदवार बनाएको छ। उनी गत निर्वाचनपछि स्वास्थ्य राज्यमन्त्रीसमेत भइन्। कांग्रेस-माओवादी गठबन्धनकी उम्मेदवार पम्फा भुसाललाई कार्कीले पराजित गरेकी थिइन्। यो क्षेत्रबाट ०६४ को पहिलो संविधानसभा निर्वाचनमा भुसाल निर्वाचित भएकी थिइन्। ०७० मा कांग्रेसका मदन अमात्य विजयी भएका थिए। ०७४ मा भुसाल नै निर्वाचित भएकी थिइन्।

ललितपुर ३ मा १५ दल र पाँच स्वतन्त्र उम्मेदवार चुनावी मैदानमा छन्। रास्वपाले कार्कीलाई दोहोऱ्याउँदा कांग्रेसले जितेन्द्रकुमार श्रेष्ठ, एमालेले सन्दन थापामगर र नेकपाले राजकाजी महर्जनलाई उम्मेदवार बनाएको छ। यस्तै, राप्रपाले सविनकुमार खड्का, राष्ट्रिय जनमोर्चाले नीलगोविन्द महर्जन, नेकपा संयुक्तले यज्ञप्रसाद पन्त, नेमकिपाले रमिला महर्जन, मंगोल नेसनल अर्गनाइजेसनले दिलकुमार महर्जन, जसपा नेपालले कृष्णदेवी महर्जन, प्रलोपाले विष्णुराज खड्का, संयुक्त नागरिक पार्टीले श्यामबहादुर राई, श्रम संस्कृति पार्टीले ऋतुवर्तन राई, नेकपा (माओवादी)ले खगेन्द्र महर्जन र उज्यालो नेपाल पार्टीले विजय पन्तलाई उम्मेदवार बनाएका छन्। स्वतन्त्र पाँच उम्मेदवारमा रूपेश शाह, अञ्जु कारञ्जित (थापा), अशोजकुमार महर्जन, राधेश्याम खड्का र विमर्श मिश्र छन्।

ललितपुर ३ मा ललितपुर महानगरपालिकाका १, २, ३, ४, ५, १०, १३, १४, १५, १८, २० २१, २२, २३, २४, २५, २६, २७, २८, २९ वडा र गोदावरी नगरपालिकाका १२ र १४ वडा पर्छन्।

ललितपुरमा दुई लाख ६९ हजार २५६ मतदाता छन्। जसमध्ये एक लाख ३१ हजार ५४९ महिला र एक लाख ३७ हजार ७०७ पुरुष मतदाता छन्। ललितपुरका तीनवटै क्षेत्रमा जम्मा १३१ मतदानस्थल र ३१८ मतदान केन्द्र तोकिएका छन्।



पार्टीमा विद्रोह गरेर आयौं, देश पनि परिवर्तन गर्छौं

जितेन्द्रकुमार श्रेष्ठ, कांग्रेस ललितपुर सभापति

परिवर्तनका लागि आन्तरिक रूपमा पार्टीमा विद्रोह गरेर आएका उम्मेदवार छौं। कांग्रेस परिवर्तन गरेको र अब देश परिवर्तन गर्ने अठोट हामीले लिएका छौं। सबैलाई मिलाएर लान सक्ने कांग्रेसले नै हो। राष्ट्रिय मुद्दादेखि स्थानीय सरोकारका विषय पनि सम्बोधन गर्ने गरी अगाडि बढेका छौं। शिक्षा, स्वास्थ्य, यातायात, रोजगारका विषयमा ध्यान दिएका छौं। केन्द्रबाट घोषणापत्र आउँछ, स्थानीय प्रतिबद्धता पनि जनाउँछौं।



एमाले देश बनाउने पक्षमा छ, जनलहर हाम्रोतिर छ

पुरुषोत्तम आचार्य, एमाले ललितपुर अध्यक्ष


प्रारम्भिक चरणमा ६ पालिका तहमा भेटघाट कार्यक्रम भइरहेको छ। जिल्ला अध्यक्षको कमान्डमा तीनवटै क्षेत्र हेर्ने गरी निर्वाचन परिचालन कमिटी गठन भएको छ। क्षेत्रगत रूपमा पनि परिचालन कमिटी गठन भएको छ। विगतमा जनताको बिचमा गरेको काम, एमालेले लिएको दृष्टिकोणका आधारमा हाम्रा उम्मेदवारले जित्ने हो। यसपटकको निर्वाचन दुइटा कित्तामा हुँदै छ। देश बनाउने कि जलाउने भन्ने प्रश्न मुख्य हो। एमाले देश बनाउने पक्षमा छ। त्यसैले जनलहर एमालेको पक्षमा छ।



तीनवटै क्षेत्र जित्ने रणनीति बनाएर अघि बढेका छौं

शिव कट्टेल, नेकपा ललितपुर संयोजक

चुनावी माहोल बढ्दै छ। हामी आन्तरिक तयारीमा छौं। आन्तरिक बैठक भइरहेका छन्। सबै क्षेत्रमा जित्ने रणनीति बनाइरहेका छौं। सम्बन्धित क्षेत्रका केन्द्रीय सदस्य, प्रदेश सदस्य, जिल्ला कमिटी सदस्य र पालिकाका सदस्यसमेत रहने गरी निर्वाचन परिचालन कमिटी बनाइएको छ। हामीले यसपटक नयाँ अनुहार ल्याएका छौं। जेन-जी विद्रोहको मर्म र भावनाअनुसार संशोधन गर्ने, रोजगारीलाई तीव्र गतिमा अगाडि बढाउने, निःशुल्क स्वास्थ्यलाई बिमासँग जोड्ने, १२ कक्षासम्म निःशुल्क शिक्षाका साथै विकास निर्माणको नयाँ मोडल दिने गरी अगाडि बढेका छौं।



मतदाताको मत यसपालि रास्वपालाई हेर्नुपर्छ भन्ने छ

प्रभा कार्की, रास्वपा ललितपुर उपसभापति

जिल्लामा भेटघाट कार्यक्रम भइरहेको छ। सदस्यहरूको घरमा जाने, भेटघाट गर्ने र माहोल बुझ्ने काम गरिरहेका छौं। सबै पुराना पार्टीले जनताको पक्षमा काम गर्न नसकेपछि आममतदातामा वितृष्णा बढेको छ। हामी जनताको पक्षमा काम गर्छौं भनेर आएका छौं। मतदाताको मत यसपालि घन्टीलाई हेर्नुपर्छ भन्ने छ। जनताको माझमा जाँदा झुटो आश्वासन दिँदैनौं। हामीलाई एकचोटि मौका दिनुस् भनेर मतदाताकोमा जाँदै छौं। केन्द्रीय वाचापत्र पनि आउँदै छ। आवश्यकताअनुसार स्थानीय वाचापत्र पनि बनाउँछौं।

संक्षेप

चटकबाट होइन, प्रणालीबाट सुधार गर्छौं : गगन



काठमाडौं/ कांग्रेस सभापति गगन थापाले चटक र स्टन्टबाट नभएर सही कानुन र थिति बसालेर देशको प्रशासनिक र राजनीतिक प्रणाली सुधार्ने बताएका छन्।

चुनावी प्रचारका क्रममा मधेशबाट शुक्रबार फर्केका सभापति थापाले काठमाडौं ४ मा पार्टी कार्यकर्तालाई सम्बोधन गर्दै कांग्रेस प्रणाली र स्थापित प्रक्रियाका पक्षमा रहेको पनि स्पष्ट पारेका छन्।

'कांग्रेस प्रणाली र स्थापित प्रक्रियामार्फत सुधार ल्याउने कुरामा विश्वास राख्ने पार्टी हो। सार्वजनिक संस्थाहरूमा हुने आर्थिक कारोबारलाई पारदर्शी बनाउन र अनियमितता रोक्न डन्डा बोकेर हिँड्ने होइन, बलियो कानुन र प्रक्रिया निर्माण गर्नुपर्नेछ,' उनले भने, 'हाम्रा सार्वजनिक निकायमा कुनै पनि आर्थिक लेनदेन नहोस् भन्ने हामी सबैले चाहेका छौं, तर यसको नतिजा ल्याउन जादु वा चटकले पुग्दैन। हामीले व्यक्तिभन्दा पद्धति बलियो हुने प्रणाली बनाउनुपर्नेछ।'

धारिलो हतियार प्रहार गरी हत्या

संखुवासभा/ वस्तुले घाँस खाएको निहुँमा संखुवासभाको चैनपुरमा झगडा हुँदा धारिलो प्रहार गरी एकजनाको हत्या गरिएको छ। शनिबारको चैनपुर नगरपालिका-१० इखम्बूका ४७ वर्षीय लीलाप्रसाद राईको हत्या भएको हो। जिल्ला प्रहरी कार्यालय संखुवासभाको प्रहरी निरीक्षक मेघराज अर्यालले शनिबार अपराह्न साढे ५ बजे गाईवस्तुले घाँस खाएको निहुँमा लीलाप्रसाद राई र ५९ वर्षीय शिवकुमार राईबीच विवाद भएको जानकारी दिए। विवादकै क्रममा शिवकुमारले कम्मरमा बोकेको धारिलो हतियार(खुकुरी) निकाली लीलाप्रसादलाई प्रहार गर्दा घटनास्थलमै उनको मृत्यु भएको प्रहरी निरीक्षक अर्यालको भनाइ छ। प्रहरी पुगि शिवकुमार राईलाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको जनाएको छ।

वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी एकता पक्षधर समूह नेकपामा समाहित

काठमाडौं/ वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी एकता पक्षधर समूह नेपाली कम्युनिस्ट पार्टीमा समाहित भएको छ। धनकुमारी सुनारको नेतृत्वमा रहेको एकता पक्षधर समूहलाई नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्ड र सहसंयोजक माधवकुमार नेपालले पार्टी कार्यालयमा आयोजित कार्यक्रममा स्वागत गरेका हुन्। सुनार समूह र नेकपाबिच आठबुँदे सहमति भएको छ। सहमतिपत्रमा नेकपा संयोजक प्रचण्ड, सहसंयोजक नेपाल र एकता पक्षधरबाट सुनारले हस्ताक्षर गरेका छन्।

नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता र स्वाधीनताको रक्षा गर्दै पहिचान र अधिकारसहितको संघीय समाजवादी गणतन्त्र प्राप्तिका लागि सडक, सदन र सरकार तीनवटै क्षेत्रमा संघर्षरत रहने सहमति भएको छ। समाजवादका लागि नेपालको मौलिक विशेषता र संघीय शासन प्रणाली, लोकतान्त्रिक मूल्य-मान्यता, वर्गीय, क्षेत्रीय, जातीय र लैंगिक विभेदको अन्त्यका साथै समतामूलक, न्यायपूर्ण, विभेदरहित समाजको निर्माण गर्ने सहमति भएको छ।

संसद् पुनर्स्थापनाको रिट सुनुवाइ ढिलाइमा ओलीको सर्वोच्चमाथि प्रश्न

नयाँ पत्रिका

एमाले अध्यक्ष केपी ओलीले संसद् पुनर्स्थापनाका रिटमा सर्वोच्च अदालतको मौनतामाथि प्रश्न उठाउँदै अविलम्ब फैसला गर्न माग गरेका छन्। पुनर्स्थापनाको माग राखेर कांग्रेस र एमालेले दुई महिनाअघि दायर गरेको अलग-अलग रिट र बहुसंख्यक सांसदले दिएको पूरक निवेदनलाई लामो समयसम्म अदालतले सुनुवाइमा नलगेका कारण गम्भीर प्रश्न उठेको भन्दै शनिबार ओलीले तत्काल फैसला गर्न ध्यानाकर्षण गरेका हुन्।

'यत्रो संवैधानिक प्रश्न उठेका वेला, देश यस्तो संवैधानिक संकटमा फसेको वेला अदालत चुप लागेर बस्न मिल्दैन। यस्तो मौनताले सम्बन्धित संस्थाको औचित्यमाथि प्रश्न उठ्ने स्थिति बन्छ। परेको केही काम नगर्ने, फैसला पनि नगर्ने हो भने संवैधानिक इजलास किन चाहियो, सर्वोच्च अदालत किन चाहियो भनेर प्रश्न उठ्दैन ?' ओखलढुंगा-काठमाडौं सम्पर्क मञ्चको कार्यक्रममा ओलीले भने, 'त्यसैले यस सम्बन्धमा सर्वोच्च अदालतले चुनावअगाडि नै अविलम्ब बोल्नुपर्दछ। के फैसला गर्ने उहाँहरूको कुरा हो। स्वतन्त्र न्यायालयलाई हामी सम्मान गर्छौं। तर, हाम्रो आग्रह छ, निवेदन परेको थाहा नभएको, कुनै ब्युरोक्रेटिक



अर्डरमा जसरी यसरी अदालत बस्न पाउँदैन। हामी अविलम्ब फैसलाको माग गर्दछौं।'

कहिले संसद् विघटन असंवैधानिक, तर कहिले संवैधानिक हुने हो भने पनि अदालत फैसला गर्ने दायित्वबाट पन्छिन नमिल्ने भन्दै ओलीले चुनावअगाडि नै उसले आफ्नो काम नगरेमा गम्भीर प्रश्न उठ्नेसमेत चेतावनी दिए। 'राजनीतिक दल, संसद्का अत्यधिक बहुमत सांसदहरूले सम्मानित सर्वोच्च अदालतमा असंवैधानिक क्रियाकलाप भयो, संविधानबमोजिम गरिपाऊँ भन्ने निवेदन दिएका छन्। यस्तोमा म सम्मानित सर्वोच्च अदालतलाई आग्रह गर्दछु- यस्तोमा सर्वोच्च अदालत चुपचाप लागेर कानमा तेल हालेर बस्न मिल्दैन, फैसला दिनुपर्छ। चुनाव गर्ने या पुनर्स्थापना गर्ने ? हामीले पुनर्स्थापनाको माग गरिरहेका छौं, संविधान मिचिएको छ भनिराख्या छौं, तर सुन्दैनसुन्ने ?' ओलीले भने, 'अदालतले संविधान मिचिएको छैन भने छैन भन्दिनुपऱ्यो। मिच्न पाइन्छ भने पनि संविधान मिच्न पाइन्छ भनिदिनुपऱ्यो। सम्मानित सर्वोच्च अदालतको फैसला हामी मान्नौंला। तर, भन्नु त पऱ्यो नि संविधान मिच्न पाइन्छ। कहिले संसद् भंग गर्ने पाइँदैन, कहिले मजाले पाइन्छ। भनिदिनुस् न त मजाले पाइन्छ। कमसेकम अदालत चुपचाप लागेर बस्न मिल्दैन।'

ओलीले सरकारले २१ फागुनमै चुनाव गराउँछ कि गराउँदैन भन्ने अझै टुंगो नभएकोसमेत बताए। '२१ गते चुनाव हुन्छ कि हुँदैन टुंगो छैन। हिमाली भेगमा मान्छे छैन। चुनावका लागि हिमाल चढ्नजस्तै अहिलेको समयमा कोही भोट खसाल्न जानेछैन। मान्छे नभएको ठाउँमा बाक्सा थापेर के हुन्छ ?' ओलीले भने। उनले हिउँ पर्ने भूभागमा भोट नखस्ने र अनुकूल मौसममा चुनाव हुँदा एमाले, कांग्रेसजस्ता पार्टीकै पक्षमा खस्ने भएकै कारण सरकार ती क्षेत्रहरूमा जबर्जस्त चुनाव गराउने खेलमा रहेको आशंका पनि गरे। 'उच्च पहाडी भेगमा, हिमाली भेगमा भोट हुनेवालै छैन। फेरि पनि चुनाव गर्ने भनेर लागिराख्या छ। सहरी क्षेत्रमा जस्तो उच्च पहाडी, पहाडी र हिमाली भूभागमा यस्ता प्रकारको दुष्प्रभाव धेरै फैलिएको छैन। त्यहाँ राजनीतिक दलहरू बलिया छैनन्। त्यहाँका मान्छेले भोट नहालेर, रित्तै बाकस फर्काए के हुन्छ ? भन्ने उनीहरूलाई लागेको छ।'

कीर्तिपुरको बस्ती, दुर्गममा जस्तो सास्ती

नयाँ पत्रिका

देशका दुर्गम गाउँसम्म सडक सञ्जाल पुगिसकेको छ। तर, राजधानीको कीर्तिपुरमा एउटा यस्तो बस्ती छ, जहाँ अझै हिँडेर जाने बाटोसमेत बन्न सकेको छैन। कीर्तिपुर नगरपालिका- ४ दुधपोखरीमा स्थानीय तहबाट स्वीकृति लिएर व्यापारीले जग्गा विकास गरेर बिक्री गरेका थिए। स्थानीय तहले जग्गामा कच्ची बाटो रहेको भनेर सिफारिस गऱ्यो। तर, अहिले सडक भनिएको ठाउँमा खोला मात्र छ। जसकारण जान हिँड्ने सडकसमेत नभएपछि स्थानीय बासिन्दा बिलखबन्दमा परेका हुन्।

एक वर्षदेखि धाउँदा पनि स्थानीय तहले आफूहरूको पीडा नबुझेको स्थानीयको दुःखेसो छ। जग्गा व्यवसायी र स्थानीय तह दुवैको कारण आफूहरू समस्यामा परेको पीडितमध्ये एक दीपेन्द्र शाही बताउँछन्। 'जग्गामा कच्ची बाटो छ भनेर स्थानीय तहले सिफारिस गरेका आधारमा हामीले जग्गा खरिद गऱ्यौं,' उनले भने, 'तर, अहिले हिँड्ने बाटो पनि छैन, गत वर्ष जग्गामा बाढी पस्यो, खोला नापेर सडक बनाउन हारगुहार गर्दै आएका छौं, सुनुवाइ हुन सकेको छैन।' समस्या सुनाउँदा जग्गा प्लटिङ गर्ने व्यवसायी र स्थानीय दुवै पन्छिने गरेको उनको भनाइ छ।

स्थानीय सुन्तली तामाङ पक्षघातबाट पीडित छिन्। उनलाई वेलावेलामा अस्पताल लगिरहनुपर्छ। तर, बोक्न नसक्दा उनलाई समयमा अस्पतालसमेत लैजान नसकिएको उनका परिवारको गुनासो छ। ०८१ असोजको बाढी खोलाबाट बस्तीमै पसेको थियो। त्यसपछि स्थानीयले आफ्नै खर्चमा खोला ठुलो बनाएर बाढी रोक्ने प्रयास गरेका छन्। सडक बनाउन पनि आफैंले प्रक्रिया अघि बढाएकोमा वडाले रोकेको स्थानीय बताउँछन्।

स्थानीयले गत वर्ष पुसमै समस्या समाधानका लागि वडा कार्यालय र नगरपालिकामा निवेदन दिएका थिए। तर, आफ्नो समस्यामा वडा र नगरपालिका गम्भीर नभएको स्थानीय निता कुँवर बताउँछिन्।

कीर्तिपुर- ४ का अध्यक्ष राजेन्द्र बानियाँ त्यहाँको समस्या समाधानका लागि आफूले प्रयास गरिरहेको बताउँछन्। खोलाको मापदण्डसम्बन्धी विवाद र पुरानो नापी भएकाले सडक बनाउन समस्या भएको उनको भनाइ छ। 'यही सातादेखि त्यस ठाउँमा पुनः नापी हुँदै छ,' उनले भने, 'त्यसपछि त्यहाँको समस्या समाधानको प्रक्रिया अघि बढ्छ।'

■ भग्नावशेषमै बागमती प्रदेश सभाको आठौं वार्षिकोत्सव

विधायकी भूमिकामा पनि कमजोर

मकवानपुरमा **पोष्टराज अधिकारी**

नेपालको संघीय संरचनाको महत्त्वपूर्ण अभ्यासका रूपमा रहेको बागमती प्रदेश सभा आइतबार स्थापनाको आठौं वर्षमा प्रवेश गर्दै छ। १८ माघ ०७४ मा पहिलो अधिवेशन सुरु गरेको प्रदेश सभाले आइतबार आठौं वार्षिकोत्सव मनाउन लागेको हो। प्रदेश सभाको आठौं वार्षिकोत्सव कार्यक्रम गत २३ र २४ भदौको जेन-जी आन्दोलनका क्रममा आगजनी तथा तोडफोड भएको प्रदेश सभा भवन परिसरमा हुँदै छ।

वार्षिकोत्सव मनाउँदै गरेको बागमती प्रदेश सभा भौतिक संरचना मात्र होइन, आफ्नो मूल विधायकी भूमिकामै कमजोर देखिएको छ। संस्थागत संरचना विकासमा अपेक्षित प्रगति गर्न नसकेको प्रदेश सभा गत वर्ष भएको जेन-जी आन्दोलनका क्रममा भएको आगजनी र तोडफोडबाट गम्भीर रूपमा प्रभावित भएको छ। भौतिक क्षतिसँगै संसद्को विधायकी भूमिका पनि कमजोर बनेको छ। जेन-जी आन्दोलनअघि प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले ३ मंसिरमा प्रदेश सभाको बर्खे अधिवेशन अन्त्य गरेका थिए। त्यसयता प्रदेश सभा बैठक बस्न सकेको छैन।

स्थापनाको पहिलो कार्यकालमा तुलनात्मक रूपमा जिम्मेवार र जवाफदेही देखिएको प्रदेश सभा दोस्रो कार्यकालमा आइपुग्दा आफ्नो मुख्य भूमिकाबाट विचलित हुँदै गएको देखिन्छ। हालसम्म प्रदेश सभाबाट ९० वटा विधेयक पारित भएका छन् भने ८९ वटा कानुन राजपत्रमा प्रकाशित भइसकेका छन्। दोस्रो कार्यकालको सुरुवातमै संसद्मा पेस गरेर रातारात पारित गरिएको विवादित चिट्ठा विधेयक प्रदेश प्रमुखको कार्यालयबाट फिर्ता पठाइएपछि अहिलेसम्म प्रदेश सभामै अलपत्र छ। हाल प्रदेशसभामा तीनवटा विधेयक सभा, समिति तथा सचिवालयमा विचाराधीन अवस्थामा रहेको प्रदेश सभा सचिवालयले जानकारी दिएको छ। सभामुख अप्सरा चापागाईंका अनुसार आठौं वर्षमा हिउँदे र बर्खे अधिवेशन गरी प्रदेश सभाले पाँचौं अधिवेशनमा ६ वटा बैठक सञ्चालन गर्दै नौ घण्टा २५ मिनेट मात्रै समय खर्च गरेको थियो भने छैटौं अधिवेशनमा २४ वटा बैठक गर्दा ३९ घण्टा २१ मिनेट समय खर्च गरेको थियो। यसले सांसदहरूको ध्यान कानुन निर्माणभन्दा पनि विकासे योजना, बजेट वितरण र क्षेत्रगत प्रभाव विस्तारतर्फ बढी केन्द्रित हुन थालेका छन् भने प्रदेश सांसदहरू कानुन निर्माणभन्दा विकासे भूमिकातर्फ बढी आकर्षित भएको देखिन्छ। पछिल्लो समय संसद्मा पेस हुने विधेयकहरूमा दलस्तरीय छलफल र सांसदहरूको सक्रिय सहभागिता न्यून हुँदै गएको स्वयं उपसभामुख चौलागाईंको टिप्पणी छ। दलहरू स्वयं विधेयकमाथि छलफल गर्न इच्छुक नदेखिँदा संसद्को विधायकी भूमिका कमजोर बनेको उनी बताउँछिन्।



● **अप्सरा चापागाई**, उपसभामुख

पहिलो कार्यकालमा धेरै आवश्यक कानुन बने। अहिले ती कानुनको पुनरावलोकन आवश्यक छ। बैठक संख्या र छलफलको गुणस्तर पनि अपेक्षाअनुसार हुन सकेको छैन। यसमा सांसदहरूको चासो र चिन्ता हुनुपर्ने थियो, तर यस विषयमा कमजोरी भएको छ। कानुन निर्माणको संख्या मात्र होइन, बैठकमा हुने छलफलको गुणस्तरमा पनि कमी आएको छ। हामी यसमा सुधारका लागि योजना बनाइरहेका छौं।



उपसभामुख चापागाईंका अनुसार पहिलोको तुलनामा दोस्रो कार्यकालमा कानुन निर्माणको संख्या केही घटेको हो। 'पहिलो कार्यकालमा धेरै आवश्यक कानुन बने। अहिले ती कानुनहरूको पुनरावलोकन आवश्यक छ,' उनले भनिन्, 'बैठक संख्या र छलफलको गुणस्तर पनि अपेक्षाअनुसार हुनसकेको छैन। यसमा सांसदहरूको चासो र चिन्ता हुनुपर्ने थियो, तर यस विषयमा कमजोरी भएको छ।' उनले विधायकी भूमिकालाई प्रभावकारी बनाउनेतर्फ प्रदेश सभा सुधारका प्रयासमा जुटेको दाबी गरिन्।

प्रदेश सभाले नीतिगत चुनौतीसँगै गम्भीर भौतिक क्षति पनि व्यहोर्नुपरेको छ। गत २३ र २४ भदौको जेन-जी प्रदर्शनका क्रममा भएको आगजनी र तोडफोडबाट प्रदेश सभा सचिवालय तहसनहस भएको छ। सचिवालयको प्रतिवेदनअनुसार करिब ३२ करोड ५४ लाख ५७ हजार रुपैयाँबराबरको क्षति भएको छ। पुरानो सभाकक्ष, सचिवालय भवन, नयाँ भवन, संसदीय दलका कार्यालय र पुस्तकालय पूर्ण रूपमा क्षतिग्रस्त भएका छन्। आफ्नै भवन प्रयोग गर्न नसक्ने भएपछि हेटौंडा उपमहानगरपालिका- २ स्थित मुख्यमन्त्री कार्यालयको सभाहलबाट बैठक सञ्चालन गर्ने गरी प्रदेश सरकारले तयारी गरेको छ। सरकारले जेन-जी प्रदर्शनका क्रममा क्षतिग्रस्त बनेको उक्त हललाई सामान्य मर्मत गरेर रंगरोगन तथा आवश्यक फर्निचरको व्यवस्था गरिएको प्रदेश सभा सचिवालयका सचिव रामकुमार पौडेलले बताए।

दलहरूसँग निजी क्षेत्रको अपेक्षा

निर्वाचनपछि बन्ने सरकारको पहिलो प्राथमिकता निजी क्षेत्रको मनोबल उच्च पार्दै अर्थतन्त्रलाई पूर्वावस्थामै फर्काउने हुनुपर्छ



● विदुरचन्द्र लामिछाने
अग्रलेख

यतिखेर देश निर्वाचनमय भएको छ। प्रतिनिधिसभाको उम्मेदवार मनोनयनको दिन ६ माघमा प्रधानमन्त्री सुशीला कार्कीको एउटा सन्देश आयो- सिंगो राष्ट्र अब निर्वाचनको महाकुम्भमा होमियो। साँच्चै हो, सिंगो देश नै यतिखेर निर्वाचनमय भएको छ।

अघिल्ला र यसपालिको निर्वाचनमा धेरै भिन्नता छ। जेन-जी विद्रोहको बलमा भएको राजनीतिक परिवर्तनले देशमा ठुलो उतारचढाव ल्यायो। दशकौँ सत्तामा बसेर राजकीय ऐसआराममा रमाएका मुखिया नेतृत्व सत्ताच्युत भए। यतिखेर केही निर्वाचनमार्फत सत्ता पुनर्प्राप्तिका लागि मैदानमा उत्रिएका छन् भने केही विश्राममा छन्। नेपाली कांग्रेसजस्तो देशकै पुरानो दलभित्र युवा नेताबाट पार्टीको विधानतः भएको विद्रोहले दलका मुखियालाई विश्रामको अवस्थामा पुर्‍याइदियो।

आगामी निर्वाचनबाट धेरै नयाँ अनुहार संसद् प्रवेश गर्ने मोटामोटी अनुमान गर्न सकिन्छ। कुल ६८ दल निर्वाचनमा सहभागी हुँदै छन्। देशको प्रमुख दल कांग्रेसले झन्डै दुईतिहाइ नयाँ अनुहारलाई टिकट दिएको छ। रास्वपाले पनि अधिकांश नयाँ अनुहारलाई मैदानमा उतारेको छ भने एमाले र नेपाल कम्युनिस्ट पार्टी र अन्य दलले पनि नयाँलाई राम्रै अवसर दिएका छन्। अझ नयाँ कुरा त यो निर्वाचनमा ५२ प्रतिशत मतदाता युवा छन् भने युवा उमेदवार ३१ प्रतिशत छन्।

निर्वाचनका लागि उम्मेदवारीको प्रारम्भिक तथ्यांकमा जम्मा तीन हजार ४८४ जनाले उमेदवारी दर्ता गराएका छन्। एक हजार १८७ जना स्वतन्त्र उम्मेदवारका रूपमा सहभागी हुनेछन्। निर्वाचन आयोगका अनुसार यीमध्ये ४९ जनाले उम्मेदवारी फिर्ता लिएका छन्। उम्मेदवारी दिएकामध्ये ४६ प्रतिशतभन्दा केही बढी ३६ देखि ५० वर्ष उमेर समूहका छन्। त्यसैगरी, २५ देखि ३५ वर्ष उमेर समूहका १६.७३ प्रतिशत छन् भने ५१ देखि ६५ उमेर समूहको प्रतिनिधित्व ३१.२९ प्रतिशत छ। यसैगरी, वृद्ध समूह अर्थात् ६५ भन्दा माथिको प्रतिनिधित्व ५ दशमलव ७७ प्रतिशत देखिन्छ। अघिल्ला दुई निर्वाचनभन्दा आगामी निर्वाचनका लागि बढी उम्मेदवारी परेको बताइएको छ।

यसलाई सरसर्ती विश्लेषण गर्दा जेन-जी आन्दोलनपश्चात् युवामा अधिक राजनीतिक चेत र जागरण आएको भन्न सकिन्छ। धेरै युवा मूल राजनीतिक दल र यही निर्वाचनका लागि लक्ष्य गरी दर्ता गरिएका नयाँ दलमार्फत चुनावी मैदानमा आएका छन्। अबको निर्वाचनबाट संसद्मा निश्चय नै नयाँको बाहुल्य रहने मोटामोटी अनुमान गर्न सकिन्छ। लगभग ६० प्रतिशत हाराहारीमा नयाँ अनुहार विधायकका रूपमा संसद् छिर्ने अनुमान यतिखेर गरिँदै छ। पुराना दलका वृद्ध नेता र तिनका संरक्षणमा भ्रष्टाचारको दाग लागेका नेताहरू सायद जनताबाट अनुमोदन नहोलान् भन्ने अपेक्षा आमरूपमा रहेको छ।

यो लेखमार्फत देशको पुरानो र ठुलो दल कांग्रेससँग निजी क्षेत्रले गरेका अपेक्षालाई अलि बढी जोड दिने प्रयास गरिएको छ। यद्यपि, कांग्रेसबाहेक अन्य दलसँग पनि निजी क्षेत्रका समान अपेक्षा छन्। एउटा विशिष्ट परिस्थितिमा विशेष महाधिवेशनबाट कांग्रेसमा नयाँ नेतृत्व आएको छ। बढो कष्टसाथ कांग्रेसमा नेतृत्व परिवर्तन भयो। नेतृत्व परिवर्तनको विषय अझै पनि न्यायिक निरुपणको पर्खाइमै छ। निर्वाचन आयोगले नवनिर्वाचित नेतृत्वलाई मान्यता दिएको छ भने सर्वोच्चले पनि तत्काल अन्तरिम आदेश आवश्यक नभएको प्रारम्भिक सुनुवाइ गरेपछि नयाँ नेतृत्व सिंगो दलको नेतृत्व गर्दै निर्वाचनमा होमिएको छ।

जेन-जी विद्रोहमा ०६२/६३ को आन्दोलनमा सहभागी नभएका युवाकै बाहुल्य थियो। राजनीतिक दलले कहिल्यै सो वर्गको माग सम्बोधन गर्ने प्रयास गरेनन्। उनीहरूको चाहना, देशभित्र रोजगारीको अवसर नपाएको पीडा, हरेक क्षेत्रमा अति राजनीति र भ्रष्टाचारलाई खुलेआम प्रश्रय दिनुको परिणाम नै जेन-जी विद्रोह भएको कांग्रेसको वर्तमान नेतृत्वको निष्कर्ष छ। अब यसैको जगमा रहेर सुधारका काम गर्नुपर्ने र युवाले उठाएका सुशासन, भ्रष्टाचाररहित समाज, आर्थिक अवसरको सिर्जनालगायत एजेन्डा बोकेर स्पष्ट योजनासहित जनताको घरदैलोमा कांग्रेस जानुपर्छ।

मुलुकभित्र युवामा रहेको असन्तोष र निराशालाई कांग्रेसको नेतृत्वले राम्रोसँग पर्गेलेको छ। समस्याको जरोमै गएर समाधान गर्न सक्ने सामर्थ्य वर्तमान नेतृत्वले राख्ने विश्वास आमरूपमा छ। विकासका सबै 'प्यारामिटर'मा देशको दुर्गति देखिरहेको कांग्रेसको वर्तमान नेतृत्वसँग देशको मुहार फेर्ने भोक रहेको सहजै अनुमान गर्न सकिन्छ। पदाधिकारीसहित सिंगो कार्यसमितिमा रहेको यो भोक र तागतलाई एकत्रित गरेर कांग्रेसले साँच्ची नै नवीन ऊर्जा, उत्साह, एकता र रूपान्तरणसहित समुन्नत नेपाल रूपान्तरणको अभियानमा एकजुट भएर अघि बढ्ने विश्वास आमजनतामा छ।

राजनीतिक वादलाई चिरस्थायी गर्ने उद्यमशीलतासहितको आर्थिक उन्नतिले नै हो। आर्थिक उन्नतिविनाको राजनीति स्थायी हुँदैन। विशेष महाधिवेशनमार्फत पारित गरिएको कांग्रेसको राजनीतिक प्रस्तावमा पनि समृद्धि कसरी आउँछ भन्ने कुरालाई बडो प्रस्टसँग उल्लेख गरिएको छ। पारित



राजनीतिक प्रस्तावमा समेटिएका आर्थिक एजेन्डा, रोजगारीका एजेन्डा, समुन्नतिका एजेन्डा कांग्रेसको चुनावी घोषणापत्रमा समेटिने विश्वास गर्न सकिन्छ। कांग्रेस नेतृत्वको सरकारले २०४८-५० मा खुला बजार अर्थनीतिमार्फत गरिएको आर्थिक सुधारले बसालेको जगकै कारण यसबिच आएका कठिनभन्दा कठिन परिस्थितिमा पनि नेपाल असफल राष्ट्र हुनबाट जोगिएको कुरालाई कसैले पनि नकार्न सक्दैन। अर्थतन्त्रको पुनर्निर्माण, नवनिर्माण र पुनरोत्थानका लागि निजी क्षेत्रले सरकारसँग आवश्यक सुरक्षा, समन्वय र सहकार्य खोजेको छ। निजी क्षेत्रले निर्बाध उद्यम व्यवसाय गर्ने, पुँजीवृद्धि गर्ने वातावरण पाए मात्र राजनीतिक दलहरूले राखेका आर्थिक विकास, रोजगारी र समृद्धिका लक्ष्य पूरा हुन्छन्। तर, अहिले त्यो वातावरण देखिँदैन। यतिखेर नेपालको निजी क्षेत्रको मनोबल एकदमै खस्किएको छ। जेन-जी विद्रोहपश्चात् युवा उद्यमीमा अझ बढी अस्थिरता पाइन्छ। यो अवस्थामा गुमेको मनोबललाई उकास्दै समृद्धिरूपी गाडीको 'ड्राइभिङ सिट'को जिम्मेवारी लिन देहायका प्रतिबद्धता कांग्रेससहित प्रमुख राजनीतिक दलबाट निजी क्षेत्रले खोजेको छ।

सुरक्षाको प्रत्याभूति : औद्योगिक व्यावसायिक सुरक्षा निजी क्षेत्रको सबैभन्दा ठुलो माग हो। उनीहरू सबैभन्दा बढी कुनै कुराले चिन्तित छन् भने त्यो हो सुरक्षा। हरेक आन्दोलन र अस्थिरताको निसानामा उद्योगी व्यवसायी पर्दै आएका छन्। आन्दोलन आयोजकबाटै आक्रमण र क्षतिको क्षतिपूर्ति भराउने कानुनी व्यवस्थाका लागि निजी क्षेत्रले दशकौँदेखि आवाज उठाउँदै आयो। तर, कहिल्यै सुनुवाइ भएन। मुलुकको अर्थतन्त्रमा यो वर्गले पुर्‍याएको योगदानको कदर कहीँकतै भएको आभास यो क्षेत्रले गर्न पाएन। निजी क्षेत्रले कानुनको अधीनमा रही निश्चित प्रतिशत नाफा लिन्छन् र त्यही नाफाबाट उद्योग व्यवसाय विस्तार गर्छन्, प्रविधि ल्याउँछन्, लगानी बढाउँछन्, सरकारलाई राजस्व तिर्छन्, रोजगारी बढाउँछन्, जनताको गाँस, वास, कपासमा योगदान गर्छन् भन्ने आमसन्देश प्रवाहमा दलको भूमिका अपरिहार्य छ। निजी क्षेत्रको गिरेको मनोबल उठाउन सुरक्षाको प्रत्याभूति दलबाट खोजिएको छ। यसका लागि दीर्घकालीन औद्योगिक सुरक्षा रणनीति निजी क्षेत्रले खोजेको छ।

> निजी क्षेत्रले निर्बाध उद्यम व्यवसाय गरी पुँजी वृद्धि गर्ने वातावरण पाए मात्र राजनीतिक दलले राखेका आर्थिक विकास, रोजगारी र समृद्धिका लक्ष्य पूरा हुन सक्छन्

आर्थिक सुधारको प्रतिबद्धता : आर्थिक सुधारको माग निजी क्षेत्रले निरन्तर उठाउँदै आएको हो। २०४८-५० मा गरेको खुला बजार अर्थनीतिमार्फत गरिएको आर्थिक सुधारले बसालेको जगकै कारण नेपाल आर्थिक रूपमा असफल हुनबाट जोगियो। यो यथार्थलाई कसैले नकार्न सक्दैन। निजी क्षेत्रले अबको १० वर्षभित्र मुलुकको आर्थिक आकार करिब १०० अर्ब अमेरिकी डलरको पुर्‍याउनुपर्ने कुरामा जोड दिँदै आएको छ। अहिले देशको अर्थतन्त्रको आकार ४४ अर्ब डलरको हाराहारीमा छ। अर्थतन्त्रमा तत्काल गतिशीलता ल्याउन मात्र होइन, विद्यमान संरचनात्मक समस्यासमेतलाई सम्बोधन गर्ने गरी समग्र पक्षको विश्लेषण गरेर दिगो र उच्च आर्थिक वृद्धि हासिल गर्ने उद्देश्यसाथ बृहत् आर्थिक सुधार कार्यक्रम तत्कालको आवश्यकता हो। निजी क्षेत्रको समेत संलग्नतामा गठित उच्चस्तरीय आर्थिक सुधार सुझाब आयोगले पनि आफ्नो प्रतिवेदनमा यसलाई जोड दिएको छ। यसमा स्पष्ट योजनासहित दलहरूको प्रतिबद्धता खोजिएको छ।

चन्दा दिने-लिने कार्यको अन्त्य : हरेक निर्वाचन तथा राजनीतिक दलले आयोजना गर्ने सार्वजनिक समारोह, दलका महाधिवेशन, वार्षिक कार्यक्रममा हुने खर्चका लागि निजी क्षेत्रबाट चन्दा उठाउने कार्य बन्द गरिनुपर्छ। चन्दा लिने-दिने कार्यको चौतर्फी विकृत प्रभाव देशको राजनीति, प्रशासन र निजी क्षेत्रमा पर्छ। कांग्रेसले आफ्नो विशेष महाधिवेशनबाट राजनीतिक दलसम्बन्धी प्रस्तावमा दलहरूले प्राप्त गरेको मतभारका आधारमा राजनीतिक दललाई राज्यकोषमार्फत अनुदान उपलब्ध गराउनुपर्ने कुरालाई पारित गरिसकेको छ। र, दलहरूको आर्थिक गतिविधिमा कठोर वित्तीय अनुशासन कायम गर्ने कुरामा समेत कांग्रेसले आफूलाई स्पष्ट पारेको छ। अन्य राजनीतिक दलबाट पनि यस्तै प्रकारका प्रतिबद्धता आउन आवश्यक छ। कांग्रेसको यो प्रयासको प्रशंसा गर्नैपर्छ। यसले समाजमा हुने विकृति रोक्छ भने आर्थिक विकासमा पनि सहयोग गर्छ।

संयुक्त आर्थिक समूह गठन : निर्वाचनपछि बन्ने सरकारको पहिलो प्राथमिकता निजी क्षेत्रको मनोबल उच्च पार्दै अर्थतन्त्रलाई पूर्वावस्थामै फर्काउने हुनुपर्छ। सरकारले निजी क्षेत्रका सुझावलाई गहन रूपमा लिन नसकेको गुनासो उद्यमी व्यवसायीको छ। निजी क्षेत्रलाई काम गर्न अप्ठ्यारो पर्ने कार्य कहीँकतैबाट हुनुहुँदैन। निजी क्षेत्रका समस्या सम्बोधन गर्न एउटा स्थायी संयन्त्रको खाँचो छ। निजी क्षेत्रका छाता संस्थाका पदाधिकारी, स्वतन्त्र विज्ञ र सरकारको प्रतिनिधित्व उद्योग मन्त्रालयको संलग्नतामा अधिकार सम्पन्न एक स्थायी संयन्त्र (उदाहरणका लागि संयुक्त आर्थिक समूह) गठन आवश्यक छ। मुलुकको नीति-निर्माणमा निजी क्षेत्रको प्रत्यक्ष सहभागिता गराउन पनि यो संयन्त्र प्रभावकारी हुन सक्छ। निजी क्षेत्रका यावत् समस्या, गुनासा र सुझाबलाई सम्बोधन गर्न यो संयन्त्रलाई परिचालन गरिनुपर्छ।

अब २१ फागुनको निर्वाचनलाई लक्षित गरी दलहरूका आ-आफना घोषणापत्र पनि आउँदै छन्। उल्लिखित केही तर महत्त्वपूर्ण बुँदा प्रमुख राजनीतिक दलको घोषणापत्रमार्फत उनीहरूको प्रतिबद्धता निजी क्षेत्रले खोजेको छ। दलहरूको घोषणापत्रमा लागू गर्न सकिने मात्र आर्थिक विषय समेटिनुपर्ने निजी क्षेत्रको माग छ। घोषणापत्रमा यावत् कुरा राख्ने तर कार्यान्वयनमा रत्तिभर चासो नदिने प्रवृत्ति रोकिनुपर्छ। उद्यमशीलता प्रवर्द्धन, लगानी अभिवृद्धि, सुरक्षाको प्रत्याभूतिसहितको गरिखाने वातावरण दिने सुनिश्चितता घोषणापत्रमार्फत दिइयोस्। निजी क्षेत्रका मुद्दामा अन्य राजनीतिक दललाई पनि एक ठाउँमा ल्याई कांग्रेसले अब आर्थिक क्रान्तिका लागि नेतृत्वदायी भूमिका निर्वाह गरोस् भन्ने अपेक्षा निजी क्षेत्रको रहेको छ।

happylamichhaney@gmail.com

---

३ प्रश्न

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपमहानिर्देशक तथा प्रवक्ता **वेदकुमार ढकाल**लाई



हामीकहाँ वन्यजन्तु र मानव समुदायबिच द्वन्द्व बढ्दै गएको देखिन्छ नि ?

हो, वन्यजन्तु र मानव समुदायबिच द्वन्द्व बढ्दै गएको छ। हाम्रो समाजको अर्थ-सामाजिक पक्षले समेत यसमा मलजल गरिरहेको छ। बसाइँसराइ बढ्दै जाँदा पहाडी क्षेत्रका खेतबारी पनि झाडी या जंगलमा परिणत हुँदै गएका छन्। जसले गर्दा बाँदर, बँदेलजस्ता वन्यजन्तु मानव बस्तीसम्मै पुगेका छन्। यस्ता कृषि हानिकारक जन्तुसँगै बाघ, चितुवाजस्ता वन्यजन्तु पनि यदाकदा मानव बस्तीमा पुग्न र क्षति पुर्‍याउन थालेका छन्। कतिपय स्थानमा यिनीहरूबाट मानिसकै ज्यानसमेत गएको छ। मानिसको सहनशीलता पनि घटेको छ। फेरि २०६७ यता वन्यजन्तुले पुर्‍याएको क्षतिअनुसार राहत दिने व्यवस्था भएपछि 'रेकर्ड' हुने क्रम पनि बढेको छ।

वन्यजन्तु मानव बस्तीनजिक आएका हुन् कि मान्छे जंगलनजिक गएका हुन् ?

तराईमा बस्ती विस्तार भएको छ। मानव बस्तीका लागि जंगल अतिक्रमित हुँदा मान्छे जंगलनजिक पुगेका छन् भने पहाडमा वनक्षेत्र बढ्दा वन्यजन्तु बस्तीमा पुगेका छन्। समग्रमा हेर्दा वन्यजन्तुको संख्या पनि बढेको छ। द्वन्द्व बढ्नुको मुख्य कारण यिनै हुन सक्छन्।

यस्तो द्वन्द्व कम गर्ने उपाय के हुन सक्छ त ?


यसका लागि वन्यजन्तुलाई समृद्धिसित पनि जोड्नुपर्छ भन्ने सोच अघि बढाइएको छ। खासगरी बँदेल, बाँदरजस्ता कृषि हानिकारक जन्तुलाई निश्चित राजस्व तिरेर मार्न पाइने व्यवस्था गरिएको छ। यो सूचीमा दुम्सी र निलगाई पनि समेटिनुपर्छ भन्ने माग आइरहेको छ। प्रदेशस्तरमा चिडियाखाना सञ्चालन गर्न सकियो भने यसरी बस्ती पस्ने वन्यजन्तुलाई समातेर राख्न सकिन्छ। यसबाट केही रोजगारी र आर्थिक उपार्जनसमेत गर्न सकिन्छ। ढोरपाटनजस्तै अन्य केही हन्टिङ रिजर्भ बनाएर बँदेललगायत निश्चित जीवको सिकार खुला गर्न पनि सकिन्छ। वन्यजन्तु र मानव पहिल्यैदेखि सँगसँगै बस्दै आएका छिमेकी हुन्। छिमेकी फेर्न सकिन्न। ऊसित मिलेर बस्नुको विकल्प हुँदैन।

प्रेरक प्रसंग

अठोटको परिणाम

यो घटना सन् १८९२-९३ तिरको हो। लाहोर कलेजमा स्नातक तहमा एक गरिब विद्यार्थी पढ्थे। गरिब भए पनि उनी पढाइमा भने निकै तेज थिए। एकपटक अर्को एक छात्रले ती गरिब विद्यार्थीलाई हेप्ने उद्देश्यले होच्याउँदै भने, 'ब्राह्मण भएर तिमी संस्कृतको साटो फारसी पढ्दै छौ। यो कति लाजमर्दो कुरा हो, भन त।'

साथीको यस भनाइले ती विद्यार्थीलाई चसक्क बिझायो। उनले संकल्प गरे, एक न एक दिन म अवश्यै संस्कृत भाषा र साहित्यको राम्रो ज्ञान हासिल गरेरै छाड्नेछु। तत्काल भने उनले केही भनेनन्। उनले मुखले बोलेर प्रतिवाद गर्नुभन्दा पनि कामले नै त्यो पुष्टि गरेर देखाउने अठोट गरे। उनी छिटोभन्दा छिटो संस्कृतको मूलभूत जानकारी प्राप्त गर्न चाहन्थे। त्यसैले, उनले संस्कृतका एकजना अध्यापकसँग गएर आफ्नो चाहना व्यक्त गरे। उनी सोही वर्षको संस्कृत भाषाको स्नातक तहको परीक्षामा सम्मिलित हुन चाहन्थे। उनको चाहना बुझेपछि पहिले ती अध्यापक मुसुक्क मुस्कुराए र भने, 'रहर गर्नु त ठिकै हो, तर संस्कृत पढ्दै नपढेको विद्यार्थीले एकैपटक स्नातक तहको संस्कृतको परीक्षा कसरी दिन सक्छौ ?'



अध्यापकको रुखो जवाफपछि पनि उनी निराश भएनन्। उनी आफ्ना बाबु, साथीहरू र कक्षाका जान्ने विद्यार्थीको सम्पर्कमा रहेर संस्कृत अध्ययनमा जुटे। त्यसको तीन महिनापछि उनी पुनः तिनै अध्यापककोमा पुगे। त्यहाँ पुगेपछि उनले संस्कृतको परीक्षा दिने अवसर मिलाइदिन अनुरोध गरे। उनको क्षमता जाँच्ने अभिप्रायले अध्यापकले प्रश्न सोध्दा उनले भटाभट सबै प्रश्नको जवाफ सजिलै दिए।

दृढ निश्चयी यी विद्यार्थी भारतीय सभ्यता र संस्कृतिका अमूल्य रत्न स्वामी रामातीर्थ थिए, जसले स्नातकको सो परीक्षामा विश्वविद्यालयभरिमै पहिलो स्थान प्राप्त गरे।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

के सधैँ यस्तै हुने हो ?

देश चुनावमय बनेको छ। चुनावमा मतदाताको घरदैलोसम्म पुग्ने उम्मेदवार र तिनका दलले मतदातासामु अनेकौँ वाचा गर्छन्। तिनले कुन वाचा पूरा गर्न सकिन्छ र कुन सकिन्न भन्ने विषयमा कत्ति पनि ध्यान दिँदैनन्। मतदाता के चाहन्छन्, त्यही पूरा गर्ने वाचा गर्न उनीहरूले कन्जुस्याइँ कहिल्यै गर्दैनन्। तर, तिनले आफूले कहाँ केकस्ता वाचा गरेको थिएँ भन्नेचाहिँ कहिल्यै सम्झिँदैनन्। चुनावमा हारे त कुरै सक्किहाल्यो। उनीहरू फेरि अर्को चुनावअघि जनतासामु जानु आवश्यकसम्म ठान्दैनन्। जित्नेले पनि आफ्ना कुनै पनि वाचा कहिल्यै पूरा गरेको देखिन्न, सुनिन्न। के चुनावमा जहिल्यै यस्तै हुने हो ? के चुनावमा गरेका वाचा कहिल्यै पूरा नहुने नै हुन् त ?

● **गौरव महर्जन,** कीर्तिपुर, काठमाडौं

प्रहरीको ध्यान जाओस्

'समूह नै बनाएर लुटपाट' शीर्षकको समाचार पढ्दा मनै भरंग भयो। जेन-जी आन्दोलनको मौकामा हिरासतबाट भागका कैदीले समूह नै बनाएर राजधानीका सडक, गल्लीहरूमा लुटपाट मच्चाउँदै गरेको समाचारले एक किसिमको डर पनि लाग्यो। के अब हामी सर्वसाधारणले सडकमा ढुक्क भई हिँड्न नपाउने नै हो ? खासगरी निर्वाचनको मुखमा प्रहरीहरू निर्वाचनकेन्द्रित सुरक्षामा व्यस्त भएको समयमा लुटपाट र चोरीका घटना बढ्न सक्छन्। प्रहरीको ध्यान जाओस्।

● **कुमुदिनी परियार,** झौँछे, काठमाडौं

सरकारले ठिक गर्‍यो

नेपाल सरकारले जनपद प्रहरीको रासनभत्ता १० प्रतिशत बढाएर अन्य सुरक्षा निकायसँग बराबर गर्ने निर्णय गरेर निकै राम्रो काम गरेको छ। खासगरी प्रहरीको रासनभत्ता नेपाली सेना र सशस्त्र प्रहरीको भन्दा कम हुँदा सुरक्षाकर्मीबिच विभेद भइरहेको थियो। रकम जेजति बढेको भए पनि अन्य सुरक्षा निकायसँग समान भएपछि प्रहरीको मनोबल उकास्न यसले सहयोग पुर्‍याउनेछ। यसबाट प्रहरीको सेवा प्रवाह थप प्रभावकारी हुने अपेक्षा गर्न सकिन्छ।

● **सन्देश कठायत,** हलचोक, काठमाडौं

यातायात व्यवसायीको लुट

काठमाडौंको उत्तरपूर्वमा रहेको साँखुमा लागेको एकमहिने स्वस्थानी-माधवनारायणको मेला आज सकिँदै छ। देशका विभिन्न भागबाट आएका लाखौँ श्रद्धालु भक्तजन रत्नपार्क, कोटेश्वर र चाबहिल हुँदै त्यसतर्फ लाग्छन्। तीर्थयात्रा गर्ने यात्रुका कष्ट भने बयान गरी साध्य छैन। सार्वजनिक सवारीसाधनमा यात्रुलाई गुन्द्रुक खाँदेझैँ खाँद्ने चलन त काठमाडौंमा अब सामान्य भइसक्यो। यस्तोमा श्रद्धालु भक्तजन सवारी भाडामा समेत चरम रूपमा ठगिने गरेका छन्।

श्रद्धालुको तीर्थयात्राबाट सबैभन्दा ठुलो 'दसैँ' यातायात व्यवसायीलाई आएको छ। रत्नपार्कबाट साँखु पुगेको ९० रुपैयाँ लिन्छन्। अनि कोटेश्वरबाट साँखु पुगेको ठ्याक्कै १०० रुपैयाँ भाडा असुल्छन् तिनले। खासमा भाडाचाहिँ कति हो थाहा छैन। न कुनै गाडीमा भाडादर खुल्ने सूचनापाटी नै छ। उनीहरूले मनलागी भाडा लिइरहेका छन्, तर यसतर्फ कसैको पनि ध्यान गएको देखिन्न। यस विषयमा प्रश्न गरे प्रतिवाद गर्दै चालक र सहचालकले कुटुँलाझैँ गर्छन्।

के देशमा तीन तहको सरकार भएको सबैले मिलेर लुटिखान मात्रै हो ? सर्वसाधारणले कहाँ गएर कुरा राख्ने ? कसले सुन्ने ? संघीय सरकारलाई चासो छैन। प्रदेश र स्थानीय सरकारले त देखेको होला नि ! तर, देखेर नि नदेखेझैँ गर्छन् सबै। यहाँ कसैको अनुगमन छैन। कुनै कारबाही छैन। नागरिक कतिन्जेल यसरी लुटिइरहने ?

● **सुललिता शर्मा,** भक्तपुर
sharmasulalita@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

कुर्दमाथि अमेरिकी धोकाले बढायो क्षेत्रीय अस्थिरताको जोखिम

वासिंटनले सिरियाको संक्रमणकालीन सरकार लोकतान्त्रिक र अल्पसंख्यक अधिकारप्रति प्रतिबद्ध रहेको सुनिश्चित गर्नुपर्छ



देश/विदेश
● कामरान मातिन

सिरियाली सेनाले जनवरीको सुरुमा कुर्द नेतृत्वको सैन्य समूह 'सिरियन डेमोक्रेटिक फोर्सेस (एसडिएफ)' विरुद्ध सैन्य कारबाही सुरु गर्‍यो। दमास्कसलाई अमेरिकाको समर्थन र टर्कीको हतियारको साथ थियो। यस सैन्य अभियानमा सुन्नीबहुल सिरियाली फौजलाई साथ दिएर अमेरिकाले आफूहरूलाई धोका दिएको कुर्द समुदायले महसुस गरेको छ। एसडिएफ लामो समय सिरियामा 'इस्लामिक स्टेट (आइएस)'विरुद्ध अमेरिका तथा पश्चिमको सबैभन्दा प्रभावकारी साझेदार रहेको भए पनि अहिले आएर अमेरिकाले उसको साथ छाडेको छ।

भीषण लडाइँपछि अहिले सिरियाली सेना र एसडिएफबिच अमेरिकाको मध्यस्थतामा १५ दिनको कमजोर युद्धविराम लागू भएको छ। तर, संयुक्त राष्ट्र संघका अनुसार सिरियाली सेनाको सैन्य कारबाहीका कारण कम्तीमा एक लाख ३४ हजार कुर्दहरू विस्थापित भइसकेका छन्। सिरियाली कुर्दहरू आफूमाथि गत वर्ष देशका अलावाइट र ड्रुज समुदायविरुद्ध भएजस्तै व्यापक दुर्व्यवहार हुने हो कि भन्ने त्रासमा छन्।

सिरियामा अमेरिकाले भूराजनीतिक आधारमा आफ्नो मित्र फेरबदल गरेको हो। ट्रम्प सरकारले सन् २०२५ मा सार्वजनिक गरेको राष्ट्रिय सुरक्षा रणनीतिअनुरूप वासिंटनले मध्यपूर्वमा इरानी प्रभावलाई रोक्ने लक्ष्य लिएको छ। साथमा यस भेगको सुरक्षामा आफ्नो भूमिका घटाउने अमेरिकी योजना छ। डिसेम्बर २०२४ मा टर्की-समर्थित इस्लामिक समूहको गठबन्धनले बसर अल-असदलाई अपदस्थ गरेदेखि नै अमेरिकाले सिरियामा तैनाथ आफ्ना फौज फिर्ता गर्ने तयारी गरिरहेको छ। फौज फिर्तीका लागि अमेरिकाले राष्ट्रपति अहमद अल-सारा नेतृत्वको सरकारलाई उत्कृष्ट विकल्प ठानेको देखिन्छ।

टर्कीको संरक्षण पाएको र खाडी राज्यको समर्थन पाएको अल-सारा सरकारले यस भेगमा इरानको प्रभाव कम गर्न सक्ने अमेरिकाको विश्वास छ। तर, वर्तमान सिरियाली सरकारप्रति अमेरिकाका दुई मित्रशक्ति इजरायली र टर्कीका प्राथमिकता फरक पर्नाले अमेरिकी रणनीति कार्यान्वयनमा जटिलता आएको छ। इजरायलले राष्ट्रपति अल-साराको अल-कायदा समूहसँगको विगतको आबद्धता र सारा सत्तामा आएसँगै सिरियाली सेनामा विदेशी जिहादी लडाकुलाई समेत समाहित गरिएपछि गम्भीर सुरक्षा खतरा महसुस गरेको छ। यसैले, असदको पतनलगत्तै इजरायलले सिरियाका अधिकांश रणनीतिक सैन्य पूर्वाधार इस्लामवादीका हातमा पर्न नदिन भन्दै आक्रमण गरेर नष्ट गरिदियो।

उता टर्कीले लामो समयदेखि सिरियाली कुर्दहरूको स्वायत्तता (सन् २०१२ देखि विशेष प्रभावकारी रूपमा) खतरा मान्दै आएको छ। राजनीतिक र सांस्कृतिक अधिकारका लागि बृहत्तर कुर्द समुदायको दशकौँ लामो संघर्षलाई ध्यानमा राख्दै टर्कीले छिमेकी सिरियाबाट आफ्नो देशभित्रको ठुलो कुर्द समुदायमा प्रभाव पर्ने मान्छ। वासिंटनले दुईथरी दृष्टिकोणमार्फत यो प्रतिद्वन्द्वी स्वार्थलाई सम्बोधन गर्न खोजेको देखिन्छ।

पहिलो, अमेरिकाले सिरिया र इजरायललाई सुरक्षा-आर्थिक सम्झौताको वार्तामा बस्न दबाब दियो। यसअनुरूप सिरियाले इजरायली चिन्तालाई सम्बोधन गरे, बदलामा असदको पालामा सिरियामाथि लगाइएका प्रतिबन्ध हटाउने र पुनर्निर्माणमा सहायता गर्ने वाचा गरियो। विभिन्न समूहको नियन्त्रणमा विभाजित देशमाथि एकल नियन्त्रण कायम गर्न राष्ट्रपति अल-सारा इजरायलसँग जोडिएको देशको दक्षिणी भेगलाई निःशस्त्रीकरण गर्न तयार भए।

दोस्रो, अमेरिकाले टर्कीको चिन्तालाई सम्बोधन गर्न



कुर्दहरूलाई नयाँ सिरियाली राज्यमा आफ्नो सैन्य र प्रशासनिक संस्था समाहित गर्न दबाब दियो। यसै दबाबपछि एसडिएफ र दमास्कसले मार्च २०२५ मा एक सम्झौतामा हस्ताक्षर गरे। सम्झौतापछि कुर्दले स्थानीय स्वायत्तता र एसडिएफ फौजलाई समूहगत रूपमा राष्ट्रिय सेनामा समायोजन गर्नुपर्ने माग राख्यो। अंकाराको दबाबमा दमास्कसले कुर्दिस मागलाई अस्वीकार गर्‍यो, जसले गर्दा गतिरोध उत्पन्न भयो।

गतिरोध लम्बिरहँदा अमेरिकाको मध्यस्थतामा जनवरी २०२६ को सुरुमा पेरिसमा इजरायल र सिरियाबिचको सुरक्षा-आर्थिक सहमतिको खाका कोर्न एक बैठक भएको थियो। बैठकमा सुरक्षा-आर्थिक सहमतिको एक खाकामा सहमति भएको छ र त्यसलाई छिट्टै अन्तिम रूप दिने भनिएको छ। त्यहाँ सिरियाली सेनाले कुर्द क्षेत्रमा सीमित अप्रेसनको प्रस्ताव राखेको थियो। अमेरिकाले त्यसमा कुनै आपत्ति नभएको जवाफ दियो। त्यसको लगभग तुरुन्तै सिरियाली सेनाले एसडिएफले नियन्त्रणमा लिएको क्षेत्रमा आफ्नो आक्रमण सुरु गरेको थियो।

अमेरिकाले सिरियामा इरानविरोधी सरकारका लागि कुर्दको साथ परित्याग गर्दा घरेलु र क्षेत्रीय जोखिम बढेको छ। घरेलु रूपमा यसले राष्ट्रपति अल-सारालाई थप बलियो बनाएको छ। यसले उनलाई आगामी दिनमा देशका अन्य अल्पसंख्यक ड्रुज, अलावित, असिरियनलगायतमाथि थप कठोर हुन प्रोत्साहित गर्न सक्छ। यसले सद्दाम हुसेनको नेतृत्वमा छिमेकी इराकमा बनेजस्तै केन्द्रीकृत राज्य पुनरुत्पादन हुन सक्छ। यसले सिरियामा भविष्यमा गृहयुद्धको जोखिम बढाउनेछ।

क्षेत्रीय रूपमा यस कदमले छिमेकी इराकलाई अस्थिर बनाउँछ। अक्टोबर २०२५ मा सम्पन्न आम निर्वाचनपछि बनेको इराकी संसद्ले भर्खरै पूर्वप्रधानमन्त्री नुरी अल-मलिकीलाई प्रधानमन्त्री उम्मेद्वार प्रस्ताव गरेको छ। अल-मलिकीले अल-सारा नेतृत्वको सरकारलाई आतंककारीको संज्ञा दिएका छन्। एसडिएफको कब्जामा रहेका क्षेत्रमाथि सिरियाली सेनाले कब्जा गर्ने स्थिति बनेपछि सो भागमा कैदमा रहेका हजारौँ पूर्वआइएस लडाकुलाई इराक सार्न थालिएको छ। यो अभियान खासमा इराकी सरकारको आग्रहपछि अमेरिकी सेनाको निगरानीमा सुरु भएको हो। वासिंटनले सिरियाको संक्रमणकालीन सरकार लोकतान्त्रिक र अल्पसंख्यक अधिकारप्रति प्रतिबद्ध रहेको सुनिश्चित नगर्ने हो भने सिरियामा अल्पसंख्यकमाथि ठुलो दमन हुन सक्छ।

(मातिन ससेक्स विश्वविद्यालयका अन्तर्राष्ट्रिय सम्बन्धका सहप्राध्यापक हुन्)

द कन्भर्सेसनबाट

ट्रम्पले ग्रिनल्यान्डलाई अमेरिकामा गाभ्न खोज्नुको अर्थ

डाभोसमा गत साता आयोजित विश्व आर्थिक मञ्चको वार्षिक सम्मेलनमा ट्रम्पले ग्रिनल्यान्डमाथिको दाबी पुनः दोहोऱ्याए



● मनोज जोशी
(जोशी दिल्लीस्थित अब्जर्भर रिसर्च फाउन्डेसनका अनुसन्धानकर्ता हुन्)

स्पष्ट रूपमा ट्रम्पको ग्रिनल्यान्ड गाथा उनको मनमोहक स्वभावसँग जोडिन्छ। कसैकसैले भन्छन् कि ग्रिनल्यान्डको स्वामित्व लिने उनको चाहना सन् १८०३ मा जेफर्सनले लुइसियाना खरिदका लागि देखाएको इच्छा र नोबेल शान्ति पुरस्कार नपाएको आक्रोशबाट उत्पन्न भएको हो। अरूले तर्क गर्छन् कि उनी प्राकृतिक स्रोत हडप्ने नवसाम्राज्यवादी हुन्। उनको आफ्नै शब्दमा उनको इच्छा केवल उनको 'आफ्नै नैतिकता'ले निर्देशित छन्।

ट्रम्पले आफ्नो पहिलो कार्यकालमा २०१९ मा पहिलोपटक ग्रिनल्यान्ड खरिद गर्ने चाहना व्यक्त गरेका थिए। यो टापु ३०० वर्षदेखि डेनमार्कको अंश रहेको छ। डेनिस र ग्रिनल्यान्ड दुवैले ट्रम्पको प्रस्ताव अस्वीकार गरेका थिए। २०२४ मा अमेरिकी रक्षा मन्त्रालयले आफ्नो आर्कटिक रणनीति जारी गऱ्यो, जसमा यस क्षेत्रलाई 'जनवादी गणतन्त्र चीनको चुनौती'को एक हिस्साको रूपमा वर्णन गरिएको थियो। मन्त्रालयले 'निगरानी र प्रतिक्रिया' दृष्टिकोण अपनाएको थियो। जुन २०२५ मा ट्रम्पले ग्रिनल्यान्डको दायित्व अमेरिकी युरोपेली कमान्डबाट उत्तरी कमान्डमा हस्तान्तरण गरे र यसलाई मातृभूमि रक्षामा एकीकृत गरे।

गत साता विश्वव्यापी व्यापार र राजनीतिक अभिजात वर्गको वार्षिक सम्मेलन डाभोसमा ग्रिनल्यान्डमाथिको नाटक फेरि मञ्चन भयो। डोनाल्ड ट्रम्पले यो कार्यक्रमलाई प्रभावकारी रूपमा अपहरण गरे र ग्रिनल्यान्डको अधिग्रहणका लागि जोडदार माग गरे। आफ्नो मागको प्रतिरोध गरेकोमा अमेरिकाले आफ्ना युरोपेली व्यापारिक साझेदार र सैन्य सहयोगीमाथि शुल्क बढायो। अन्ततः डाभोस अपमान, धम्की र अवहेलना गर्ने ठाउँ बन्यो। ट्रम्प आफ्नो धम्कीबाट पछि हटे, शुल्क फिर्ता लिए र अमेरिकाले डेनमार्कसँग 'भविष्यका सम्झौताका लागि एक रूपरेखा' बनाएको दाबी गरे।

भूराजनीतिक मुद्दाको रूपमा ग्रिनल्यान्डको उदय जलवायु परिवर्तनको प्रत्यक्ष परिणाम हो। निरन्तर घट्दो बरफका कारण अर्को दशकमा ग्रिनल्यान्डले गर्मीयाममा बरफ गुमाउने अपेक्षा गरिएको छ। यसले भूराजनीतिक र भूआर्थिक तनावलाई तीव्र बनाउनेछ। बरफको पत्र फुट्दै जाँदा ग्रिनल्यान्डले लगभग २८० अर्ब टन बरफ गुमाइरहेको छ।

१९९६ मा आठ देशले आर्कटिक परिषद् स्थापना गरे। नर्वेमा सचिवालय भएको यस अन्तरसरकारी मञ्चले आर्कटिक देशहरू- क्यानडा, डेनमार्क, फिनल्यान्ड, आइसल्यान्ड, नर्वे, रुस, स्विडेन र संयुक्त राज्य अमेरिकाबिच सहयोग, समन्वय र अन्तर्क्रियालाई प्रवर्द्धन गर्न मद्दत गऱ्यो। भारत, चीन र जर्मनीसहित अठतीस गैरआर्कटिक देशले पर्यवेक्षकको हैसियत राखेका छन्। तर, हालैका विवादमा परिषद्ले थोरै मात्र बोलेको छ। उल्लेखनीय कुरा के छ भने तनाव अमेरिका र उसका कथित प्रतिद्वन्द्वी, चीन र रुसबिच उत्पन्न भएको छैन, बरु वाशिंटन र उसका एट्लान्टिक सहयोगीबिच उत्पन्न भएको छ। यो संकट केही समयदेखि विकसित भइरहेको छ, राष्ट्र संघले 'अन्तर्राष्ट्रिय कानुनको शासन', सार्वभौमिकता र संयुक्त राष्ट्र प्रणालीको समर्थन गरिरहेको छ, जबकि अमेरिकाले प्रभुत्व। क्यानडाका प्रधानमन्त्री मार्क कार्नीले भनेझैं अमेरिकी मनोवृत्तिले 'संक्रमण होइन, विच्छेद' निम्त्याएको छ।



ग्रिनल्यान्डमा तेल र प्राकृतिक ग्यासको ठुलो भण्डार रहेको विश्वास गरिन्छ, यद्यपि अहिलेसम्म कुनै व्यावसायिक रूपमा निकासा भएको छैन। यहाँ प्रचुर मात्रामा ग्रेफाइट, टर्बियम, नियोडिमियम, डिस्प्रोसियमलगायतका स्रोत-साधन छन्।

■ रणनीतिक महत्त्व

जब तपाईं उत्तरी ध्रुवमा केन्द्रित विश्वलाई हेर्नुहुन्छ, तब मात्र तपाईंले यस क्षेत्रको रणनीतिक महत्त्वलाई बुझ्नुहुन्छ। क्यानडा र रुस दुई छेउमा आर्कटिकको किनारमा छन् भने नर्वे तिनीहरूको साथमा छ। तिनीहरूबिच आइसल्यान्ड र ग्रिनल्यान्ड छन्। क्षेप्यास्त्र युग र शीतयुद्धदेखि यो रुसी र अमेरिकी क्षेप्यास्त्र एक-अर्कालाई लक्षित गर्ने सबैभन्दा छोटो मार्गको रूपमा हेरिएको छ। ट्रम्पले ग्रिनल्यान्डलाई रणनीतिक रूपमा महत्त्वपूर्ण मान्नुको कारण पनि यही हो।

काल्पनिक युद्धमा ग्रिनल्यान्ड रुस, चीन र संयुक्त राज्य अमेरिकाबिच यात्रा गर्ने क्षेप्यास्त्रको उडान मार्गमा स्पष्ट रूपमा रहनेछ। ट्रम्पले तर्क गर्छन् कि ग्रिनल्यान्ड उनको प्रस्तावित 'गोल्डेन डोम' क्षेप्यास्त्र रक्षा योजनाका लागि महत्त्वपूर्ण हुनेछ, जुन उनले २०२९ सम्ममा सञ्चालन हुने दाबी गर्छन्। 'गोल्डेन डोम र आधुनिक समयमा हतियार प्रणाली, आक्रामक र रक्षात्मक दृष्टिले महत्त्वपूर्ण,' ट्रम्पले जनवरी २२ मा आफ्नो ट्रुथ सोसल पोस्टमा भने।

अमेरिकाले पहिले नै यस क्षेत्रमा रहेको एक मात्र आधार पिटुफिकमा सञ्चालन गरिरहेको छ, जुन १९५१ मा स्थापित भएको थियो।पिटुफिक आज महत्त्वपूर्ण छ, तर भोलि अमेरिका मिसाइल प्रक्षेपण पत्ता लगाउन अन्तरिक्षमा आधारित सेन्सरमा बढ्दो रूपमा भर पर्नेछ। ग्रिनल्यान्ड अझै पनि इन्टरसेप्टर मिसाइल राख्नका लागि उपयोगी हुन सक्छ र ट्रम्पको तर्क छ कि 'अत्यधिक जटिल प्रणाली' त्यतिबेला काम गर्छ, जतिबेला 'यो भूमि अमेरिकामा मिसाइन्छ।' तैपनि, ग्रिनल्यान्डमा अमेरिकाले आफ्नो सुविधा विस्तार गर्न कुनै प्रतिबन्ध छैनन् र डेनमार्क एक नेटो सदस्य हो।

■ खनिजले भरिपूर्ण

ग्रिनल्यान्ड तेल र प्राकृतिक ग्यासको ठुलो भण्डारमाथि रहेको विश्वास गरिन्छ, यद्यपि अहिलेसम्म कुनै व्यावसायिक निकासी भएको छैन। यसमा ग्रेफाइट, टर्बियम, नियोडिमियम, डिस्प्रोसियम, नियोबियम र टाइटेनियमको महत्त्वपूर्ण भण्डार पनि छ। ट्रम्पले यी खनिज स्रोतलाई औंल्याएका छन्, यद्यपि डाभोसमा उनले दाबी गरे कि उनी खनिजमा रुचि राख्दैनन्। उनको भनाइमा खनिज स्रोत उत्खनन गर्न बरफबाट २५ फिट तल जानुपर्छ। वास्तविकतामा ग्रिनल्यान्डको खनिजहरूको शोषण गर्न खोज्ने कम्पनीमा कुनै प्रतिबन्ध छैन र टापु अमेरिकी लगानीका लागि खुला छ।

२०२२ मा राष्ट्रपति जो बाइडेनको नेतृत्वमा अमेरिकाले रणनीतिक खनिज आपूर्ति शृंखला निर्माण र वित्तपोषण गर्न १४ देशको गठबन्धनसँग खनिज सुरक्षा साझेदारी स्थापना गऱ्यो। यसमा भारत, अस्ट्रेलिया, फिनल्यान्ड, नर्वे र स्विडेनजस्ता नर्डिक देश साथै युरोपेली आयोग समावेश छन्।

द वायरबाट

विश्वको सबैभन्दा ठुलो आणविक भट्टी बन्द

टोकियो/ विश्वको सबैभन्दा ठुलो आणविक भट्टी सुचारु गरिएको एक दिनपछि नै बन्द भएको छ। सन् २०११ को फुकुसिमा दुर्घटनापछि बन्द रहेको 'कासिवाजाकी-कारिवा प्लान्ट' पुनः सञ्चालनमा आएको एक दिनपछि बन्द भएको यसका सञ्चालकले जनाएका छन्।

तर, रियाक्टरहरूलाई सुरक्षित रूपमा खोल्न र बन्द गर्न आवश्यक पर्ने नियन्त्रण रडमा खराबी देखिएपछि प्रक्रिया सुरु भएको केही घन्टापछि रियाक्टर बन्द गर्नुपरेको 'टोकियो इलेक्ट्रिक पावर कम्पनी होल्डिङ (टेपको)'ले जानकारी दिएको छ। संयन्त्र कहिलेसम्म बन्द रहनेछ भन्ने कुरा खुलाइएको छैन। टेपकोले निलम्बनपछि अवस्थाको जाँच भइरहेको बताएको छ।

जापानले १५ वर्षपछि विश्वकै सबैभन्दा ठुलो आणविक ऊर्जा संयन्त्र पुनः सुरु गर्ने तयारी गरेको थियो। फुकुसिमा दुर्घटनापछि देशभरका आणविक ऊर्जा संयन्त्र बन्द गरेको जापानले अब फेरि आणविक ऊर्जातर्फ मोडिएको छ। सन् २०११ को महाभूकम्प र पछि आएको सुनामीका कारण फुकुसिमास्थित संयन्त्र दुर्घटनामा परेपछि जापानको आणविक ऊर्जा पूर्वाधारमाथिको विश्वासमै धक्का लागेको थियो। फुकुसिमाको संयन्त्र पनि टेप्कोद्वारा सञ्चालित थियो। कासिवाजाकी-कारिवा संयन्त्रमा रहेका सातमध्ये एउटा मात्र रिएक्टर बुधबार पुनः सुरु हुनेछ। पूर्णरूपमा सञ्चालनमा आएपछि त्यस संयन्त्रले ८.२ गिगावाट बिजुली उत्पादन गर्नेछ। यो ऊर्जा संयन्त्र निगातास्थित जापान सागरको तटमा ४.२ वर्गकिलोमिटर (१.६ वर्गमाइल) जमिनमा फैलिएको छ।

तटीय क्षेत्रमा विन्ड पावर (वायु ऊर्जा) निर्माणमा अवरोध सामना गरिरहेको जापानले ऊर्जा सुरक्षा बलियो बनाउन र खनिज इन्धनमाथिको निर्भरता कम गर्न आणविक ऊर्जामा ध्यान मोडेको छ। कासिवाजाकी-कारिवा सञ्चालनमा रहेका ३३ मध्ये पुनः सुरु गर्न लागिएको १५औं आणविक ऊर्जा संयन्त्र हो।

सन् २०११ को प्रकोपपछि जापानले देशका सबै ५४ आणविक ऊर्जा रिएक्टर बन्द गरेको थियो। पुनर्जीवित गर्न सम्भव भएका प्लान्टहरू पुनः सुरु गर्नुका साथै प्रधानमन्त्री सानाई ताकाइचीले नयाँ रिएक्टरहरूको निर्माणका लागि जोड दिइरहेकी छिन्।

इतिहासमा आज



१९४६–नर्वेका कूटनीतिज्ञ तथा राजनीतिज्ञ ट्रिगभे ली राष्ट्र संघको प्रथम महासचिवमा निर्वाचित

सन् १८६५ : अमेरिकी राष्ट्रपति अब्राहम लिंकनले संविधानको तेह्रौं संशोधनमा हस्ताक्षर गरे।

सन् १८८४ : अक्सफोर्ड अंग्रेजी शब्दकोशको पहिलो अंश प्रकाशित भयो।

सन् १९७९ : पन्ध्र वर्ष लामो निर्वासनपछि इरानी नेता आयतोल्लाह अली खामेनी स्वदेश फिर्ता। उनको विजयी पुनरागमनले इरानी क्रान्तिको सुरुवात गऱ्यो।

सन् २००० : अलास्का एयरलायन्सको उडान नम्बर २६१ समुद्रमा दुर्घटनाग्रस्त भयो।

सन् २००३ : अन्तरिक्षबाट पृथ्वी फर्किने क्रममा स्पेस सटल कोलम्बिया दुर्घटनाग्रस्त हुँदा सात अन्तरिक्षयात्रीको मृत्यु।

सन् २००९ : जोहान्ना सिगुर्डोटिरले आइसल्यान्डको प्रधानमन्त्रीको रूपमा शपथग्रहण गरिन्, उनी यो पद धारण गर्ने पहिलो महिला र विश्वको पहिलो समलिंगी सरकार प्रमुख बनिन्।

सन् २०२१ : म्यानमारकी प्रजातन्त्रवादी नेतृ आङ सान सुकीलाई पदच्युत गर्दै सेनाद्वारा सत्ता कब्जा।

कर्मचारी आवश्यकता

(सूचना प्रकाशित मिति : २०८२/१०/१८)

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत पत्र प्राप्त प्रदेश स्तरको वित्तीय संस्था हो। संस्थाले ग्रामिण पद्धति अनुशरण गर्दै लघुवित्त कार्यक्रम सञ्चालन गरेको यस वित्तीय संस्थाको लागि निम्न लिखित पदमा कर्मचारी आवश्यक परेको हुँदा खुल्ला प्रतिस्पर्धाबाट पदपुर्ति गर्ने सिलशिलामा इच्छुक योग्य नेपाली नागरिकबाट हालसालै खिचिएको पासपोर्ट साइजको फोटो सहितको दरखास्त निवेदन, आफ्नो बायोडाटा, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यता, कार्य अनुभव सम्बन्धी विवरण सहित केन्द्रीय कार्यालय कोहलपुर-११, बाँके वा इमेल career@ulbsl.com.np मा विज्ञापन प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समय भित्र आईपुग्ने गरी दरखास्त आह्वान गरिन्छ। प्राप्त हुन आएका दरखास्तहरूको छोटो सूची (Short Listed) र परीक्षा सम्बन्धी कार्यक्रम आवेदन दिने म्याद समाप्त पछि प्रकाशित गरिने छ।

तपशिल

विज्ञापन नं.	पद	श्रेणी	आवश्यकता संख्या	आवश्यक न्यूनतम योग्यता	कार्य अनुभव
१/२०८२/२०८३	**सहायक प्रबन्धक/ नायब अधिकृत**	व्यवस्थापकिय / अधिकृत श्रेणी	१	मान्यताप्राप्त शिक्षण संस्थाबाट CA/Semi CA/ ACCA तह उत्तीर्ण गरेको।	बैंक तथा वित्तीय संस्था वा कुनै संगठित संस्थामा कम्तिमा १ वर्षको कार्य अनुभव भएको साथै नेपाल राष्ट्र बैंकको SIS, ECL/NFRS Reporting सम्बन्धी अनुभव भएकोलाई प्राथमिकता दिईनेछ।
२/२०८२/२०८३	**सुपरभाईजर / वरिष्ठ सहायक**	सहायक श्रेणी	केही	मान्यताप्राप्त शिक्षण संस्थाबाठ कम्तीमा+२ उत्तीर्ण गरेको हुनुपर्ने।	सुपारभाईजर पदको लागि बैंक तथा वित्तीय संस्थामा कम्तिमा पनि ४ वर्ष कार्य अनुभव भएको हुनुपर्ने छ साथै बरिष्ठ सहायक पदको लागि बैंक तथा वित्तीय संस्थामा सहायक पदमा कम्तिमा ३ वर्ष कार्य अनुभव भएको हुनुपर्नेछ।

थप जानकारी :

१. माथि उल्लेखित सबै पदहरूको लागि इमेल इन्टरनेट लगायत कम्प्युटर संचालन सम्बन्धी राम्रो ज्ञान भएको हुनुपर्नेछ।
२. **उमेरको हद :** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ। महिलाको हकमा थप ५ वर्ष थप हुनेछ।
३. **परीक्षाको किसिम :** लिखित तथा अन्तरवार्ता वा अन्तरवार्ता मात्रै हुन सक्नेछ।
४. तोकिएको मिति भन्दा पछि प्राप्त भएका वा रित नपुगेका निवेदनहरू स्वतः रद्द हुनेछन्। कुनै पनि उमेद्वारको अन्तिम छनौट गर्ने अधिकार यस वित्तीय संस्थामा निहीत रहनेछ।
५. दरखास्त फारम यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, शाखा कार्यालय मार्फत लिन सकिनेछ साथै संस्थाको वेभसाइट धधध.गदिर्का.अक.लउ बाट म्यधलयिबम गर्न सकिनेछ।
६. **परीक्षा दस्तुर :**
   - अधिकृत श्रेणीको हकमा रु.५००/-
   - सहायक श्रेणीको हकमा रु.३००/-

   परीक्षा दस्तुर कोहलपुर स्थित ज्योती विकास बैंक लिमिटेडको खाता नं. ०२३००१००२९०६६९०००००१ मा जम्मा गर्नु पर्नेछ।
७. पारिश्रमिक तथा सेवा सुविधा संस्थाको नियम अनुसार हुनेछ।
८. छोटो सूचि (Short List) मा छनौट भएका उमेदवारलाई मात्र बाँकी छनौट प्रक्रियामा समावेश गरिनेछ। छोटो सूचि दर्खास्त दिने अन्तिम मितिको तीस दिन भित्र प्रकाशित गरिनेछ। प्रवेशपत्र लिन आउदा रकम जम्मा गरेको भौचर पेश गर्नुपर्नेछ। छोटो सूचि प्रकाशन गरेको दिन परीक्षाको मिति, समय, स्थान र पाठ्यक्रम संस्थाको सबै कार्यालयहरूको सूचना पाटीमा र संस्थाको वेभसाइट www.ulbsl.com.np/career समेतमा राखिने छ

पदपूर्ति समिति

उपकार लघुवित्त वित्तीय संस्था लि.
Upakar Laghubitta Bittiya Sanstha Limited
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था

केन्द्रीय कार्यालय : कोहलपुर, ११, बाँके
फोन नं. : ०८१-५४२०५३
इमेल : upakar.banke1@gmail.com

हिमालयन बैंक लिमिटेडको धितोमा रहेको चल अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रिको १५ दिने सूचना

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत लिनुभएको ऋणको यस बैंकसंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने, साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दैदस्तुर आदि चुक्ता भूक्तान गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गरिएको एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी विभिन्न मितिमा राष्ट्रिय दैनिकमा ३५(पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋण चुक्ता गर्न आउन सुचित गर्दा समेत ऋण चुक्ता गर्न नआउनु भएकोले, बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरुलाई बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपुर्वक भरी बोलपत्रमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बैंकको तपसिलमा उल्लेखित स्थानमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिन्छ। साथै ऋणी, ऋणी कम्पनी, सोका संचालक, व्यक्तिगत जमानतकर्ता तथा संस्थागत जमानीकर्ता एवम सम्बद्ध सबैलाई धितो दिएको सम्पत्ति लिलाम बिक्री हुने व्योहोरा यसै सूचनाद्वारा सुचित गरिन्छ। प्रकाशित सूचनाको म्यादभित्र ऋणी, ऋणी कम्पनी, सोका संचालक, व्यक्तिगत तथा संस्थागत जमानतकर्ताले ऋण चुक्ता गर्न नआए धितो लिलामीको प्रकिया अगाडि बढाइनेछ। बोलपत्र खोलिने दिन ऋणी बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोली धितो लिलाम बिकिको प्रकृया अगाडि बढाउन कुनै बाधा पर्ने छैन। साथै बोलपत्र प्राप्त भई वा नभई धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानुनको अधिनमा रही बैकले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलाम भई वा नभई वा गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार भई वा नभई बैंकको लेना रकम असुल उपर हुन नसके बाँकी रहेको रकम बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम असुलीको कारबाही अगाडी बढाउने व्यहोरा समेत पूर्वजानकारीको लागि सुचित गरिन्छ।

तपसिल

ऋणीको विवरण	सुरक्षणको विवरण
शाखा कार्यालय: न्यूरोड शाखा, काठमाण्डौ	
कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा दर्ता नं. २२२८२०/०७६/०७७ कायम भई मिति २०७६/०५/१२ मा दर्ता भएको **ईन्ट्राबिज नेपाल प्रा.लि. (ऋणी)** **संचालक तथा व्यक्तिगत जमानी दिने: कृष्ण प्रसाद कडेल** **यसअधि प्रकाशित सूचना:** मिति २०८२।०७।१४ गतेको कारोबार राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सुचना।	मोतीलाल कडेलको नाति तिलक राम कडेलको छोरा गुल्मी जिल्ला दरवार देवीस्थान गा.वि.स. वडा नं. ६ (हाल गुल्मिदरवार गा.पा. वडा नं. ७) बस्ने **कृष्ण प्रसाद कडेलको** नाममा दर्ता कायम रहेको ललितपुर जिल्ला धापाखेल गा.वि.स. वडा नं. १घ (हाल परिवर्तित ललितपुर म.न.पा. वडा नं २३) स्थित कित्ता नं. १२००, १२०२, १२०४ र ९६१ को क्षेत्रफल क्रमशः ०-२-१-०, ०-०-१-०, ०-१-०-० र ०-२-३-० (रोपनी) को घर/ जग्गा समेत।
शाखा कार्यालय: कोटेश्वर शाखा, काठमाण्डौ	
कम्पनी रजिष्ट्रारको कार्यालयमा त्रिपुरेश्वर, काठमाण्डौमा दर्ता नं. २८३७००।०७८।०७९ कायम भई मिति २०७८।१०।२७ मा दर्ता भएको **रोयल एस.डी.ट्रेडर्स प्रा.लि (ऋणी)** **संचालक तथा व्यक्तिगत जमानी दिने: दिनेश कुमार दाहाल** **व्यक्तिगत जमानी दिन: बबी डंगोल** **यसअधि प्रकाशित सूचना:** मिति २०८२।०१।१६ को कारोबार राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना।	कुल चन्द्र दाहालको बुहारी तिर्थ राज डंगोलको छोरी दिनेश कुमार दाहालको पत्नी काठमाण्डौ जिल्ला काठमाण्डौ म.न.पा वडा नं. २ बस्ने **बबी डंगोलको** नाममा दर्ता कायम रहेको महोत्तरी जिल्ला रामगोपालपुर गा.वि.स. वडा नं. १(ग) (हाल परिवर्तित रामगोपालपुर न.पा. वडा नं. ३) स्थित कि.नं. ७४५, ८७४, ७४६ को क्षेत्रफल क्रमशः ०-७-०-०, ०-२-१२-०, ०-७-०-० (विघा) जग्गा समेत।
शाखा कार्यालय: निजगढ शाखा, रौतहट	
घरेलु तथा साना उद्योग कार्यालय, गौर रौतहटमा उद्योग दर्ता नं. ८८४९।११४७।२९५।९६८ कायम भई मिति २०७७।११।१३ मा दर्ता भएको **सुभाष पशु फार्म (ऋणी)** **प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: जितेन्द्र सहनी** **व्यक्तिगत जमानी दिने: विश्वनाथ सहनी, समतीया देवी, पानो देवी, अनिल सहनी र सोविता देवी** **यसअधि प्रकाशित सूचना:** मिति २०८१/०९/०५ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना।	खेलावन सहनीको नाति सुखाडी सहनीको छोरा रौतहट जिल्ला गरुडा न.पा. वडा नं.३ बस्ने **विश्वनाथ सहनीको** नाममा दर्ता कायम रहेको मलाही गा.वि.स. वडा नं. ३क (हाल परिवर्तित गरुडा न.पा. वडा नं. ३) स्थित कि.नं. ६०७ र ६०८ को क्षेत्रफल क्रमशः ०-०-१५-० र ०-०-१५-० (विघा) को जग्गा समेत।
शाखा कार्यालय: जितपुर सिमरा शाखा, बारा	
१. घरेलु तथा साना उद्योग कार्यालय, वीरगञ्ज पर्सामा लघु उद्यम दर्ता नं. ११०/०७४/०७५ कायम भई मिति २०७४/०४/२० मा दर्ता भएको **अम्मर सन टुर एण्ड ट्राभल्स (ऋणी)** **प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: फूलमती कुमारी** **व्यक्तिगत जमानी दिने: किशोरी साह**	रामदेव साहकी बुहारी अरजे साह तेलीकी छोरी किशोरी साहकी पत्नी बारा जिल्ला मोतीसर गा.वि.स. वडा नं. ८ (हाल परिवर्तित कलैया उप म.न.पा. वडा नं. १८) बस्ने **फूलमती कुमारीको** नाममा दर्ता कायम रहेको पर्सा जिल्ला वीरगञ्ज उप म.न.पा वडा नं. १५ (हाल परिवर्तित वीरगञ्ज म.न.पा. वडा नं. १२) सिट नं. ११३०३११२५ स्थित कित्ता नं. १७७ को क्षेत्रफल १०१.५८ वर्ग मिटर जग्गा समेत।
२. रामदेव साहकी बुहारी अरजे साह तेलीकी छोरी किशोरी साहकी पत्नी बारा जिल्ला मोतीसर गा.वि.स.वडा नं. ८ (हाल परिवर्तित कलैया उप म.न.पा. वडा नं. १८) बस्ने **फूलमती कुमारी (ऋणी)** **व्यक्तिगत जमानी दिने: किशोरी साह** **यसअधि प्रकाशित सूचना:** मिति २०८२।०४।२८ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना।	**ऋणी फूलमती कुमारीको** नाममा दर्ता कायम रहेको: क) पर्सा जिल्ला वीरगञ्ज उप म.न.पा वडा नं. १५ (हाल परिवर्तित वीरगञ्ज म.न.पा. वडा नं. १२) सिट नं. ११३०३११२२१ स्थित कित्ता नं. ७१ को क्षेत्रफल ९३.१२ वर्ग मिटर जग्गा समेत। ख) पर्सा जिल्ला वीरगञ्ज उप.म.न.पा वडा नं. १५ (हाल परिवर्तित वीरगञ्ज म.न.पा. वडा नं. १२) सिट नं. ११३०३११२५ स्थित कित्ता नं. ४१५ को क्षेत्रफल ८४.६५ वर्ग मिटर जग्गा समेत।
शाखा कार्यालय: मलंगवा शाखा, सर्लाही	
घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा प्र.प.नं. २३५७/०६९/०७० कायम भई मिति २०६९/०९/२० मा दर्ता भएको **रिलायन्स ट्रेडर्स एण्ड सप्लायर्स (ऋणी)** **प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: राम कुमार यादव** **व्यक्तिगत जमानी दिने: गोविन्द राय यादव, जमुना कुमारी, रामसिया देवी, सरिता कुमारी यादव र राम प्रमोद राय यादव** **यसअधि प्रकाशित सूचना:** मिति २०८१/०२/०१ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना।	देहल राय यादवको नाति सुर्य राय यादवको छोरा रौतहट जिल्ला सखुअवा गा.वि.स. वडा नं. १ बस्ने **गोविन्द राय यादवको** नाममा दर्ता कायम रहेको सर्लाही जिल्ला नेत्रगंज गा.वि.स वडा नं. २क (हाल परिवर्तित लालबन्दी न.पा. वडा नं. २) स्थित कित्ता नं. ४४९ को क्षेत्रफल ०-१-० (विघा) घर/जग्गा समेत।
शाखा कार्यालय: भैरहवा शाखा, रूपन्देही	
कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा दर्ता नं. २६४२५५/७७/०७८ कायम भई मिति २०७८/०३/२३ मा दर्ता भएको काठमाण्डौ जिल्ला टोखा न.पा. वडा नं. ७ बसुन्धारा स्थित **अन्नपूर्णा स्टोर्स प्रा. लि.(ऋणी)** **संचालक तथा व्यक्तिगत जमानी दिने:** **राज कुमार जयसवाल** **व्यक्तिगत जमानी दिने:** **शोभ नाथ जैसवाल** **इश्वर दत जयसवाल** **यसअधि प्रकाशित सूचना:** मिति २०८२।०७।२० को आर्थिक अभियान राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना।	१. **ऋणी अन्नपूर्णा स्टोर्स प्रा. लि.को** नाममा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला धापासी गा.वि.स.वडा नं. ८(हाल परिवर्तित टोखा न.पा. वडा नं.७) को सिट नं. १०२० ९८५०४ स्थित कित्ता नं. ५१ को क्षेत्रफल १९०.७४ वर्ग मिटर को घर/जग्गा समेत। २. मोतिलाल जयसवालको नाति सीतल प्रमाद जयसवालको छोरा रुपन्देही जिल्ला गोनहा गा.वि.स. वडा नं. ४ (हाल परिवर्तित मायादेवी न.पा. वडा नं.६) बस्ने **राज कुमार जयसवालको** नाममा दर्ता कायम रहेको: क) रुपन्देही जिल्ला मधवलिया गा.वि.स. वडा नं. ५क (हाल परिवर्तित तिलोत्तमा न.पा. वडा नं. ११) स्थित कित्ता नं. ३६५६ को क्षेत्रफल २२०.१२ वर्ग मिटर को जग्गा समेत। ख) रुपन्देही जिल्ला पडसरी गा.वि.स. वडा नं. ९क (हाल परिवर्तित ओमसितया गा.पा.वडा नं. १) स्थित कित्ता नं. १८५३ को क्षेत्रफल ४३१. ७७ वर्ग मिटर को जग्गा समेत। ग) रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ४घ स्थित कित्ता नं. १९९२, १८८३ र १२२४ को क्षेत्रफल क्रमशः १६०.८५, २६६.६८ र २७५.१४ वर्ग मिटर को जग्गा समेत। घ) रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ६ सिट नं. १०४०२३७२२ स्थित कित्ता नं. २६४ र २६२ को क्षेत्रफल क्रमशः ८५.५१ र २५३.१२ वर्ग मिटर को जग्गा समेत। ङ) रुपन्देही जिल्ला हाटि बनगाई गा.वि.स. वडा नं. ५क (हाल परिवर्तित मायादेवी न.पा. वडा नं.९)स्थित कित्ता नं. २०२६ को क्षेत्रफल ५८४.१५ वर्ग मिटर को जग्गा समेत।

बोलपत्रका शर्तहरु :

१. बोलपत्र फारम यस बैंकको तपसिलमा उल्लेखित शाखाबाट, कार्यालय समयभित्र खरिद गरी लिन सकिनेछ।
२. बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

बोलपत्र पेश गर्ने अन्तिम मिति र समय	बोलपत्र खोलिने मिति र समय	बोलपत्र पेश गर्ने स्थान	बोलपत्र खोलिने स्थान
२०८२/११/०४ कार्यालय समय सम्म	२०८२/११/१० अपराह्न ०२:०० बजे	कुनै पनि शाखा कार्यालय	सम्बन्धित शाखा, कार्यालय

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

हिमालयन बैंक लि. केन्द्रीय कार्यालय
कर्जा असुली विभाग, कमलादी, काठमाडौं
फोन नं. ०१-४१६५१५०, पो.ब.नं. २०५५० काठमाडौं

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाडौं ।
फोन नं.: +९७७-०१-५९७००३०
टोल फ्रि नं.: १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
Web: www.kamanasewabank.com

यस बैंकको विभिन्न शाखा कार्यालयमा धितो सुरक्षणमा रहेको अचल सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति : २०८२/१०/१८

यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट तपसिलमा उल्लिखित ऋणीहरुले विभिन्न कर्जा शीर्षकमा उपभोग गर्नुभएको ऋणकर्जा बैंकसँग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले बैंकले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितोजमानीकर्ता र व्यक्तिगत धनजमानीकर्ता समेतलाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले उक्त ऋणकर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पतिहरु जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गर्ने उद्देश्यले १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उपरोक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) तल तोकिएको समय भित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ । साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम उसुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, धितो तथा व्यक्तिगत धनजमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्नको लागि सिफारिश गरि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.स	ऋणीको विवरण	धितो/धनजमानीकर्ता धितोमा रहेको सम्पत्तिको विवरण	
१.	**जय नव दुर्गे ट्रेडर्स** **प्रा.फ.नं : ३०१९३/०६९/०७०** ठेगाना : सिद्धार्थनगर न.पा.वडा नं.०४, रुपन्देही दर्ता गर्ने कार्यालय : वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय,भैरहवा रुपन्देही स्थायी लेखा नं.: ३०५६४८३२३ **प्रोप्राईटर/धनजमानीकर्ता : राजेश अग्रहरी** **ना.प्र.नं. ३७१०२०/३८२४७** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही बाबु : जोगेन्दर वनिया बाजे : समरथी बनिया ठेगाना : रुपन्देही जिल्ला, पडसरी गा.वि.स.०१, हाल सिद्धार्थनगर न.पा.वडा नं.०४ **शाखा कार्यालय : भैरहवा** **कर्जा शीर्षक : माग कर्जा तथा मध्यम व्यापार कर्जा**	**राज कुमारी वनिया** **ना.प्र.नं. ४१६९** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही पति : जोगेन्दर वनिया ससुरा : समरथी बनिया ठेगाना : रुपन्देही जिल्ला, पडसरी गा.वि.स.वडा नं.०१, हाल सिद्धार्थनगर न.पा.वडा नं.०४ **जोगेन्दर वनिया** **ना.प्र.नं. ८/३०२६** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही बाबु : समरथी बनिया बाजे : बन्धु वनिया ठेगाना : रुपन्देही जिल्ला, हा.फर्सांटिकर -०२, हाल सिद्धार्थनगर न.पा.वडा नं.०४	**अकेश अग्रहरी** **ना.प्र.नं.: ३७१०२०/४८८७४** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही बाबु : जोगेन्दर वनिया बाजे : समरथी बनिया ठेगाना : रुपन्देही जिल्ला, पडसरी गा.वि.स.०१, हाल सिद्धार्थनगर न.पा.वडा नं.०४ १.जोगेन्दर वनियाको नाममा मालपोत कार्यालय, भैरहवा, रुपन्देहीमा दर्ता श्रेष्ठा कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) **धितोमा रहेको सम्पत्ति घर जग्गाको ठेगाना** / **कित्ता नं.** / **क्षेत्रफल (वि/रो./व.मि)** पडसरी-०१, नक्सा सिट नं.१ख/४८९ / ५७, ५८ / १७८.२६, ६०.८१ घर लगायत सम्पूर्ण लिगलगापात समेत ।
२.	**गुरुङ्ग कन्स्ट्रक्सन** **प्रा.फ.म.घ.उ.का पाल्पा नं: १५२९ /०६४**/ ०६५ ठेगाना : तानसेन ०३, पाल्पा जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, पाल्पा स्थायी लेखा नं.: ३०२३४७८८५ **प्रोप्राईटर/धनजमानीकता : परविन गुरुङ्ग** **ना.प्र.नं. : ३५१० (पर्वत)** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, स्याङ्जा बाबु : पोष्टराज गुरुङ्ग बाजे : छविलाल गुरुङ्ग ठेगाना : स्याङ्जा जिल्ला वालिङ-०१, हाल वालिङ न.पा.-०९ **शाखा कार्यलय : वालिङ** **कर्जा शीर्षक : सवारी कर्जा तथा हायरपर्चेज कर्जा (किस्ताबन्दी)**	**रिनु गुरुङ्ग** **ना.प्र.नं. : ४२३०४५/६०७** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, स्याङ्जा पति : परविन गुरुङ्ग ससुरा : पोष्टराज गुरुङ्ग ठेगाना : स्याङ्जा जिल्ला वालिङ -०१, हाल वालिङ न.पा.-०९	१) परविन गुरुङ्गको नाममा मालपोत कार्यालय, वालिङ, स्याङ्जामा दर्ता श्रेष्ठा कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) **ठेगाना** / **नक्सा सिट** / **कित्ता नं.** / **क्षेत्रफल (बि.रो/व.मि)** पेखुबाघखोर -२ / २ / १८०९ / ०-२-३-१ (८९.४३) साथै, सम्पूर्ण लिगलगापात समेत
३	**जय माँ दुर्गा ग्रील उद्योग** **उ.द.नं : १५२०२/०७४/०७५** ठेगाना : तिलोत्तमा न.पा. -१०, रुपन्देही दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर रुपन्देही स्थायी लेखा नं.: ६०७१७०३८६ **प्रोप्राईटर/धनजमानीकर्ता : घनश्याम थारु** **ना.प्र.नं. १५३७९** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही बाबु : शंकर प्रसाद बाजे : हिरालाल थारु ठेगाना : रुपन्देही जिल्ला मकहर -०३ हाल तिलोत्तमा न.पा. -१० **शाखा कार्यालय : बुटवल** **कर्जा शीर्षक : मध्यम व्यापार अधिविकर्ष कर्जा, मध्यम व्यापार आवधिक कर्जा फर्मको नाममा तथा ओडी कार्ड कर्जा प्रोप्राईटरको नाममा** **धनजमानीकर्ताको विवरण :** **राधेश्याम थारु** **ना.प्र.नं. ३७**/१५३७८ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही बाबु : शंकर प्रसाद बाजे : हिरालाल थारु **ठेगाना : रुपन्देही जिल्ला मकहर -०३ हाल तिलोत्तमा न.पा -१०**	**कमला थारु** **ना.प्र.नं. ३७३००१/३०** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही पति : घनश्याम थारु ससुरा : शंकर प्रसाद ठेगाना : रुपन्देही जिल्ला मकहर -०३ हाल तिलोत्तमा न.पा -१० **निर्मला थारु** **ना.प्र.नं. ३७३००१/२९** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही पति : राधेश्याम थारु ससुरा : शंकर प्रसाद ठेगाना : रुपन्देही जिल्ला मकहर -०३ हाल तिलोत्तमा न.पा -१० **नारायण थारु** **ना.प्र.नं. ३७-०१-७४-१९१७८** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही बाबु : घनश्याम थारु बाजे : शंकर प्रसाद ठेगाना : रुपन्देही जिल्ला तिलोत्तमा न.पा -१०	**आशा थारुनी** **ना.प्र.नं. ८/३२८६** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही पति : शंकर प्रसाद ससुरा : हिरालाल थारु ठेगाना : रुपन्देही जिल्ला मकहर -०९ हाल तिलोत्तमा न.पा -१० **शान्ती कुमारी थारु** **ना.प्र.नं. ३७-०१-७५-०५१७५** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही पति : नारायण थारु ससुरा : घनश्याम थारु ठेगाना : रुपन्देही जिल्ला तिलोत्तमा न.पा -१२ हाल तिलोत्तमा न.पा -१० १) घनश्याम थारुको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीमा दर्ता श्रेष्ठा कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) **ठेगाना** / **नक्सा सिट नं.** / **कित्ता नं.** / **क्षेत्रफल (वि.रो.व.मि.)** मकहर-१ / १ख / १७४० / ०-७-१५.५-० (२६३२.८२) साथै, सम्पूर्ण लिगलगापात समेत ।
४	**ओम ढकाल इन्टरप्राइजेज** **प्रा.फ.र.नं.: १११५६०**/०६९/७० **स्थानीय व्यापार** ठेगाना : गोंगबु गा.वि.स वडा नं.०९, काठमाडौं दर्ता गर्ने कार्यालय : वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, बबरमहल, काठमाडौं स्थायी लेखा नं.: ६०११८९०९२ **प्रोप्राइटर/धनजमानीकर्ता : देवराज ढकाल** **ना.प्र.नं.:४२९२५** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नुवाकोट बाबु : दधु प्रसाद ढकाल बाजे : ज्योती प्रसाद ठेगाना : नुवाकोट जिल्ला, दुइपिपल गाउँ पञ्चायत वडा नं.०८, हाल वेलकोटगढी गा.वि.स./उ.म.न.पा.वडा नं.०५ **शाखा कार्यालय : गल्छी** **कर्जा शीर्षक : साना व्यापार कर्जा (आवधिक) ।**	**देवकी ढकाल** **ना.प्र.नं.:२५३०४५/१६५८** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नुवाकोट पति : देवराज ढकाल ससुरा : दधु प्रसाद ढकाल ठेगाना : नुवाकोट जिल्ला, दुइपिपल गा.वि.स. वडा नं.०८, हाल वेलकोटगढी गा.वि.स./उ.म.न.पा.वडा नं.०५ **जानुका ढकाल** **ना.प्र.नं.:२५-०१-७४-०२५०१** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नुवाकोट बाबु : देवराज ढकाल बाजे : दधु प्रसाद ढकाल ठेगाना : नुवाकोट जिल्ला, वेलकोटगढी न.पा.वडा नं.०५	१.देवराज ढकालको नाममा मालपोत कार्यालय, नुवाकोटमा दर्ता श्रेष्ठा कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) **धितोमा रहेको सम्पत्ति घर जग्गाको ठेगाना र नक्सा सिट नं.** / **कित्ता नं.** / **क्षेत्रफल (बि.रो/व.मि)** झिल्दुङ -०८, नुवाकोट / ९१९ / ०-१४-२-१ (४६२.९५) २३४२ / १-५-३-२ (६९५.५३ पुर्जा अनुसार) (६९५.५२ रोक्का अनुसार) ९०९ / ०-१३-१-० (४२५.००) ९१० / ३-७-०-० (१७३५.००) साथै, सम्पूर्ण लिगलगापात समेत ।

क्र.स	ऋणीको विवरण	धितो/धनजमानीकर्ता धितोमा रहेको सम्पत्तिको विवरण	
५	**दृशान्त अटोमोबाईल्स प्रा.लि.** **दर्ता नं.: १९९३५०/०७५/०७६** ठेगाना : काठमाडौ.म.न.पा.वडा नं.०७, काठमाडौं जारी गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं स्थायी लेखा नं.: ६०६५८७००६ **अख्तियार प्राप्त व्यक्ति/धनजमानीकर्ता : गणेश उप्रेती** **ना.प्र.नं.: ४०५९२-२२०९** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, दोलखा बाबु : माधव प्रसाद उप्रेती बाजे : गोपी कृष्ण उप्रेती ठेगाना : दोलखा जिल्ला, मेलुङ गा.पा.वडा नं.०१, हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा.वडा नं.२५, भैसेपाटी **शाखा कार्यालय : लोकन्थली** **कर्जा शीर्षक : व्यापार कर्जा (अधिविकर्ष)**	**सीता रेग्मी** **ना.प्र.नं. : २/१०/५९०७९** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु पति : गणेश उप्रेती ससुरा : माधव प्रसाद उप्रेती ठेगाना : कपिलवस्तु जिल्ला, मोतीपुर गा.वि.स. वडा नं.०३, हाल काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं.०७ **उषा अधिकारी** **ना.प्र.नं. : ४०३३२** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, दोलखा पति : गणेश उप्रेती ससुरा : माधव प्रसाद उप्रेती ठेगाना : सिन्धुली जिल्ला, लदाभीर गा.वि.स./उ.म.न.पा.वडा नं.०१, हाल ललितपुर जिल्ला, सैंबु गा.वि.स./उ.म.न.पा.वडा नं.०३	१.गणेश उप्रेतीको नाममा मालपोत कार्यालय, चावहिल, काठमाडौंमा दर्ता श्रेष्ठा कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) **धितोमा रहेको घर जग्गाको ठेगाना तथा नक्सा सिट नं.** / **कित्ता नं.** / **क्षेत्रफल (वि.रो./व.मि)** दुवाकोट-०२, नक्सा सिट नं.२क / १०३६ / ०-१-३-३ (६१.६१) ९२६ / ०-२-३-० (८७.४३) दुवाकोट-०६, नक्सा सिट नं.६ख / ४६३ / ०-४-३-० (१५१.०१) ४६० / ०-१-१-० (३९.७४) कित्ता नं.१०३६ र ९२६ मा बनेको घर लगायत सम्पूर्ण लिगलगापात समेत । २.सीता रेग्मीको नाममा मालपोत कार्यालय, लगनखेल, ललितपुरमा दर्ता श्रेष्ठा कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) **धितोमा रहेको घर जग्गाको ठेगाना तथा नक्सा सिट नं.** / **कित्ता नं.** / **क्षेत्रफल (वि.रो./व.मि)** सैबु-०३, नक्सा सिट नं.३ख / ३८८ / ०-५-२-२ (१७८.८३) घर लगायत सम्पूर्ण लिगलगापात समेत । ३.गणेश उप्रेतीको नाममा मालपोत कार्यालय, भक्तपुरमा दर्ता श्रेष्ठा कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) **धितोमा रहेको घर जग्गाको ठेगाना तथा नक्सा सिट नं.** / **कित्ता नं.** / **क्षेत्रफल (वि.रो./व.मि)** बेनीमणीपुर-०३, नवलपरासी / १७९६ / ०-०-१५-० (२५३.९४) १८०० / ०-२-८-० (८१२.६०) १७९८ / ०-३-१-० (१०३२.६८) १७९३ / ०-१-१६-० (६०९.४५) साथै, सम्पूर्ण लिगलगापात समेत ।
६	**रिया श्रृङ्गार एण्ड कस्मेटिक** **प्रा.फ.द.नं.: ७६६**/०७७/०७८ ठेगाना : विनयी त्रिवेणी गा.पा वडा नं.०४, नवलपरासी (ब.सु.पू) नवलपुर दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी, (बर्दघाट सुस्ता पूर्व) स्थायी लेखा नं.: १०४४७५०७४ **ऋणी/प्रोप्राईटर/धनजमानीकर्ता : विश्वास रुचाल** **ना.प्र.नं.: ५०६८३** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी बाबु : विर बहादुर रुचाल बाजे : नयन सिं ठेगाना : नवलपरासी जिल्ला, बेनीमणीपुर गा.वि.स.वडा नं.०७ हाल विनयी त्रिवेणी गा.पा.वडा नं.०३ **शाखा कार्यालय : सर्दी** **कर्जा शीर्षक : सरल व्यापार अधिविकर्ष कर्जा फर्मको नाममा तथा प्रोप्राईटरको नाममा ओडी कार्ड कर्जा**	**नविन रुचाल** **ना.प्र.नं.: ३६३०३५/४५१** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी बाबु : विर बहादुर रुचाल बाजे : नयन सिं ठेगाना : नवलपरासी जिल्ला, बेनीमणीपुर -०७ हाल विनयी त्रिवेणी गा.पा.वडा नं.०३ **उमाकला रुचाल** **ना.प्र.नं.: ३६३०३५/५९५** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी पति : नविन रुचाल ससुरा : विर बहादुर रुचाल ठेगाना : नवलपरासी जिल्ला वेनीमणीपुर -०७ हाल विनयी त्रिवेणी गा.पा.वडा नं.०३ **दिलीप प्रसाद थापा** **ना.प्र.नं.: ९३९१** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही बाबु : वीर बहादुर थापा बाजे : नयन सिं ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा वडा नं ०६ हाल नवलपरासी जिल्ला, विनयी त्रिवेणी गा.पा.वडा नं.०३	**विर बहादुर थापा** **ना.प्र.नं.: ५१९२५** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी बाबु : नयन सिं बाजे : थाहा नभएको ठेगाना : नवलपरासी जिल्ला, वेनीमणीपुर -०७ हाल विनयी त्रिवेणी गा.पा.वडा नं.०३ १.विश्वास रुचालको नाममा मालपोत कार्यालय नवलपरासी, (ब.स.पू) मा दर्ता श्रेष्ठा कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) **धितोमा रहेको घर जग्गाको ठेगाना तथा नक्सा सिट नं.** / **कित्ता नं.** / **क्षेत्रफल (वि/रो./व.मि)** बेनीमणीपुर-०३, नवलपरासी / १७९६ / ०-०-१५-० (२५३.९४) १८०० / ०-२-८-० (८१२.६०) १७९८ / ०-३-१-० (१०३२.६८) १७९३ / ०-१-१६-० (६०९.४५) साथै, सम्पूर्ण लिगलगापात समेत ।
७	**जय मां देवि हार्डवेयर** **प्रा.फ.र.नं.: २७५/२६७/०७७/०७८ स्थानीय व्यापार** ठेगाना : मनहरी गा.पा.वडा नं ०९, मकवानपुर । जारी गर्ने कार्यालयः : घरेलु तथा सना उद्योग कार्यालय, हेटौंडा, मकवानपुर स्थायी लेखा नं. : ६१५१८४४५२ **प्रोप्राईटर/धनजमानिकर्ता.: उत्सव उप्रेती** **ना.प्र.नं. : ३११०२०/८५५६३** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मकवानपुर बाबु : उद्धव प्रसाद उप्रेती बाजे : राम नाथ उप्रेती ठेगाना : मकवानपुर जिल्ला, हाँडिखोला गा.वि.स./उ.म.न.पा.वडा नं.०९ हाल मनहरी गा.पा/न.पा. वडा नं. ०५ **शाखा कार्यालय : हेटौडा** **कर्जा शीर्षक : मध्यम व्यापार कर्जा अधिविकर्ष र सरल व्यापार कर्जा आवधिक**	**मायादेवी वर्तौला** **ना.प्र.नं.: (इ.नं १) १३४९७** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मकवानपुर पति : उद्धव प्रसाद उप्रेती ससुरा : राम नाथ उप्रेती ठेगाना : मकवानपुर जिल्ला, पदमपोखरी गाँउ पञ्चायत वडा नं.०९, हाल मनहरी गा.पा/न.पा.वडा नं.०५ **उज्वल उप्रेती** **ना.प्र.नं. : ३११०२०/७१९२५** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मकवानपुर बाबु : उद्धव प्रसाद उप्रेती बाजे : राम नाथ उप्रेती ठेगाना : मकवानपुर जिल्ला, हाँडिखोला गा.वि.स./उ.म.न.पा. वडा नं. ०९, हाल मनहरी गा.पा/ न.पा.वडा नं.०५ **उपेन्द्र उप्रेती** **ना.प्र.नं. : ३१-०१-७५-०११६७** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मकवानपुर बाबु : उद्धव प्रसाद उप्रेती बाजे : राम नाथ उप्रेती ठेगाना : मकवानपुर जिल्ला मनहरी गा.पा/न.पा.वडा नं.०५	१.मायादेवि वर्तौला तथा उज्वल उप्रेतीको संयुक्त नाममा मालपोत कार्यालय, मकवानपुरमा, दर्ता श्रेष्ठा कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा): **धितोमा रहेको सम्पत्ति घर जग्गाको ठेगाना नक्सा सिट नं.** / **कित्ता नं.** / **क्षेत्रफल (बि/रो/व.मि.)** हाडीखोला-०९, नक्सा सिट नं.९ / १३०५ / ०-४-१५.२५-० (१६१२.७०) १३०१ / ०-४-०-० (१३५४.५२) साथै, सम्पूर्ण लिगलगापात समेत । २.मायादेवि वर्तौला तथा उत्सव उप्रेतीको संयुक्त नाममा मालपोत कार्यालय, मकवानपुरमा, दर्ता श्रेष्ठा कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा): **धितोमा रहेको सम्पत्ति घर जग्गाको ठेगाना नक्सा सिट नं.** / **कित्ता नं.** / **क्षेत्रफल (बि/रो/व.मि.)** हाडीखोला-०९, नक्सा सिट नं.९ / ८६७ / ०-४-०-० (१३५४.५२) साथै, सम्पूर्ण लिगलगापात समेत । ३. मायादेवी वर्तौला, उज्वल उप्रेती, उपेन्द्र उप्रेती तथा उत्सव उप्रेतीको संयुक्त नाममा मालपोत कार्यालय, मकवानपुरमा, दर्ता श्रेष्ठा कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा): **धितोमा रहेको सम्पत्ति घर जग्गाको ठेगाना नक्सा सिट नं.** / **कित्ता नं.** / **क्षेत्रफल (बि/रो/व.मि.)** हाडीखोला-०९,नक्सा सिट नं.९ / ८८२ / ०-८-०-० (२७०९.०४) साथै, सम्पूर्ण लिगलगापात समेत ।
८	**रास एग्रो भेट फर्म** प्रा.फ.नं.घ.उ.मो.: १७३७१/०७७/०७८ ठेगाना : मोरङ जिल्ला बुढीगंगा गा.पा.वडा नं. ०५ जारी गर्ने कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, विराटनगर, मोरङ स्थायी लेखा नं.: ६१४५४७३१३ **प्रोप्राईटर / धनजमानिकर्ता : राधा कुमारी थन्दार** **ना.प्र.नं. : ०६५०१६-१४८** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मोरङ्ग पति : सरोज सरदार थारु ससुरा : किसोरकुमार सरदार थारु ठेगाना : मोरङ जिल्ला बुढीगंगा गा.पा.वडा नं. ०५ **शाखा कार्यालय : विराटनगर** **कर्जा शीर्षक : सरल व्यापार कर्जा (आवधिक) तथा धितो जमानीकर्ता किशोर कुमार सरदार थारुको नाममा सजिलो लघुकर्जा (आवधिक) समेत ।** **धनजमानीकर्ताको नाम :** **कमली देवी सरदार थारु** **ना.प्र.नं. : ५०१६** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मोरङ्ग पति : किशोर कुमार सरदार थारु ससुरा : सोनालाल सरदार ठेगाना : मोरङ जिल्ला हात्तीमुढा गाउँ पञ्चायत वडा नं. ०१, हाल बुढीगंगा गा.पा.वडा नं. ०५	**किशोर कुमार सरदार थारु** **ना.प्र.नं. : २२१५** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग बाबु : सोनालाल सरदार बाजे : कलधर सरदार थारु ठेगाना : मोरङ जिल्ला हात्तीमुडा गा.वि.स.वडा नं. ०१,हाल बुढीगंगा गा.पा.वडा नं. ०५ **सरोज सरदार थारु** **ना.प्र.नं. : ६/४७३०** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग बाबु : किशोर कुमार सरदार थारु बाजे : सोनालाल सरदार ठेगाना : मोरङ जिल्ला हात्तीमुडा गा.वि.स./उ.म.न.पा.वडा नं. ०१,हाल बुढीगंगा गा.पा.वडा नं. ०५ **ईश्वरवती सरदार** **ना.प्र.नं. : ६/११२४८** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग बाबु : किशोर कुमार सरदार थारु बाजे : सोनालाल सरदार ठेगाना : मोरङ जिल्ला हात्तीमुडा गा.वि.स./उ.म.न.पा.वडा नं. ०१,हाल बुढीगंगा गा.पा.वडा नं. ०५	१. किशोर कुमार सरदार थारुको नाममा मालपोत कार्यालय, विराटनगर,मोरङमा दर्ता श्रेष्ठा कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा): **धितोमा रहेको सम्पत्ति घर जग्गाको ठेगाना नक्सा सिट नं.** / **कित्ता नं.** / **क्षेत्रफल (बि/रो/व.मि.)** हात्तीमुढा १ नक्सा सीट नं १७८०३०६ / १२४ / १२२०.०० ११३ / १३९०.०० हात्तीमुढा १ नक्सा सीट नं १७८०३४६ / १७५ / १४१०६.०० किता नं ११३ मा बनेको घर समेत, सम्पूर्ण लिगलगापात समेत ।

अर्थ पत्रिका

नयाँ पत्रिका
आइतबार १८ माघ ०८२

चक्रपथ दोस्रो खण्डको निर्माणमा लाग्ने सबै करमा चीनलाई छुट

निर्माण सामग्री, मेसिनलगायतका वस्तु आयातमा भन्सार छुट दिइने

मिलन विश्वकर्मा/नयाँ पत्रिका



भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव सुशीलबाबु ढकाल भन्छन्-

चक्रपथ दोस्रो खण्डको निर्माणमा चिनियाँ पक्षलाई कर छुट दिने गरी अर्थ मन्त्रालयबाट सहमति प्राप्त भएको छ। यो कार्यान्वयन सम्झौताको महत्त्वपूर्ण पक्ष हो। अन्य प्राविधिक विषयमा हाम्रै मन्त्रालयले टुंगो लगाएको छ। कर छुटको विषयमा भने अर्थ मन्त्रालयकै सहमति आवश्यक थियो। त्यसमा अर्थ मन्त्रालयले सबै प्रकृतिका कर छुट दिने गरी सहमति प्रदान गरेको छ। अब योसहित सर्तसहितको कार्यान्वयन सम्झौताको मस्यौदा स्वीकृतिका लागि मन्त्रिपरिषद् पेस गर्नेछौं। सम्भवतः आइतबार नै मन्त्रिपरिषद्मा प्रस्ताव पेस हुन्छ।

काठमाडौं चक्रपथ दोस्रो खण्ड अर्थात् कलंकी-वसुन्धाराको निर्माणमा नेपाल सरकारले चीनलाई सबै प्रकृतिको करमा छुट दिने भएको छ। चिनियाँ अनुदानमै बनेको चक्रपथको विस्तार पनि चीनकै आर्थिक तथा प्राविधिक सहयोगमा हुँदै छ। त्यसमा सरकारले पहिलो खण्ड कोटेश्वर-एकान्तकुना-कलंकीमा जस्तै दोस्रो खण्डको विस्तारमा पनि सबै प्रकृतिको कर छुट दिने भएको हो।

हालै अर्थ मन्त्रालयले कर छुट दिने गरी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई सहमति प्रदान गरेको छ। सहमति प्राप्त भएसँगै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले 'कार्यान्वयन सम्झौता'को मस्यौदा मन्त्रिपरिषद् पठाउनेछ। मन्त्रिपरिषद्बाट स्वीकृति आएपछि नेपाल र चीन सरकारबिच कार्यान्वयन सम्झौतामा हस्ताक्षर हुनेछ। त्यसपछि चीन आफैंले ठेकेदार छनोट गरेर निर्माणको काम गर्न पठाउनेछ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव सुशीलबाबु ढकालले चक्रपथ दोस्रो खण्डको निर्माणमा चिनियाँ पक्षलाई कर छुट दिने गरी अर्थ मन्त्रालयबाट सहमति प्राप्त भएको बताए। 'यो कार्यान्वयन सम्झौताको महत्त्वपूर्ण पक्ष हो। कार्यान्वयन सम्झौताका अन्य प्राविधिक विषयमा हाम्रै मन्त्रालयले टुंगो लगाएको छ। कर छुटको विषयमा भने अर्थ मन्त्रालयकै सहमति आवश्यक थियो। त्यसमा अर्थ मन्त्रालयले सबै प्रकृतिका कर छुट दिने गरी सहमति प्रदान गरेको छ,' उनले भने, 'अब योसहित सर्तसहितको कार्यान्वयन सम्झौताको मस्यौदा स्वीकृतिका लागि मन्त्रिपरिषद् पेस गर्नेछौं। सम्भवतः आइतबार नै मन्त्रिपरिषद्मा प्रस्ताव पेस हुन्छ।'

सरकारले पहिलो खण्डको विस्तारमा पनि कर छुट दिएको थियो। सोहीअनुसार दोस्रो खण्डमा पनि कर छुट प्रदान गर्ने निर्णय गरिएको हो। ढकालका अनुसार निर्माण सामग्री, मेसिनलगायतका कुनै पनि वस्तु आयात गर्दा भन्सार विन्दुमा लाग्ने सबै प्रकृतिका करमा छुट दिइनेछ। यसैगरी तलब, निर्माण सामग्री खरिदलगायतका शीर्षकमा आन्तरिक रूपमा लाग्ने करमा पनि छुट दिइनेछ। अनुदान भएका कारण कर छुट दिनुपर्ने दायित्व नेपाल सरकारको रहेको उनको भनाइ छ।

चीनसँग 'कार्यान्वयन सम्झौता' गर्नुपर्ने प्रक्रिया पूरा नगर्दा चक्रपथ दोस्रो खण्डको काम रोकिएको थियो। यो प्रक्रिया पूरा नहुँदा चिनियाँ पक्ष काममा आउन सकेको छैन। चीनले तयार भइसकेको यसको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) पनि बुझाएको छैन। तर, अब यसलाई अन्तिम टुंगो लगाएर काम अघि बढाउने नेपालको तयारी छ।

चीनको आर्थिक तथा प्राविधिक सहयोगमा बन्ने यो परियोजना सात वर्षदेखि अलपत्र छ। सोही क्रममा पछिल्लोपटक ६ भदौ ०८१ मा ८.२ किलोमिटर लामो उक्त सडकखण्ड विस्तार गर्न चीन र नेपालबिच सम्झौता भएको थियो। त्यसपछि चीनको सिसिसिसी फर्स्ट हाइवे कन्सल्ट्यान्ट्स कम्पनी लिमिटेडले परियोजनाको डिपिआर बनाउने प्रक्रिया अघि बढाएको थियो। यसका लागि उक्त कम्पनी गत वैशाखदेखि फिल्डमा थियो। कम्पनीले परियोजनाको डिपिआर तयार गरिसकेको छ।



कार्यान्वयन सम्झौता गरेपछि डिपिआर बुझाउने चीनको तयारी छ। डिपिआर सडक विभागबाट स्वीकृति भएपछि काम सुरु गर्ने चीनको योजना छ। त्यसका लागि चीन आफैंले छिटो कार्यान्वयन सम्झौता गर्न दबाब दिएको छ। अब छिट्टै यसलाई अन्तिम टुंगोमा पुऱ्याइनेछ।

चीनकै अनुदानमा सन् १९७७ मा २७ किलोमिटर लामो चक्रपथ निर्माण गरिएको थियो। त्यसलाई चीनकै अनुदानमा विस्तार गर्ने गरी पहिले नै द्विपक्षीय सम्झौता भएको थियो। सोहीअनुसार चीनले पहिलो चरणमा चक्रपथको कोटेश्वर-सातदोबाटो-एकान्तकुना-कलंकी खण्डको विस्तार गर्ने काम ०७५ मै सम्पन्न गरिसकेको छ। त्यसलगत्तै दोस्रो खण्ड विस्तार गर्ने गरी २०७५ मै नेपाल र चीनबिच सम्झौता भएको थियो। दोस्रो चरणमा कलंकी-धोबीखोला खण्ड (११.६ किलोमिटर)लाई विस्तार गर्ने भनिएको थियो। तर, नारायणगोपाल चोकदेखि धोबीखोलासम्म साइट क्लियरेन्स हुन नसकेपछि चीनले कलंकी-वसुन्धारा खण्ड (८.२ किलोमिटर) मात्रै विस्तार गर्दै छ। त्यो पनि कोरोना काललगायतका कारण अघि बढ्न सकेको थिएन। अब भने यो परियोजना अघि बढ्ने मामिलामा आशावादी रहेको विभागका अधिकारीहरू बताउँछन्। ८.२ किलोमिटर क्षेत्रमा साइट क्लियरेन्स भने भइसकेको छ।

■ कस्तो बन्दै छ दोस्रो खण्ड ?

चीनले डिजाइनको प्रारम्भिक अवधारणा अर्थात् 'टेक्निकल कन्फर्मेसन' यसअघि नै पठाएको छ। त्यसअनुसार पहिलो खण्डको भन्दा फरक डिजाइनमा दोस्रो खण्डको विस्तार गरिँदै छ। चक्रपथ विस्तारको पहिलो (कलंकी-एकान्तकुना-कलंकी) खण्डमा कुल आठ लेनको सडक छ। त्यसमा बिचमा दुई-दुई लेनको मुख्य सडक र दायाँ-बायाँ दुई-दुई लेनको सर्भिस लेन छ। साथै, मेन लेन र सर्भिस लेनको बिचमा फुटपाथ छ।

दोस्रो खण्ड त्योभन्दा फरक बनाउने गरी यसअघि नै डिजाइनको प्रारम्भिक अवधारणा आएको थियो। त्यसमा दोस्रो खण्डको चौडाइ ६२ मिटर हुनेछ। त्यसमा बिचमा तीन मिटरको सेन्टर मिडियन (बिचमा खाली ठाउँ) राखिनेछ। सोही मिडियनको दायाँ-बायाँ चार-चार लेनको मुख्य सडक बनाइनेछ। त्यसपछि दायाँ-बायाँ पौने तीन मिटरको फुटपाथ निर्माण गरिनेछ। मिडियनदेखि फुटपाथसम्मको चौडाइ ३८.८ मिटरको हुनेछ। फुटपाथपछि दायाँ-बायाँ चार-चार मिटरको ग्रिन बेल्ट (हरियाली क्षेत्र) बनाइनेछ। हरियाली क्षेत्रपछि दुवै साइटमा ६-६ मिटरको सर्भिस लेन बनाइनेछ। सर्भिस लेनपछि दुवै साइटमा थप पाँच-पाँच फिटको फुटपाथ बनाइनेछ। यद्यपि, यो चीनले बुझाउने अन्तिम डिपिआरमा निर्भर रहनेछ।

■ दोस्रो वित्तीय क्षेत्र विकास रणनीति

डिजिटल कारोबार तीन गुणाले बढाइने

जिडिपीमा वित्तीय क्षेत्रको योगदान साढे सात प्रतिशत पुऱ्याउने लक्ष्य

नयाँ पत्रिका

सरकारले आगामी पाँच वर्षभित्र कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा वित्तीय क्षेत्रको योगदान साढे सात प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ। दोस्रो वित्तीय क्षेत्र विकास रणनीति (०८२/८३-०८६/८७)मार्फत सरकारले जिडिपीमा वित्तीय क्षेत्रको योगदानलाई ०.८५ प्रतिशत विन्दुले बढाउने लक्ष्य लिएको हो।

आर्थिक वर्ष ०८१/८२ सम्ममा जिडिपीमा वित्तीय क्षेत्रको योगदान ६.६५ प्रतिशत रहेको देखिन्छ। त्यसलाई बढाएर आर्थिक वर्ष ०८६/८७ सम्ममा साढे सात प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ। मन्त्रिपरिषद्ले हालै पारित गरेको पाँचवर्षे रणनीतिले वित्तीय पूर्वाधार, पहुँच, साक्षरता तथा समावेशिता वृद्धि गर्दै अर्थतन्त्रमा योगदान गर्ने लक्ष्य लिएको हो।

पाँच वर्षभित्र बैंकबाट प्रवाह हुने कृषि कर्जालाई १२.८४ प्रतिशतबाट १५ प्रतिशत पुऱ्याउने, ग्रिन बन्डजस्ता विशिष्टीकृत बन्ड जारी गरी वित्तीय स्रोत संकलन गर्ने, विद्युतीय भुक्तानीका लागि अनस्ट्रक्चर्ड सप्लिमेन्ट्री सर्भिस डाटा (युएसएसडी पेमेन्ट) प्रविधिको कार्यान्वयनमा ल्याउने, नयाँ वित्तीय उपकरणका रूपमा इक्विटी डेरिभेटिभ्स, इन्डेक्स फन्ड र इटिएफजस्ता उपकरण पुँजी बजारमा प्रवेश गराउने, वस्तु विनिमय बजार सञ्चालनमा ल्याउने तथा बचत तथा ऋण सहकारीको नियमन संयन्त्रको विकास गरिसक्नेसमेत लक्ष्य छ। पाँच वर्षमा सरकारले सार्वजनिक निकायको भुक्तानीलाई अनिवार्य विद्युतीय माध्यमबाट गर्ने व्यवस्थासहित 'डिजिटल कारोबार'लाई तीन गुणाले बढाउने लक्ष्यसमेत लिएको छ।

पहिलो वित्तीय क्षेत्र विकास रणनीति (०७३/७४-०७७/७८) ले अर्थतन्त्रको विकास, विस्तार तथा वित्तीय क्षेत्रको स्थायित्व कायम गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको अर्थ मन्त्रालयले उल्लेख गरेको छ। वित्तीय क्षेत्रलाई थप आधुनिक, समावेशी, सुरक्षित, सबल, सुदृढ, दिगो र विश्वसनीय बनाई मुलुकको आर्थिक विकासमा योगदान पुऱ्याउने उद्देश्यले दोस्रो रणनीति तर्जुमा गरिएको बताइएको छ। यस रणनीतिमा बैंकिङ, बिमा, पुँजी बजार, गैरबैंकिङ वित्तीय संस्था र सहकारी गरी पाँच मुख्य क्षेत्रका ढाँचा तय गरिएको छ।

■ यस्ता छन् रणनीतिका मुख्य पाँच उद्देश्य

- रणनीतिले मुख्य पाँच उद्देश्य लिएको छ। पहिलो, दिगो र समावेशी आर्थिक विकासका लागि सक्षम तथा कुशल वित्तीय क्षेत्रको विकास गर्ने।
- वित्तीय प्रणालीलाई सुरक्षित, सबल, सुदृढ तथा विश्वसनीय बनाई वित्तीय स्थायित्व कायम गर्ने।
- वित्तीय क्षेत्रमा पारदर्शिता र जवाफदेहिता कायम गरी सुशासन अभिवृद्धि गर्ने।
- वातावरण तथा प्रविधिमैत्री वित्तीय सेवाको विकास तथा विस्तार गर्ने।
- वित्तीय साक्षरता, पहुँच एवं वित्तीय ग्राहक संरक्षणको माध्यमबाट समावेशी वित्तीय प्रणाली विकास गर्ने।

डिजेल र मट्टीतेलको भाउ बढ्यो

काठमाडौं/ नेपाल आयल निगमले डिजेल र मट्टीतेलको भाउ प्रतिलिटर तीन रुपैयाँका दरले बढाएको छ। निगम सञ्चालक समितिको बैठकले शनिबार रातिदेखि लागू हुने गरी डिजेल र मट्टीतेलको भाउ बढाएको हो। पेट्रोल र खाना पकाउने एलपिजी ग्यासको मूल्य भने यथावत् राखिएको छ।

मूल्य समायोजनपछि डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर काठमाडौं, पोखरा र दिपायलआसपास एक सय ३९ रुपैयाँ कायम भएको छ। त्यस्तै, चारआली, विराटनगर, जनकपुर, वीरगन्ज, धनगढीलगायत तराई मधेश क्षेत्रमा प्रतिलिटर एक सय ३६ रुपैयाँ ५० पैसा कायम भएको छ। सुर्खेत र दाङमा भने डिजेल र मट्टीतेलको भाउ प्रतिलिटिर एक सय ३८ रुपैयाँ कायम भएको हो।

इन्डियन आयल कर्पोरेसनबाट प्राप्त पेट्रोलियम पदार्थको नयाँ मूल्य डिजेल र मट्टीतेलमा चार रुपैयाँ ४४ पैसाले बढेर आएको भए पनि नेपालमा तीन रुपैयाँले मात्रै बढाइएको निगमका कार्यकारी निर्देशक चण्डिकाप्रसाद भट्टले बताए। त्यस्तै, भारतबाट पेट्रोलको मूल्य प्रतिलिटर १२ पैसाले बढेर आएको भए पनि नेपालमा मूल्य यथावत् राखिएको उनले उल्लेख गरेका छन्।

हवाई इन्धनमा एक रुपैयाँ आठ पैसाले मूल्य घटेर आएकोमा नेपालमा आन्तरिकतर्फ हवाई इन्धन प्रतिलिटर एक रुपैयाँले घटाएको हो। त्यस्तै, अन्तर्राष्ट्रियतर्फ हवाई इन्धन काठमाडौंमा प्रतिकिलोलिटर सात रुपैयाँले घटाइएको छ। पोखरा र भैरहवामा यथावत् राखिएको छ।

रोल्पा महोत्सवमा स्थानीय उत्पादनलाई प्राथमिकता

रोल्पा/ रोल्पा जलजला महोत्सव, २०८२ शनिबारदेखि सुरु भएको छ। सनस्टार युवा क्लबको आयोजनामा सुरु भएको महोत्सवको लिबाडका ९२ वर्षीय ज्येष्ठ नागरिक टीकाबहादुर जिसीले पानसमा बत्ती बालेर महोत्सव सुरु भएको घोषणा गरे।

'कृषि, पर्यटन, उद्योग, खेलकुद र कला-संस्कृतिको विकास हाम्रो अभियान, रोल्पाको विकासमा हामी सबैको हातेमालो र जागरण' भन्ने उद्देश्यसहित सुरु भएको महोत्सव माघ २५ गतेसम्म चल्नेछ। महोत्सवमा स्थानीय विषयवस्तुलाई प्राथमिकता दिइएको क्लबका अध्यक्ष पूर्ण केसीले बताए।

कृषि उत्पादनलाई प्रदर्शनीमा ल्याएकालाई पुरस्कृतसमेत गरिनेछ। जिल्ला कृषि विकास कार्यालय र पशुसेवा विज्ञ केन्द्रसँगको समन्वयमा कृषितर्फ पहिलो हुनेले १३ हजार पाँच सय, दोस्रो हुनेले १० हजार आठ सय, तेस्रो हुनेले नौ हजार र सान्त्वनाले एक हजार ६ सय पुरस्कार पाउने बताइएको छ।

घोषणापत्रमा लगानी प्रवर्द्धन दशक समावेश गर्न दललाई महासंघको सुझाव

नयाँ पत्रिका



नेपाल उद्योग वाणिज्य महासंघले आन्तरिक तथा विदेशी लगानी आकर्षण गर्न 'लगानी प्रवर्द्धन दशक' घोषणा गर्न माग गरेको छ। यसलाई राजनीतिक दलहरूले आफ्नो घोषणापत्रमा समावेश गरेर कार्यान्वयनमा लैजानुपर्ने महासंघको भनाइ छ।

२१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गरेर यतिबेला राजनीतिक दलहरू घोषणापत्र बनाउन व्यस्त छन्। सो सन्दर्भमा महासंघले शनिबार पत्रकार सम्मेलन गर्दै 'निजी क्षेत्रमैत्री घोषणापत्र' ल्याउन सुझाव दिएको हो। त्यसमा लगानी प्रवर्द्धन दशक घोषणा गर्नुपर्ने सुझाव समावेश छ।

'आन्तरिक स्रोतको सीमितताबीच वैदेशिक सहायतामा समेत कमी आइरहेको सन्दर्भमा स्वदेशी एवं वैदेशिक लगानी र प्रविधि आकर्षित गर्न लगानी प्रवर्द्धन दशक घोषणा गरी उक्त अवधिमा नीतिगत स्थायित्वको प्रत्याभूति गरी विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ,' महासंघको प्रतिवेदनमा भनिएको छ। मन्त्रिपरिषद्बाट पारित द्विपक्षीय लगानी सम्झौता कार्यान्वयन गर्नुपर्ने पनि बताइएको छ। लगानी बोर्ड र उद्योग विभागलाई एकीकृत गरी निजी क्षेत्रको सहभागितामा शक्तिशाली लगानी प्रवर्द्धन एवं संरक्षण बोर्ड स्थापना गर्नुपर्ने महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले बताए।

यस्तै, औद्योगिक करिडोर विशेष कार्यक्रमअन्तर्गत भारतीय सीमादेखि चुरेफेदीसम्मका सडक, उत्तर-दक्षिण सडक करिडोर, मध्य पहाडी लोकमार्गका सम्भावित क्षेत्रहरू र अन्य सम्भावित करिडोरमा उद्योगलक्षित विशेष कार्यक्रम ल्याउनुपर्ने पनि महासंघको माग छ।

उत्पादनमूलक उद्योगलाई विद्युत् महसुलमा १० वर्षसम्म छुट दिनुपर्ने पनि महासंघको माग छ। 'औद्योगिक कच्चा पदार्थ विद्युत् पनि भएको हुँदा उत्पादनमूलक उद्योगलाई विद्युत् महसुलमा १० वर्षसम्मको समयसीमा निर्धारण गरी उपयुक्त छुट दिइनुपर्छ,' अध्यक्ष ढकालले बताए।

यस्तै, निजी क्षेत्रसँगको सहकार्यमा सबै प्रदेशमा स्टार्टअप ग्रोथ सेन्टर स्थापना गर्नुपर्ने महासंघको माग छ। 'स्टार्टअप उद्यमको प्रवर्द्धनका लागि हाल दिइरहेको कर छुट सुविधालाई १० वर्षसम्म उपलब्ध गराउने र थप अर्को पाँच वर्षसम्म ५० प्रतिशत कर छुट दिइने व्यवस्था गर्नुपर्छ। यसलाई घोषणापत्रमा समावेश गरेर कार्यान्वयन गर्नुपर्छ,' अध्यक्ष ढकालले भने।

अतिकम विकसित मुलुकबाट स्तरोन्नति भएपछि युरोपलगायत विकसित मुलुकमा हुने निर्यात बढी प्रभावित हुने हुँदा निर्यात अभिवृद्धिलक्षित तालिम, बजार एवं निर्यात विविधीकरण, लागत न्यूनीकरणजस्ता एकीकृत कार्यक्रम परिचालन गरिनुपर्ने पनि बताइएको छ।

महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले दलहरूको घोषणापत्रमा निजी क्षेत्रको सुझाव समावेश हुनुपर्ने बताए। साथै, चुनावपछि त्यसलाई कार्यान्वयन पनि गर्नुपर्ने उनको भनाइ छ। 'अर्थतन्त्रमा निजी क्षेत्रको योगदान उच्च छ। निजी क्षेत्रले सुझाव राजनीतिक दलको प्रतिवेदनमा समावेशक हुनुपर्छ। र, त्यसको कार्यान्वयन पनि गरिनुपर्छ,' उनले भने।

क्र.स	ऋणीको विवरण	धितो/धनजमानीकर्ता धितोमा रहेको सम्पत्तिको विवरण	
९	**टेलिम्याटिक सोलुसन्स प्रा.लि.** **दर्ता नं : २३१६७७/०७६/०७७** ठेगाना : का.म.न.पा.-०७, चावहिल काठमाडौं दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं स्थायी लेखा नं.: ६०९६९४०५७ **अख्तीयार प्राप्त व्यक्ति/धनजमानीकर्ता: पारस बस्नेत** **ना.प्र.नं. : ८४८२-५५७८६** जारी गर्ने कार्यालय :जिल्ला प्रशासन कार्यालय, काठमाडौं बाबु : ज्ञानेन्द्र बहादुर बस्नेत बाजे : मोहन बहादुर बस्नेत ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं म.न.पा.वडा नं.०७ **शाखा : मुख्य शाखा कार्यालय** **कर्जा शीर्षक : साना व्यापार कर्जा अधिविकर्ष**	**विनिता थापा क्षेत्री** **ना.प्र.नं. : ८२९** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, काठमाडौं पतिः पारस बस्नेत ससुरा : ज्ञानेन्द्र बहादुर बस्नेत ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं म.न.पा.वडा नं.३०, हाल काठमाडौं म.न.पा.वडा नं.०७ **भगवति बस्न्यात** **ना.प्र.नं. : ४८३४** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धनकुटा पति : ज्ञानेन्द्र बहादुर बस्नेत ससुरा : मोहन बहादुर बस्नेत ठेगाना : खोटाङ्ग जिल्ला, वतासे-०४, हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा.वडा नं.०७	१. भगवती बस्न्यातको (जग्गाधनी दर्ता प्रमाण पत्र अनुसार भगवती बस्नेत) नाममा मालपोत कार्यालय उदयपुरमा दर्ता श्रेष्ठा कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) ठेगाना: भुमरसुवा-०४; नक्सा सिट नं.: ४क; कित्ता नं.: ३७२६ क्षेत्रफल (वि/रो/व.मि.): ०-१०-१-० (३४०३.३३); कित्ता नं.: ३७२८ क्षेत्रफल (वि/रो/व.मि.): ०-५-०-० (१६९३.२०) साथै, सम्पूर्ण लिगलगापात समेत।
१०	**सुनकोशी काष्ठ उद्योग प्रा.लि.** **दर्ता नं.: ९१४५८/०६८/०६९** ठेगाना : सिद्धिपुर गा.वि.स. वडा नं ०१, ललितपुर जारी गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं स्थायी लेखा नं.: ६००७०५२४२ **अख्तियार प्राप्त व्यक्ति/धनजमानीकर्ता :** **भिम वहादुर श्रेष्ठ** **ना.प्र.नं.: ३०४-४२६१** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, चरिकोट, दोलखा बाबु : गंगा वहादुर श्रेष्ठ बाजे : बल वहादुर श्रेष्ठ ठेगाना : दोलखा जिल्ला खारे गा.वि.स. वडा नं ०८, हाल ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं ०१ **शाखा कार्यालय : ग्वार्को** **कर्जा शीर्षक : मध्यम व्यापार कर्जा (आवधिक)**	**कालिका श्रेष्ठ** **ना.प्र.नं.: ५२२/२८१** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, दोलखा पति : भिम वहादुर श्रेष्ठ ससुरा : गंगा वहादुर श्रेष्ठ ठेगाना : दोलखा जिल्ला खारे गा.वि.स वडा नं ०८, हाल ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं ०१	१) सुनकोशी काष्ठ उद्योग प्रा.लि.को नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता श्रेष्ठा कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) ठेगाना: सानागाऊ-१; नक्सा सिट: १; कित्ता नं.: ३२८५ क्षेत्रफल (वि.रो.व.मि.): ०-१२-२-० (३९७.३८) साथै, सम्पूर्ण लिगलगापात समेत।

धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु :

१. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर र बैंकका शाखा कार्यालयहरुबाट रु. १,००० (एक हजार रुपैया मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ। बोलपत्रमा बोलपत्र दाताहरुको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिरपट्टि लिलाम बढाबढ मार्फत सम्पत्ति (घर/जग्गा) खरिद गर्न चाहेको लिलाम बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। संस्था भएमा संस्थाको छाप र अख्तियार प्राप्त व्यक्तिको हस्ताक्षर र छाप समेत अनिवार्य लगाएको हुनुपर्नेछ।

२. गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वरमा आइपुग्ने गरी कार्यालय समय भित्र दाखिला गरी दर्ता गरि सक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त उल्लेख गरि दिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

३. आफूले खरिद गरी लिन चाहेको धितोमा रहेको सम्पत्ति (घर/जग्गा) के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ। अङ्क र अक्षरमा फरक फरक व्यहोरा लेखिएको भए अक्षरमा लेखिएको व्यहोरालाई मान्यता दिईनेछ।

४. बोलपत्रदाताले बोलपत्र आवेदनसाथ आफूले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक वा वित्तीय संस्थाको Good for Payment गरिएको A/C Payee Cheque संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै ब्याज दिईने छैन। साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन।

५. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ।

६. रीतपूर्वक पर्न आएका बोलपत्र यो सूचनाको म्याद समाप्त भएको लगतैको कार्यदिनमा दिनको ३:३० बजे बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा बोलपत्रदाता वा निजको प्रतिनिधि र उपस्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। सो दिन लिलाम बिक्री सम्बन्धी काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन लिलाम बिक्री सम्बन्धी काम सम्पन्न गरिनेछ। साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात बैंकले तोकेको मितिभित्र यस बैंकमा नगदै जम्मा गरि धितोमा रहेको (लिलाम सकार गरेको) सम्पत्ति आफ्नो नाममा दाखिल खारेज गराई लिनु पर्नेछ। यसरी बाँकी रकम जम्मा गर्ने समयसीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ। सम्पत्ति (घर/जग्गा) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु सकार गरि लिने स्वयमले व्यहोर्नु पर्नेछ।

८. बोलपत्रमा पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आफैले सकार गर्न वा पून : सूचना जारी गरि लिलामी प्रक्रियामा जान सक्नेछ।

९. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ।

१०. धितोमा रहेको सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहीत रहने छ।

११. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा तथा बैंकको पायक पर्ने शाखामा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

पूनश्च : उल्लिखित ऋणी/व्यवसायी/करदाता/साझेदार/प्रोप्राइटर/अख्तियार प्राप्त व्यक्ति/धितोजमानीकर्ता एवं धनजमानी दिनुहुने व्यक्ति समेतले उक्त तोकिएको मिति भित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा ब्याज तथा नियमानुसार लाग्ने अन्य दै-दस्तुर समेत सम्पूर्ण रकम कलम बुझाई एवं बुझाउन लगाई आफ्नो सम्पत्तिको संरक्षण गर्नु हुन यसै सूचनाद्वारा पुन जानकारी गराईन्छ। अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ। उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनि कहीं कतै कुनै पनि किसिमको उजुर बाजुर गर्न पाइने छैन।

गोप्य सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान:
बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८२/११/०३ गते र बोलपत्र खोलिने मितिः २०८२/११/०४
समयः दिनको : ४:३० बजे
सिलबन्दी बोलपत्र खोलिने स्थान : कामना सेवा विकास बैंक लिमिटेडको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर

आइसिसी पुरुष टी-२० विश्वकप २०२६

'ट्यालेन्ट' देखाउन एसोसिएट राष्ट्रहरू तयार

विश्वकपमा सहभागी २० टिममध्ये एसोसिएट नौ राष्ट्र आफ्नो क्षमता देखाउँदै

रमेश सुवेदी/नयाँ पत्रिका

नेदरल्यान्ड्स र पाकिस्तानबिच २४ माघमा हुने खेलसँगै आइसिसी पुरुष टी-२० विश्वकप २०२६ सुरु हुँदै छ। योपटक विश्वकप भारत र श्रीलंकाले संयुक्त रूपमा आयोजना गर्दै छन्। पहिलो दिन नै तीन खेल हुँदै छन्। नेदरल्यान्ड्स र पाकिस्तानबिच कोलम्बोमा खेल हुँदा भारत र अमेरिकाबिच वानखेडे रंगशालामा प्रतिस्पर्धा हुँदै छ। यसपटक विश्वकपमा २० टिम सहभागी हुँदा ९ टिमले एसोसिएट राष्ट्रको प्रतिनिधित्व गर्दै छन्। केही एसोसिएट राष्ट्रले सहभागिता नै ठुलो उपलब्धि मानेका छन्। केही टिम भने टेस्ट राष्ट्रलाई हराएर चुनौती दिने योजनामा छन्।

१ नेदरल्यान्ड्स (वरीयता १३)

नेदरल्यान्ड्स सातौँपटक टी २० विश्वकप खेल्दै छ। यसअघि ६ पटक विश्वकप खेल्दा टोली सन् २०१० मा दसौँ स्थानसम्म पुगेको थियो। यसपटक नेदरल्यान्ड्स युरोपियन क्षेत्रीय छनोटबाट इटालीसँगै विश्वकपमा स्थान बनाएको हो। कप्तान स्कट एडवार्ड तेस्रोपटक टिमलाई समूह चरण पार गराउने योजनामा छन्। नेदरल्यान्ड्सले समूह 'ए'मा आयोजक भारतसँगै पाकिस्तान र अमेरिकासँग खेल्नेछ। पहिलो खेल भने पाकिस्तानविरुद्ध कोलम्बोमा खेल्ने तालिका छ।

२ स्कटल्यान्ड (वरीयता १४)



यो विश्वकपमा सबैभन्दा भाग्यमानी टिम भनेकै स्कटल्यान्ड हो। युरोपियन क्षेत्रीय छनोटबाट बाहिरिएको स्कटल्यान्ड भूराजनीतिक द्वन्द्वका कारण बंगलादेश नखेल्ने हुँदा भाग्यमानी बन्यो। आफ्ना खेलाडी र समर्थकको सुरक्षा नहुने भन्दै बंगलादेश भारत जान चाहेन। यसपछि आइसिसीले आफ्ना अडान लिँदा बंगलादेश बाहिर हुनुपऱ्यो। यसपछि मात्रै वरीयताका आधारमा स्कटल्यान्डको भाग्य खुलेको हो। स्कटल्यान्डको वरीयता १४ हो। योसँगै स्कटल्यान्ड सातौँपटक विश्वकप खेल्दै छ।

३ नामिबिया (वरीयता १५)



नामिबिया चौथोपटक टी २० विश्वकपमा सहभागी हुँदै छ। अफ्रिका छनोटबाट नामिबिया र जिम्बावे विश्वकपमा छनोट भएका हुन्। समूहका सबै खेलमा नामिबिया जित निकाल्न सफल भएको थियो। जेजे स्मिथले सेमिफाइनलमा सानदार प्रदर्शन गरेका थिए। तर, फाइनलमा भने टोली जिम्बावेसँग पराजित भयो। आइसिसी वरीयतामा १५औँ स्थानमा रहेको नामिबियाको कप्तानी जेरार्ड इरामसले गर्नेछन्। आफ्नो टिमलाई ऐतिहासिक नतिजा दिलाउने योजनामा छन्।

४ नेपाल (वरीयता १६)



नेपाल टी २० विश्वकपमा तेस्रोपटक सहभागी हुँदै छ। यसपटक नेपाल एसिया प्यासिफिकबाट छनोट हुन सफल भयो। नेपालले समूह चरणमा जापान र कुवेतविरुद्ध जित निकालेको थियो। नेपाल दुवै टिमविरुद्ध अपराजित रहँदै सुपर सिक्समा स्थान बनाउन सफल भयो। नेपालको कप्तानमा २३ वर्षीय युवा अलराउन्डर रोहितकुमार पौडेल छन्। उनी सन् २०२४ को विश्वकपका कान्छा कप्तान हुन्। नेपालको उपकप्तान दीपेन्द्रसिंह ऐरी छन्। नेपाल पहिलोपटक समूह चरण पार गर्ने योजनामा छ।

५ युएई (वरीयता १७)



नेपालजस्तै युएई पनि तेस्रोपटक टी-२० विश्वकप खेल्दै छ। नेपाल र ओमानसँगै युएईले पनि एसिया प्यासिफिकको सुपर सिक्समा स्थान बनाउँदै विश्वकप खेल्ने पक्का गरेको थियो। यसअघि नेपालसँगै पराजित हुँदा मुहम्मद वासिमले कप्तानी गरेको युएई विश्वकपबाट बाहिर भएको थियो। यसपटक छनोटमा युएईका लागि एलिसान सराफुले सर्वाधिक दुई सय ८३ रन बनाएका थिए। यसअघि सन् २०१४ र २०२२ मा विश्वकप खेलेको युएई पहिलोपटक सुपर ८ मा पुग्ने योजनामा छ।

६ अमेरिका (वरीयता १८)



आइसिसी वरीयतामा १८औँ स्थानमा रहेको अमेरिका दोस्रोपटक विश्वकप खेल्दै छ। सन् २०२४ मा घरेलु मैदानमै अमेरिकाले विश्वकप खेलेको हो। त्यसवेला सुपर ८ पुगेकै कारण यसपटक अमेरिकाले छनोट खेल्न परेन। समूह चरणमा पाकिस्तानविरुद्ध सनसनीपूर्ण जित निकालेपछि अमेरिकाले यो यात्रा तय गरेको हो। नेपालको पूर्वप्रशिक्षक पुवुदु दासनायके नै अमेरिकाको प्रशिक्षक छन्। उनले भने, 'हाम्रो विश्वकप खेल्ने टिम बलियो छ। टिम तालमेल पनि राम्रो छ। खेलाडी आत्मविश्वासी छन्।'

७ क्यानडा (वरीयता १९)



क्यानडा दोस्रोपटक टी२० विश्वकपमा सहभागी हुँदै छ। तर, टिमले यसअघि नै तीनपटक एकदिवसीय विश्वकप खेलेको थियो। टी-२० विश्वकप भने पहिलोपटक सन् २०२४ मा खेल्यो। जुन विश्वकपमा आयरल्यान्डविरुद्ध सनसनीपूर्ण जित निकालेको हो। अमेरिकी क्षेत्रीय छनोटमा क्यानडाले ६ मध्ये सबै खेल जित्न सफल भयो। आइसिसी वरीयतामा १९औँ स्थानमा रहेको क्यानडाको कप्तानमा दिलप्रित बाज्वा छन्।

८ ओमान (वरीयता २०)



ओमान आइसिसी वरीयतामा भने २०औँ स्थानमा छ। एसिया प्यासिफिकबाट नेपालसँगै ओमान विश्वकपमा स्थान बनाउन सफल भएको हो। नदिम खान र जितेन रामानन्दीले छनोटमा समान ११ विकेट लिएका थिए। सन् २०२४ को विश्वकप गुमाएका जितिन्दर सिंह टिमको कप्तानी गर्दै छन्। उनी भन्छन्, 'हाम्रा लागि यो विश्वकपमा सहभागी हुनु नै गौरवको विषय हो। हाम्रा खेलाडी आइसिसीको ठुलो प्रतियोगिता खेल्न उत्साहित छन्।' ओमानले समूह 'बी'मा आयोजक श्रीलंकासँगै अस्ट्रेलिया, आयरल्यान्ड र जिम्बावेसँग खेल्दै छ।

९ इटाली (वरीयता २७)



फिफा विश्वकप नै चारपटक जितिसकेको इटाली पहिलोपटक क्रिकेटको विश्वकप खेल्दै छ। यता, क्रिकेटमा भने पहिलोपटक विश्वकपको मैदानमा उत्रन लागेको हो। युरोपियन उपक्षेत्रीय छनोटमा स्कटल्यान्डलाई हराउँदै इटाली विश्वकपमा छनोट भएको हो। इटाली हाल आइसिसीको वरीयतामा २७औँ स्थानमा छ। टिमको कप्तानमा वायन माडसन छन्। टोलीमा जेजे स्मट्स पनि छन्। *-आइसिसीको सहयोगमा*

नेपालको खेल

मिति	विपक्षी	स्थान
८ फेब्रुअरी	इंग्ल्यान्ड	वानखेडे रंगशाला
१२ फेब्रुअरी	इटाली	वानखेडे रंगशाला
१५ फेब्रुअरी	वेस्ट इन्डिज	वानखेडे रंगशाला
१७ फेब्रुअरी	स्कटल्यान्ड	वानखेडे रंगशाला

खेल संक्षेप

भ्याली पब्लिक र फेरिल्यान्ड विजयी

काठमाडौं/ भ्याली पब्लिक र फेरिल्यान्ड इन्टरनेसनल स्कुलले दोस्रो ज्ञान संस्कार अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको महिलातर्फ शनिबार जित हात पारेका छन्। सामाखुशीस्थित आयोजक ज्ञान संस्कार इन्टरनेसनल स्कुलको कोर्टमा भ्याली पब्लिकले काठमाडौं भ्यालीलाई १८-११ ले पराजित गऱ्यो। भ्याली पब्लिककी सोनिमाया तामाङले नौ अंक जोडिन्। फेरिल्यान्डले निस्टलाई २४-१३ ले हरायो। फेरिल्यान्डकी रोमिका गौतमले १६ स्कोर गरिन्। दोहोरो जित निकालेको फेरिल्यान्डले अर्को खेलमा तेजस्वी एकेडेमीलाई २५-१७ ले पाखा लगायो। विजेताकी सन्दीपा राईले नौ अंक बटुलिन्। त्यस्तै, क्यान्भास वसन्त ऋतुले किङडमलाई २५-१७, बौद्ध चिल्ड्रेन हेभेनले प्रारम्भ वर्ल्डलाई ५५-४५, निस्टले टिआइएलाई २४-१७ र टिआइएले तेजस्वीलाई २१-१६ ले पन्छाए। क्यान्भासकी सायाका नेपालीले ७, बौद्ध चिल्ड्रेन हेभेनकी जस्मिन गुरुङले १६, निस्टकी स्निग्धा दाहालले १४ र टिआइएकी शुभश्रीले ८ स्कोर गरे।



पूजा नयाँ कप्तान

काठमाडौं/ नेपाल क्रिकेट संघ (क्यान)ले उपकप्तान पूजा महतोलाई नयाँ कप्तान बनाएको छ। विश्वकप ग्लोबल छनोटको क्रममा इन्दु बर्मा घाइते हुँदा कम्तीमा आठ महिना मैदानबाहिर हुने भएकी छिन्। त्यसपछि क्यानले उपकप्तान पूजालाई नयाँ जिम्मेवारी दिएको हो। क्यानले शनिबार एसियन कप राइजिङ स्टार्स खेल्न जाने टोलीको घोषणा गर्दै पूजालाई नयाँ कप्तान घोषणा गरेको हो। टिममा पूजासहित विन्दु रावल, सम्झना खड्का, रुबि पोद्दार, रुबिना क्षेत्री, कविता जोशी, कविता कुँवर, सीता रानामगर, रिया शर्मा, सुमन विष्ट, अनु कठायत, मनीषा उपाध्याय, काजल श्रेष्ठ र सिमना केसी रहेका छन्। नेपालले प्रतियोगितामा पाकिस्तानको 'ए' टिम र भारतको 'ए' टिमसहित अमेरिकासँग प्रतिस्पर्धा गर्नेछ।

सौर्य च्याम्पियन

काठमाडौं/ नेपाल आर्मीका सौर्य महर्जन चौथो यलम्बर कप राष्ट्रिय खुला ब्याडमिन्टन प्रतियोगिताको यू-१७ पुरुष एकलतर्फ शनिबार च्याम्पियन बनेका छन्। नखिपोटस्थित आयोजक नखिपोट युथ क्लबको कभर्डहलमा भएको फाइनलमा सौर्यले आर्मीकै प्रतीक विष्टलाई ११-२१, २१-१७ र २१-११ को सोझो सेटमा पराजित गरे। नखिपोट युथ क्लब ब्याडमिन्टन सर्कलको सहआयोजनामा भएको प्रतियोगिताको महिला युगलतर्फ कास्कीका दिलाशा राना र तिलमाया रानाको जोडी पहिलो भए। उक्त जोडीले फाइनलमा एपिएफकी नविना राई र आयोजक नखिपोट युथ क्लबकी निसाम हाडमा सुब्बाको जोडीलाई २१-१९ र २३-२१ को सोझो सेटमा हराए। पुरुषतर्फको क्याटेगोरी 'ए'मा आर्मीका विधान अधिकारी र प्रवीण लिङथेपको जोडीले उपाधि जिते।

रुबिन, इभाना र वियान्कालाई प्रोटिन अनको साथ

काठमाडौं/ आदर्श विद्या मन्दिर (एभिएम) टेबलटेनिस क्लबका राष्ट्रिय खेलाडी रुबिन महर्जन, इभाना थापा र बियान्का राईलाई अन्तर्राष्ट्रिय प्रोटिन ब्रान्ड अनले प्रायोजन गरेको छ। शनिबार एक कार्यक्रमका बिच भएको सम्झौता एक वर्षको रहने बताइएको छ। तीनै खेलाडीले नेपालको प्रतिनिधित्व गर्दै विभिन्न प्रतियोगिता खेल्दै आएका छन्। घरेलु प्रतियोगिता भने एभिएमबाट खेल्दै आएका छन्। ब्रान्डका एम्बास्डर सचित प्रधानले खेलाडीहरूलाई एक वर्षका लागि आवश्यक पोषण सप्लिमेन्ट औपचारिक रूपमा हस्तान्तरण गरेका थिए। यस सहकार्यले नेपाली टेबल टेनिस खेलाडीहरूको प्रदर्शन सुधार गर्न तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा अझ सशक्त रूपमा प्रस्तुत हुन सहयोग पुग्ने विश्वास लिइएको एभिएम स्कुलले जनाएको छ।

नेपाल पहिलो खेलमै पराजित

कास्की/ नेपाल पहिलो खेलमै पराजित हुँदा बंगलादेश र भारतले पोखरामा शनिबारबाट सुरु भएको साफ यू-१९ महिला च्याम्पियनसिपमा विजयी सुरुवात गरेका छन्। दक्षिण एसियाली फुटबल महासंघ (साफ)को आयोजना तथा अखिल नेपाल फुटबल संघ (एन्फा) र कास्की जिल्ला फुटबल संघको व्यवस्थापनमा सुरु भएको प्रतियोगितामा बंगलादेशले भुटानलाई र दोस्रो खेलमा भारतले नेपाललाई पराजित गरेका हुन्। पोखरा रंगशालामा बंगलादेशले भुटानलाई १२-० ले हरायो। घरेलु टोली नेपाललाई भारतले १-० ले पराजित गरेको हो। बंगलादेशको जितमा तीन खेलाडीले ह्याट्रिक पूरा गर्दा खेलको अतिरिक्त समयमा मात्र चार गोल गरेका थिए।



अभ्यास खेलमा नेपाल विजयी

नयाँ पत्रिका

भारत र श्रीलंकामा आयोजना हुने टी-२० विश्वकपअघिको अभ्यास खेलमा नेपाली राष्ट्रिय टिम विजयी भएको छ। शनिबार नेपालले आफ्नो दोस्रो अभ्यास खेलमा मुम्बई क्रिकेट एकेडेमी प्रेसिडेन्ट्स ११ लाई ४८ रनले हरायो। ब्रेबन क्रिकेट स्टेडियम टस जितेर सुरुमा ब्याटिङ गरेको नेपालले २० ओभरमा ५ विकेट गुमाउँदै एक सय ८४ रनको लक्ष्य दिएको थियो। नेपालका लागि आरिफ सेखले अर्धशतक बनाएका थिए। प्रत्युत्तरमा मुम्बईले २० ओभरमा ८ विकेट गुमाउँदै एक सय ३५ रन बनायो।

मुम्बईका लागि ओपनर मुलचन्दानीले सर्वाधिक ४७ तथा अर्का ओपनर सक्सेनाले २३ रन जोडे। नेपालका लागि सन्दीप लामिछानेले सर्वाधिक ३ विकेट लिँदा ललित राजवंशी र गुल्सनकुमार झाले समान २ विकेट लिएका थिए। यसअघि नेपालका लागि आरिफले ४२ बलमा ६६ बनाएका हुन्। गुल्सनले २३ रनको योगदान गरेका थिए। मुम्बईका मंगुकिया र चाभानले समान २ विकेट लिएका थिए। विश्वकपमा नेपालले इंग्ल्यान्ड, वेस्ट इन्डिज, स्कटल्यान्ड र इटालीको सामना गर्नेछ। नेपालले सबै खेल मुम्बईमा खेल्दा पहिलो खेल इंग्ल्यान्डविरुद्ध खेल्ने तालिका छ।



छैटौं टाइगर कप भलिबल

पुरुषतर्फको उपाधि गण्डकीलाई

कास्कीमा रोहितराज पराजुली

घरेलु टोली गण्डकी प्रदेशले छैटौं टाइगर कप पुरुषतर्फको उपाधि हात पारेको छ। शनिबार सम्पन्न फाइनलमा गण्डकीले विभागीय टोली नेपाल पुलिस क्लबलाई ३-१ को सेटमा पराजित गऱ्यो। उपाधिसँगै गण्डकीले नगद ६ लाख ६६ हजार ६६६ पाउँदा उपविजेता पुलिसले तीन लाख ६६ हजार ६६६ नगद पुरस्कार पाए। यसअघि शुक्रबार भएको फाइनलमा महिलातर्फको फाइनलमा नेपाल पुलिस क्लबलाई हराउँदै न्यु डायमन्डले उपाधि जितेको थियो। खेलको पहिलो सेट २३-२५ ले आफ्नो पक्षमा पारेको पुलिस त्यसपछिका लगातार तीन सेटमा पराजित हुन पुगेको थियो। पहिलो सेटमा पछि परेको अवस्थालाई उल्टाउँदै गण्डकीले दोस्रो सेट २८-२६, तेस्रो सेट २५-२२ र चौथो सेट २५-१७ ले आफनो पक्षमा पादै छैटौं संस्करण सकिँदा दोस्रोपटक उपाधि हात पारेको हो।

टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजना एवं एनसेलको मुख्य प्रायोजन भएको छैटौं संस्करणको फाइनलसम्म आइपुग्दा दुवै टोली दोस्रोपटक उपाधि उचाल्ने लक्ष्यसहित मैदान उत्रेका थिए। यसअघि पहिलो संस्करणको गण्डकी र पाँचौंमा पुलिसले उपाधि हात पारेको थियो। यसअघि समूह चरणमा समेत गण्डकीले पुलिसलाई पराजित गरेको थियो। फाइनलको हारसँगै पुलिसले समूह चरणका व्यहोरेको हारको बदला लिनसमेत चुकेको छ।



पर्वत तेस्रो

पुरुषतर्फ पर्वत जिल्ला भलिबल संघले तेस्रो स्थान हात पारेको छ। तेस्रो स्थानका लागि भएको खेलमा पर्वतले विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई ३-० को सोझो सेटमा पराजित गऱ्यो। खेलमा पर्वतले पहिलो सेट २५-१९, दोस्रो सेट २९-२७ र तेस्रो सेट २५-१३ ले आफ्नो पक्षमा पार्दै दुई लाख ६ हजार ६६६ रुपैयाँ पुरस्कार पाएको छ।

मुस्तफा सर्वोत्कृष्ट खेलाडी

पुरुषतर्फ प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडी गण्डकीका मुस्ताफा खान भएका छन्। उनले २६ हजार ६६६ नगद हात पारे। यस्तै, विधागत रूपमा सर्भरमा अद्नान खान, लिबिरोमा भीमबहादुर गाहा, सेटरमा बलराम गुरुङ, ब्लकरमा फहद राज, स्पाइकरमा फकर वाट्टु र प्रशिक्षकमा रमेश केसी उत्कृष्ट भए। उनीहरूले जनही समान ११ हजार ६६६ रुपैयाँ हात पारे।

फाइनलमा पर्वत कि पुलिस भन्नेमा विवाद

आयोजकले शुक्रबार लिग चरणका खेल सकिएसँगै फाइनलमा पर्वत पुगेको घोषणा गरेकोमा पछि विवाद सिर्जना भएको थियो। विवादपछि आयोजकले आफ्नो यसअघिको निर्णय सच्याउँदै फाइनल पुग्ने टोली परिवर्तन गरेपछि पर्वतको साटो पुलिसले फाइनल खेलेको हो।

पुरुषतर्फ सहभागी ६ टोलीमध्ये समूह चरणका खेल सकिँदा गण्डकी ११ अंकसहित शीर्ष स्थानमा रह्यो। पर्वत र नेपाल पुलिसको समान १० अंक रहे पनि सेटका आधारमा पर्वतले अन्तिम दुईमा स्थान बनाएको घोषणा आयोजकले गरेका थिए। आयोजकको निर्णयविरुद्ध पुलिसले असहति जनाउँदै सेट रेसियोमा आफू अघि रहेको र आफूले फाइनल खेल्न पाउने दाबी गर्दै निवेदन दिएको थियो। पुलिसको असहमति र निवेदनपछि आयोजकसहित रेफ्री संयोजक, प्राविधिक संयोजक र प्रतियोगिता संयोजकको संयुक्त बैठकले फाइनल खेल घोषणा गर्ने क्रममा प्राविधिक त्रुटिका कारण गलत सूचनाप्रवाह हुन गएको भन्दै फाइनमा गण्डकीसँग पुलिसले प्रतिस्पर्धा गर्ने निर्णय गरेका थिए। संयुक्त बैठकपछि जारी विज्ञप्तिमा सेट रेसियोमा पुलिसअगाडि रहेको जनाउँदै फाइनलमा गण्डकी र पुलिसबिच प्रतिस्पर्धा गर्ने, सेट रेसियोमा पुलिसको १.५७, पर्वतको १.४४ रहँदा अंक रेसियोमा पुलिसको १.१६ र पर्वतको १.१३ रहेको जारी विज्ञप्तिमा उल्लेख छ।

यस सम्बन्धमा प्रतियोगिता रेफ्री संयोजक टहल सिंह थापाले भिआइएसको सानो गल्तीका कारण फाइनलमा पुग्ने टोलीको छिनोफानो गर्दा कमजोरी भएको बताए। हतार-हतारमा निर्णय गर्नुपरेकाले सामान्य प्राविधिक कमजोरीका कारण त्यस्तो हुन गयो। निर्णय गर्ने समय हामीले टोलीले हारेको सेटले जितेको सेटलाई भाग गर्दा जसको धेरै अंक आउँछ उसलाई पहिलो मानेर गर्नुपर्ने थियो, तर गर्दा कमजोरी हुनपुग्यो। समूह चरणका पुलिसले ११ सेट जित र सात सेट हार्दा पर्वतले १३ सेट जित र नौ सेट हारेको थियो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com